# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (छपन्नौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०६।०६ गते

माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई विभिन्न मितिका सभाको बैठकमा शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरू र समसामयिक विषयहरूमा सम्बोधन गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, यस सम्मानित सदनमा उपस्थित भइरहँदा २०७७ साल शुरु भएदेखि भएका बाढी पहिरो तथा प्राकृतिक प्रकोपका कारण भएको मानवीय क्षतिबाट ज्यान गुमाउनु भएका नागरिकप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । उहाँहरूका शोकसन्तप्त परिवारजनमा समवदेना व्यक्त गर्दछु र घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुख महोदय, म हाम्रो प्रदेशमा २०७७ साल शुरु भएदेखि भएका बाढीपहिरो तथा प्राकृतिक प्रकोपका कारण भएको मानवीय तथा भौतिक क्षति र प्रदेश सरकारले गरेको उद्धार तथा राहत वितरणको विवरण पेश गर्न उभिएको छु । म जिल्लागत रूपमाले यसको विवरण यहाँ प्रस्तुत गर्न उचित हुन्छ भन्ने ठान्दछु ।

सर्वप्रथम यो घटनाको शुरुवात पर्वत जिल्लाबाट भाको थियो, यो कुश्मा नगरपालिका २ दुर्लुङ र फलेवास नगरपालिका ३, शंकरपोखरी पछाडि हो । शुरुमा कुश्मा नगरपालिकाको वडा नं. २ दुर्लङबाट विपत्को घटना भएको छ । त्यहाँबाट शुरु भएको थियो । त्यहाँ दुर्लुङमा ८ जनाको मृत्यु भएको थियो । यो शंकरपोखरीपछि मैले पर्वत भन्दा । शंकरपोखरीमा १ जना, यो पनि चट्याङबाट हो । यो पछि पछिल्लो फेरि एउटा घटना घट्या छ र दुर्लुङपछि कास्की पोखराको १८, सराङकोटमा ५ जना, पोखराकै बाटुलेचौरमा १ जना, त्यसैगरी यो तालबेँसी भन्ने ठाउँमा १ जना, माछापुच्छ्रे गाउँपालिका खोराको मुख

भन्ने ठाउँमा ३ जना यसरी कास्कीमा १० जना, पर्वतमा ९ जना, कास्कीमा १० जना मैले नाम ठाउँको भनिसके । त्यसैगरी लमजुङमा ३ जना बैंसीसहरमै । तनहुँमा १३ जना । त्यो म्याग्दे, व्यास, व्यास नै, रिसिङ्ग र भानु गरेर १३ जना ।

स्याङ्जामा कालीगण्डकी गाउँपालिकामा ४ जना, गल्याङमा १ जना गरेर ५ जना । म्याग्दीमा मालिका गाउँपालिका ७ मा ८ जना । धवलागिरी गाउँपालिका ६ मा १८ जना । लघुगंगा गाउँपालिकामा १ जना र त्यहाँ बेपत्ता ४ जना गरेर निधन हुने ३०, बेपत्ता ४ छ । बागलुङमा यो रघुगंगा गाउँपालिकामा पनि ३ जना छ म्याग्दीको । बागलुङमा त धेरै ठाउँहरू छन् । जसको म सर्सती नाम भन्छु । काठेखोला ४ तंग्रागमा १ जना, बागलुङ नगरपालिका ५ मा १ जना, निसीखोला गाउँपालिका १ मा १ जना, तमानखोला गाउँपालिका २ खोलेसाङ २, निसीखोलामा २, निखीखोला वडा ३ मा १, ढोरपाटन नगरपालिका २ मा १, बढीगाड गाउँपालिका १० मा १, ढोरपाटन नगरपालिका ९ मा ३७ जना । ताराखोला गाउँपालिका ३ नम्बर वडामा १, बडिगाड गाउँपालिका १० मा १ जना, जैमिनी नपा १ मा, १ जना, जैमिनी नपा ५ मा १ जना । यसरी बागलुङमा ५२ जना । यो ढोरपाटनको ३७ कसरी छ भने २२ जनाको निधन भएको, १५ जना अझै पनि शव फेला नपरेको । यसरी ३७ जना ढोरपाटनमै हुन्छ र टोटल ५२ जना बागलुङ जिल्लामा घटना भएको, क्षति भएको । त्यस्तै बागलुङकै यहाँ १ जना जैमिनी नपा १ मा अर्को १ जना गरेर मैले अघि ५२ जना भने । यहाँ रिपोर्टमा मुस्ताङको थासाङ गाउँपालिका २ न्यारेकोटमा १ जना, नवलपरासी बुलिङटार टाँडीमा २ जना, गोर्खा गण्डकी गाउँपालिका ४ फुजेलमा १ जना, चुननुब्री ३, फाक्सा भन्ने ठाउँमा १ जना यसरी १२६ जनाको मृत्यु भएको म जानकारी गराउन चाहन्छु । र मैले बेपत्ता पनि सँगसँगै भने । यसमा यो पूर्ण क्षति घर, पूर्ण क्षतिको वितरण ठोस रूपले अझै प्राप्ति भइसकेको छैन । पटक-पटक जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेका छौं । तर त्यो अझ राम्रोसँग भरपर्दो भएर रिपोर्ट आइसक्या छैन । एउटा चाहीँ मोटो रूपमा मात्रै रिपोर्ट प्राप्त भएको छ । त्यो अनुसार बागलुङमा पूर्ण क्षति भएको १९७ घर भन्ने आएको छ । तनहुँमा अलि धेरै आएको छ । तर यो ठोस भएको रिपोर्ट होइन २४७ भनेर आएको छ त्यसको दोहोरो भेरिपाइ, दोहोरो यसको परीक्षण भएको छैन र म्याग्दीमा २२२ घर पूर्ण क्षति भएको र ३३७ घर आंशिक क्षति भएको भन्ने रिपोर्ट छ । यो पनि बाँकी छ यसकारण मैले यो विषयमा अरु चर्चा गरिन् । यस सन्दर्भमा गण्डकी प्रदेश सरकारकोतर्फबाट हामीले शुरुमा म्याग्दीको मैले अघि चर्चा गरे दुर्लुङको । दुर्लुङमा मसहित हाम्रो माननीय उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालसहित हामी त्यहाँ भोलिपल्टै राती घटना घट्यो भोलिपल्ट बिहानै हामी पुगेका थियौं । त्यहाँ हामीले तुरुन्तै सम्बोधन पनि गर्‍यौं प्रदेश सरकारकोतर्फबाट प्रतिव्यक्ति ५० हजारको दरले हाम्रो नीतिअनुसार त्यहाँ सम्बोधन गर्‍यौं । र त्यहाँ पीडितहरू समक्ष गएर हाम्रोतर्फबाट

समवेदना व्यक्त गर्ने काम गऱ्यौं । त्यसैगरी म्याग्दीको घटना घटेपछि हामीले त्यहाँ तुरुन्तै त्यसको भोलिपल्टै जान त गाह्रो भो । मौसमले साथ दिएन र त्यसको सायद तेस्रो दिन हामी हेलिकप्टर लिएरै पुग्यौं । त्यो हेलिकप्टर लिएर जानुमा हामी त्यहा हेर्न जान, निर्देशन गर्न जानु मुख्य थिएन त्यति बेला हामीले सुरक्षा कोषलाई पनि लिएर गएका थियौं मुख्य त सेनालाई उद्धारको निम्ति लिएर गएका थियौं । र उद्धार कार्यमै हामी उद्धार कार्यलाई नै अगाडि बढाउनका निम्ति हाम्रो त्यो जोड थियो । हाम्रो त्यो उद्देश्यका साथ गा थियौं । हामीले त्यहाँ राहत केही त लिएर गयौं । तर पनि मुख्य हामी फोर्स लिएर जाने काम गऱ्यौं शुरुमा । त्यहाँ म आफैं गाथिए । दोस्रोपटक मुख्यमन्त्रीज्यू जानु भो । त्यहाँ राहत सामग्रीसहित जानुभयो र तेस्रो पटक त्यहाँ चार खेप खाद्यान्न ढुवानी गर्ने हिसाबले हेलिकप्टरको व्यवस्था गरया थियो । सामाजिक मन्त्री नै त्यहाँ जानु भएको थियो । यसरी म्याग्दीमा हामीले तत्काल उद्धार र राहतको काममा हाम सक्रिय भयौं । त्यहाँका सामाजिक संघसंस्थाहरूले निकै ठूलो सहयोग गर्नुभयो र त्यहाँको तत्कालीन व्यवस्थापनको कुरा उद्धारपछि तत्काल व्यवस्था गर्नुपर्ने कुरा, तत्कालीन राहतको कुरा सामाजिक संघसंस्थाहरू, प्रदेश सरकार र स्थानीय तहसहित भएर हामीले तत्कालीन व्यवस्थापन गऱ्यौं र त्यसले गर्दा हामीले छुट्टै तत्कालीन व्यवस्थापनका लागि हामीले प्रतिघर १५ हजारका दरले दिन पर्थ्यो तर हामीले त्यो १५ हजार दिनुपर्ने आवश्यकता देखेनौं । स्थानीय तहले पनि यो आवश्यक पर्दैन भन्ने कुरा राख्नु भयो । किनभने त्यो दोहोरो तेहेरो भइसकेको छ त्यसकारण आवश्यकता पर्दैन भनेपछि हामीले के भन्यौं भने त्यसो भए अब अस्थायी टहराहरू निर्माण गर्नका निम्ति आवश्यक पर्छ भने प्रदेश सरकारले तत्काल सहयोग गर्छ भन्यौं ।

सँगसँगै घर निर्माणको कुरा म अहिले त्यो नीतिगत रूपमा यो विषयमा बताउने छु । घर निर्माणको कुरामा त्यहाँको वस्ती व्यवस्थापन लगायतका कामहरू, स्थायी घरको निर्माणको कामहरू त बाँकी नै छ । र त्यसमा प्रदेश सरकारले विशेष सहयोग गरोस्, तत्कालीन राहतको निम्ति त्यो आवश्यक पर्दैन भन्ने कुरा तर पनि तत्कालीन राहत सामग्री त हामीले लगेका थियौं । अन्यत्र जहाँ-जहाँ घटना घटे अधिकांश ठाउँहरूमा तर यहाँ धेरै बाँकी चाही म्याग्दीमै छ । म्याग्दीमै हामीले घर परिवारमा पुगेर प्रदेश सरकारकोतर्फबाट प्रतिमृतक ५० हजारका दरले दिने कुरा अझै त्यहाँ पूरा हुन सकेको छैन । किन त ? त्यहाँ समस्या के भयो भन्दाखेरी कतिपयको बुझ्ने मान्छे त्यहाँ हुनुहुन्न, कतिपय अब घाइते हुनुहुन्छ । र पनि अब त बेला भयो, हामी छिटो गएर दिन सक्छौं । जति उपलब्ध हुनुहोला अब उहाँहरूको हातमा हामीले पुऱ्याउने कोसिस गर्ने छौं प्रतिमृतक दिने राहत चाहीँ । अरु व्यस्थापन स्थानीय तह र जिल्ला प्रशासनसँग अर्थात प्रमुख जिल्ला अधिकारी जो व्यवस्थापन समितिको, जिल्ला विपत् व्यवस्थापन समितिको प्रमुख हुने हुनाले त्यहाँ समन्वय गरेर हामी गर्ने छौं । र अन्य जिल्लाहरूमा अब लमजुङमा पनि मुख्यमन्त्रीजी नै उपस्थित

भएर त्यहाँ राहत उपलब्ध गराउने काम भएको छ । गोर्खामा पनि त्यहाँ हाम्रो कृषि मन्त्री नै पुगेको बेलामा त्यहाँ रहत उपलब्ध गराउने काम भएको छ । बचेको पछिको पर्वतको दर्लुङको पनि एक जनाको बाँकी थियो । हाम्रो माननीय उद्योग पर्यटन मन्त्री गएर त्यहाँ दिने काम भाछ । अन्य जिल्लामा म आफै पुगेको छु । यसरी मुख्य कुरा हामीले प्रतिमृतक ५० हजार दिने काम अल्ली बढी गरेका छौं ।

अब केही ठाउँहरूमा टेण्टहरू, हाम्रो जिल्ला, हाम्रो प्रदेशको वार हाउस भन्छौं हामी । अब हाम्रो गोदाम घर छ । त्यहाँबाट हामीले टेन्टदेखि पाल, म्याटलगायत भाँडाकुडा आदिलगायतका सामानहरू पनि हामीले सहयोग गरेका छौं । र त्यो हामीले खासगरी त्यसको जिल्लाजिल्लामै त्यसिको केही परिमाण केही बाँकी रहोस् उहाँहरूको गोदाममा । जिल्ला विपत् व्यवस्थापन समितिको गोदाममा । केही न केही तत्कालीन रूपमा उद्धार गर्न आवश्यक पर्ने सामानहरू रहनुपर्छ भन्ने हाम्रो नीति छ त्यो अनुसार त्यहाँ खाली हुने बित्तिकै जिल्लालाई हामीले यता माग गर भन्ने गरेका छौं । र त्यो अनुसार केही पालहरू जहाँ-जहाँ आवश्यक पर्छन् त्यहाँ हामीले त्यहाँ वितरण गरेका छौं । र अब केही हामीले दिएको सामग्रीहरूको विवरण भन्न चाहन्छु । हामीले पाल र त्रिपाल टेन्ट भनेर यो घर नै निर्माण गर्ने खालको टेन्ट र पालहरू गरेर ४२२ थान हामीले वितरण गरेका रहेछौं यस पटक हामी आफैँ उपस्थित भएर । अर्को यो रोटरी क्लबबाट यो अट्टाबक्स भन्ने यो छत्तीस सय अस्ती बाग्लुङमा हामीले लगिदियौं । उहाँहरूले हामीलाई दिनु भा थियो । त्यो सामान हामीले पुरयाइदिएका छौं । म्याग्दीको मालिका, धवलागिरी, मंगला आदिमा हामीले खाद्यान्न पनि वितरण गऱ्यौं । त्यो ५ लाख ८९ हजार २७० बराबरको त्यसमा चामल, नुन, तेल, चाउचाउलगायतका बिस्कुटहरू आदि र चिउरा गरेर त्यति सामान हामीले त्यहाँ बाढ्यौं ।

अर्को यो केयर नेपालबाट प्राप्त भएको म्याग्दीमा वितरण भाछ । त्यो बेसिक सेल्टर किट ५० सेट । यसमा म्याट्रेस, त्रिपाल, झोला आदि सामग्रीहरू हुन्छन् । डिग्नीटी किट १५० सेट यसमा कपडाहरू हुन्छन् । कपडाहरूको सेट हो यो । अब यसरी दिएको छ भने हामी जिल्ला विपत् व्यवस्थापन समितिलाई मनाङ र मुस्ताङमा दुई-दुई लाख र अरु जिल्लामा १०-१० लाख । त्यहाँ घटना भए पनि नभए नि त्यहाँ रहोस् भन्ने हिसाबले त्यहाँ पठाएका थियौं । तर यो बाग्लुङमा निकै ठूलो घटना घट्यो र त्यहाँ पुग्दैन भनेपछि थप ४० लाख हामीले बाग्लुङ पठाइसकेका छौं । यसरी अहिलेको यो विपत्को व्यवस्थापनको काममा हामी यसरी लागेका छौं । यस सन्दर्भमा मैले यति चर्चा गरेर भन्नै चाहेको नीतिगत कुराहरू यहाँहरूले गण्डकी प्रदेश सरकारले विपत् व्यवस्थापन नियमावली पारित गरेको छ र यो राजपत्रमा प्रकाशित छ । यहाँहरूले यसलाई प्राप्त गर्न सक्नुहुनेछ । जे होस् यो मूख्य कुराहरू म यहाँ राख्न चाहन्छु ।

कि हामीले प्रति मृतक ५० हजार यो संघ सरकारले अहिले २ लाख बनायो । २ लाख बनायो तर एउटा मात्रै एउटा घरमा एक जनाको मृत्यु भयो भने २ लाख तर अर्को एकजना थप्पियो भने त्यतिबेला एक लाख । पहिलो मृतकलाई २ लाख बनायो र त्यो अनुसार हाम्रो पनि छलफल चल्यो कि, हामीले ५० हजारबाट बढाउने कि ? भन्ने कुरा भयो हामीले नबढाउने निर्णय गऱ्यौं । किनभने आखिर जहाँबाट दिए पनि राष्ट्रिय ढिकुटीबाटै जाने हुनाले त्यो ५० हजार ठीकै छ बरु अन्य पक्षमा हाम्रो जोड हुनुपऱ्यो भन्ने भन्ने हिसाबले हामीले त्यो अनुसारको नीति नियमावली बनाएका छौं । त्यो अनुसार प्रति मृतक ५० हजार नै कायम गरेका छौं । तत्कालीन व्यवस्थापनको निम्ति अब खाद्यान्न, लत्ताकपडालगायत सम्पूर्ण क्षति भयो, घर पूर्ण क्षति भयो भने त्यस्तो अवस्थामा तत्कालीन व्यवस्थापन गर्न १५ हजार भनेका छौं । त्यो १५ हजार अब मैले अघि चर्चा गरिसकेँ म्याग्दी, बाग्लुङको सन्दर्भमा । तत्कालको त्यो व्यवस्थापन तपाईंहरूले गर्न परेन भन्ने कुरा भा हुनाले हामीले त्यो १५ हजारको कुरा त्यहाँ कार्यान्वयन गरेनौं । तर कतिपय ठाउँमा गर्नुपर्ने हुन्छ । हाम्रो नियमावलीले त्यसलाई पनि दिया छ ।

अर्को कुरा घर पूर्ण क्षति भयो र अस्थायी व्यवस्थापन गर्न पऱ्यो नयाँ घर बनाउन त समय लाग्छ । स्थायी घर बनाउन त समय लाग्छ, त्यस्तो अवस्थामा प्रति घर २५ हजारको दरले सहयोग गर्ने हामीले नियमावलीमा व्यवस्था गरेका छौं । त्यसरी नै घर पूर्ण क्षति भयो र उहाँको आफ्नै जग्गा छ, उहाँको जग्गा सुरक्षित पनि छ, त्यहाँ उहाँले घर बनाउनु भयो भने संघ सरकारले एक लाख दिने भनेको छ । त्यसमा त्यो एक लाखले पुग्दैन, त्यहीँ हामीले सपोर्ट गर्नुपर्छ भनेर त्यहाँ हामीले १ लाख थप्ने भन्ने हामीले नियमावलीमा व्यवस्था गरेका छौं । अर्को पूर्ण बस्ती नै पूर्ण क्षति भयो र उहाँको घर पूर्ण क्षति भयो र उहाँका आफन्तहरूको जग्गा पनि छैन । त्यस्ता व्यक्तिहरूलाईसमेत व्यवस्थापन गर्न जरुरी हुन्छ । पुरै बस्ती सखाप भएको अवस्थामा पनि र एक्लाएक्लै जस्तो घर रहे तर उहाँको आफ्नो जग्गा छैन भने स्थानीय तहले एउटा सुरक्षित जग्गा उपलब्ध गराउने काम स्थानीय तहले नै गर्नुपर्दछ र त्यहाँ घर निर्माण गर्नका निम्ति संघ सरकारले ३ लाख भूकम्पको मापदण्डअनुसार ३ लाख दिनु भनेको हो । त्यसमा त्यो ३ लाखले पुग्दैन त्यसकारण जति आवश्यक पर्छ । त्यति चाही प्रदेश सरकारले दिनुपर्छ भनेर हामीले नियमावलीमा व्यवस्था गरेका छौं । र सँगसँगै यो औषधि उपचारको कुरा पनि छ । यो औषधि उपचारमा अल्ली समस्या भाछ अहिलेलाई । सरकारी अस्पतालमा जाँदा त समस्या पर्दैनथ्यो । तर त्यो सरकारी अस्पतालमा विपत्को घटना घटेको अवस्थामा जुन अस्पताल नजिक भेटिन्छ त्यसमा जाने कुरा हुन्छ । हामीलाई त्यो भुक्तानीको अब अल्ली समस्या हुँदोरहेछ प्राइभेट हस्पिटलमा जाँदा र पनि हामीले नीति के बनाएका छौं भने अब उहाँको बिल र प्राइभेट हस्पिटलको त आधा तिर्ने भनेका छौं । त्यो मध्ये बढीमा ५० हजारसम्म प्रदेश सरकारले

दिने अर्थात् बिलको आधार घटी हुन्छ कि दुईटामध्ये कुन घटी हुन्छ त्यो दिने भनेको बढीमा ५० हजारसम्म दिने औषधि उपचारमा भनेर भन्या छौं हामीले । सबै दिन नसकिने अवस्था भयो अहिलेको अवस्था जुन अहिले देखा पऱ्यो, मैले यति मात्रै चर्चा गर्न चाहे । अहिले यति ठूलो क्षति भयो गण्डकी प्रदेशमा, यो निकै ठूलो क्षति हामीले व्यहोर्नु पऱ्यो । यस्तै हुने हो भने हामीले अब विपत्को कोष निकै ठूलो बनाउनु पर्छ तर अहिले प्रदेश सरकारले निर्णय गरेको छ । पहिला-पहिला हामीले विपत् कोषमा प्रत्येक वर्ष एक-एक करोड रूपैयाँ व्यवस्था गर्दै जाने नीति थियो । र अहिले हामीले ५ करोड नघट्ने गरी व्यवस्थापन गर्ने गरी प्रदेश सरकारको नीति पनि भएको कुरा अहिलेको यो घटनाले हामीलाई पाठ सिकायो र हामीलाई यो नीति परिवर्तन गरेको कुरा पनि म यहाँ जानकारी गराएर आफ्नो भनाइ यहीँ टुङ्ग्याछु हवस् धन्यवाद ।

माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असोज ५ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते प्रस्तुत भएको गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद !

अब म उक्त प्रस्तावलाई निणयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरूको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आ-आफ्नो भनाइहरू राख्न अनुरोध गर्दछु ।

**सर्वथप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो सम्मानित बैठकमा गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ को सन्दर्भमा छलफलमा भाग लिन लागिरहेका छौं । लामो समय सन्दर्भ भएको हुनाले विषय प्रवेश गर्नुभन्दा अगाडि यो बीचमा गण्डकी प्रदेशमा धेरै ठाउँमा बाढीपहिरोमा धेरै व्यक्तिहरूको निधन भएको छ । कोरोना संक्रमणबाट पनि धेरै व्यक्तिहरूको निधन भएको छ । उहाँहरू सबैप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । बाढी पहिरोमा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

माननीय सभामुखज्यू, गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ नेपालको संविधान धारा ५७ को उपधारा २ बमोजिम प्रदेश सभा अन्तर्गत अनुसूची ६ मा प्रहरी, प्रशासन र शान्ति सुरक्षाको विषय उल्लेख भएको पाइन्छ । यसलाई गण्डकी प्रदेश सरकारले जुन विधेयकमा उल्लेख गरेको छ त्यसमा अझ प्रस्तावनामा अझ महत्वका साथ त्यसलाई लएको छ । संविधान प्रद्धत मौलिक हक र मानवअधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति र व्यवस्था कायम गर्न, अपराधको नियन्त्रण, रोकथाम र अनुसन्धान गर्न तथा कानून कार्यान्वयन गर्नका लागि गण्डकी प्रदेश प्रहरीको गठन, सञ्चालन र समन्वय गर्ने सम्बन्धमा कानूनी व्यवस्थाका लागि यो विधेयक व्यवस्था गरिएको छ भनिएको छ । म यस सन्दर्भमा सबैभन्दा पहिला गण्डकी प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । आन्तरिक मामला मन्त्रालय र त्यहाँको माननीय मन्त्रीज्यूसहित आन्तरिक मामला मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु । वास्तवमा हामीले प्रहरी प्रशासन विनाको सरकार सरकारै होइन भन्ने जुन अनुभव, अनुभूति हामीले गरिरहेका छौं । त्यो नहुँदासम्म वास्तवमा सरकार त छ तर खुट्टा टेकेर हिँडेको सरकार छैन कि ? भन्ने खालको मान्छेलाई अनुभव भइरहेको सन्दर्भमा प्रहरी विधेयक बनाएर अत्यन्त मेहनतका साथ यो प्रहरी विधेयक जुन सरकारले अगाडि सारेको छ । सबभन्दा पहिला त यो विधेयक तयारीको निम्ति प्रस्तुतिको निम्ति सरकारलाई धन्यवाद दिन चाहन्छु । वास्तवमा यो विधेयकको व्यवस्थाले संघीयताको कार्यान्वयनका निम्ति महत्वपूर्ण फड्को मार्ने छ, हुने छ । यसले प्रदेश सरकारलाई बलियो बनाउँछ । प्रदेश सरकारसँग जनतालाई जोड्छ र सरकारको उपस्थिति जनाउँछ । यो विधेयक परम्परागत रूपले पहिला-पहिला जस्तो प्रहरीहरूको अरु विधेयक जसरी आउँछ । भनाइ छ मान्छेहरूको संघले जे पठायो, ड्राफ्ट पठायो त्यही ड्राफ्ट न आउने हो यहाँ फुलिस्टप, कमा कुनै परिवर्तन हुँदैन भन्ने पनि मान्छेहरूको बुझाइ, मनोविज्ञान पनि थियो । तर यो विधेयकमा त्यस्तो छैन । यो विधेयकले परम्परागत कुरालाई निरन्तरता दिने कुरा मात्र होइन, अलि नयाँ कुरा, नयाँ संरचना, नयाँ सोच, नयाँ दृष्टिकोण, नयाँ काम र व्यवहारलाई अगाडि ल्याउन कोसिस गऱ्या छ । यसको अर्थ के हो भने परम्परागत कुराहरू

करिब करिब छन् होला तर आधुनिक प्रहरी बनाउने प्रहरीको संगठन आधुनिक-आधुनिक बनाउने, प्रहरीको सोच, दृष्टिकोणलाई फेर्ने, प्रहरीका काम, कार्यशैलीहरू फेर्ने, जनतासँग प्रहरीबीटसँगको सम्बन्धलाई आधुनिक बनाउने । जनता, जनप्रक्षीय बनाउने, जनउत्तरदायी बनाउने, त्यो हिसाबले एउटा परम्परागत हिसाबले मात्र होइन, सुरक्षा क्षेत्रको सुधारको निम्ति स्पष्ट अनुभूति दिलाउने गरी यो विधेयक आएको छ । त्यसको अनुभूति कहाँ नेर झल्किन्छ, प्रहरी प्रणाली, प्रहरी समूह, प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार, प्रहरीको बढुवा र नियुक्तिमा विशेष खालका व्यवस्थाहरू भएको कारणले गर्दा पनि यसमा केही विशेष छ, अरुभन्दा फरक छ तर पुरानो भन्दा फरक छ भन्ने देखिन्छ त्यतिमात्र होइन, प्रहरीको आचरण सम्बन्धी कुरा पनि विधेयकमै उल्लेख छ । प्रहरी प्रदेश प्रहरी हुनका लागि के-के आचारण व्यवहार गर्नुपर्छ भनेर एक, दुई, तीन, चार भनेर व्यवहारिक आचारण पनि विधेयकमा उल्लेख गर्ने कुराले हामीले आधुनिक प्रहरी बनाउन खोज्या हौं । सक्षम प्रहरी बनाउन खोज्या हौँ । र अहिलेको आवश्यकतानुसारको प्रहरी बनाउन खोज्या हौं भन्ने कुरो स्पष्ट झल्काउँछ । यसमा पहिला-पहिला व्यवस्था कायम भएको हुन त भएको प्रभावकारी कार्यान्वयन नभएको, कम भएको कुरालाई, तालिमको विषयलाई विशेष जोड दिएर, तालिमलाई त्यसलाई प्रभावकारी बनाउने हिसाबले कही यसमा जोड दिएको कुराले पनि हामीले आधुनिक प्रहरी बनाउन खोजेका रहेछौं भन्ने देखिन्छ । खासगरी अहिले हाम्रो बीचमा बुझाइ मनोविज्ञान के छ भने पहिला-पहिला पञ्चको पुलिस, पञ्चायतको पुलिस, राजाको पुलिस भन्ने चलन थियो र पुलिस र जनताबीच द्वन्द्व थियो । पुलिस दख्ने बित्तिकै जनताले कुट्ने, जनतालाई देख्ने बित्तिकै कुट्न पर्ने यी पञ्च विरोधी हुन्, पञ्चायत विरोधी हुन भन्ने थियो । बहुदल आएपछि पनि प्रहरीको बारेमा त्यति राम्रो दृष्टिकोण फेरिएन । जनतासँग समन्वय र विकास गर्ने ढंगले, सुसम्बन्ध राख्ने ढंगले त्यो खालको नीति, त्यो खालको व्यवहारलाई तालिम प्रशिक्षणको माध्यमबाट उनीहरूलाई सूचीत गर्ने काम भएन । अहिले यो विधेयकले नयाँ कुरा संघले भनेको भन्दा पनि नयाँ कुरा यसले के दिएको छ भने अहिले उहाँहरूलाई अहिलेको आवश्यकतानुसारको तालिम दिनुपर्दछ । अहिलेको आवश्यकतानुसारको पुलिस बनाउनु पर्दछ । सोच दृष्टिकोण, आचरण, व्यवहार, शैली हरेक कुराले जनताको पुलिस हो यो, यो हाम्रो पुलिस हो, यो हाम्रो लागि हो, जनताको लागि बनाएको पुलिस हो, राष्ट्रका लागि बनाएको पुलिस हो भनेर बुझ्ने बुझाउने हिसाबले त्यो तालिम दिने, त्यो ढंगले बुझाउने गरी यो तयार भएको हामी देख्छौं । त्यसकारणले यो अति उपयुक्त छ, राम्रो छ भन्ने मलाई लागेको छ । यस्तै पहिला पहिलाका कुराहरूमा पुलिसले जे गऱ्यो गऱ्यो । अब जनताले जे गरे-गरे । द्वन्द्व भइरहनी, झगडा भइरहनी तर त्यसको समाधान नगर्नी, समाधान गर्ने कुनै उपाय पनि नखोज्ने, संघ सरकारको कुनै तहले पनि नगर्ने, विदेशतिर गएको नयाँ अनुभवले पनि केही कुरा सिकायो भने प्रहरीको पनि कमजोरी

हुन सक्छ अथवा प्रहरीका पनि समस्या हुनसक्छन् । जनताका पनि गुनासाहरू हुन सक्छन् । जनताका गुनासा र प्रहरीका समस्या बुझ्नका लागि पनि नागरिक सरोकार समिति जस्तो एउटा महत्वपूर्ण अङ्ग बनाएर जनताका समस्या सुन्नी र प्रहरीका गुनासा सुन्नी, जनताका समस्या पनि सुन्नी ती कुराहरू प्रदेश सरकारमार्फत समाधान गर्ने जस्तो खालको एउटा महत्वपूर्ण एजेन्डा पनि त्यहाँ रहेको हामीले पाउँछौं । त्यसले गर्दा खेरी पनि अब हिजोको जस्तो होइन । परम्परागत खालको होइन, नयाँ ढंगको पुलिस, नयाँ ढंगको संरचना व्यवस्था छ वर्षौंसम्म प्रमोशन हुन नपाउने, १५ औं वर्ष २० वर्ष एकै पदमा बसिरहनुपर्ने । प्रमोशन गर्न कहाँ गएर भन्ने, कसलाई भन्ने ? सोर्सफोर्सको कुरा भए हुने नभए नहुने, सोर्सफोर्सको आधारमा पहुँचको आधारमा राम्रो ठाउँमा सरुवा हुन जान पाउने, दुर्गमबाट सुगममा आउन पाउने, बढी पैसा पाउने जुन परम्परा थियो त्योलाई हटाएर पहुँचको आधारमा होइन, योग्यता, क्षमताका आधारमा, उसले देखाएको पफर्मेन्सको आधारमा अझ अगाडि बढाउनुपर्छ र प्रमोशन पनि गराउनुपर्छ भन्ने जुन तरिका अपनाएको छ । यो एकदम उपयुक्त कुराहरू यसमा ल्याएको छ भन्ने मलाई लाग्छ । यसको निम्ति म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु ।

यस्तै हाम्रो बुझाई के भो हाम्रो त्यो पोहोर साल कि परार साल भदौ १ गते लागू हुने गरी देवानी र फौजदारी ऐन परवर्तन भयो । वर्षौंदेखि २०, २१ सालदेखिको ऐन हामीले कार्यान्वयन गरिरहेका छौ अहिलेसम्म । व्यवस्था परिवर्तन भयो, गणतन्त्र आयो, संघीयता आयो, धर्म निरपेक्षता आयो भनेका छौं तर हाम्रो ऐन पञ्चायतकालको, राणाकालको, देवानी, फौजदारी ऐन चाहि पोहोर साल परार साल भदौ १ गतेदेखिबाट लागू हुने गरी चेन्ज गऱ्यौं । अहिले पनि प्रहरीसँग सम्बन्धित ऐनहरू पुरानै छन् । कोही पञ्चायतकालका, कोही पञ्चायत भन्दा अझै जेठा प्रहरी ऐनहरू छन् । त्यही प्रहरी ऐनका आधारमा नियमावली बनाउँदै काम गर्दै गरेको अवस्था छ । हामीले त्यो ऐनलाई परिवर्तन गर्ने सोचेनौं । आज पनि त्यसैको फोटोकपी गरेर ऐन बनाउने र त्यही ऐनको आधारमा संगठन चलाउने, हाम्रो देशको अनुकूल, हाम्रो देशको संरचना अनुकूल, हाम्रो देशको मौलिकतानुसार हामीले नियम कानून बनाउने काम भएनन् विगतमा । अर्काको फोटोकपी गर्ने त्यही आधारमा फलानो देशमा भारतमा यसरी प्रहरी चलाएको छ, अमेरिकामा यसरी प्रहरी चलाएको छ । फलानो देशमा यसरी प्रहरी चलेको रहेछ । नियम त्यस्तै रहेछ । नियमावली त्यस्तै रहेछ भनेर अर्काको देशको फोटाकपी गरेर चल्ने परम्परा विगतमा भयो । त्यसैलाई हाम्रो देशको अनुसार हुँदैन । हाम्रो देशको मौलिकताको आधारमा, हाम्रो देशको आवश्यकताको आधारमा यहाँ नियमावली बनाउनुपर्छ । औपनिवेशिक प्रहरीको आधारमा होइन, हामीले हाम्रो प्रहरी, जनउत्तरदायी प्रहरी, हाम्रो प्रहरी, जनताको प्रहरी बनाउने हिसाबले हामीले उनीहरूलाई शिक्षित गर्नुपर्छ, त्यही अनुसार बनाउनुपर्छ भनेर त्यस्तो

व्यवस्था अहिलेको प्रहरीसम्बन्धी समस्याको समाधानको व्यवस्था अहिले गरेको छ । त्यसको ठाउँमा आधुनिक, नागरिकप्रति जनमुखी, नागरिकप्रति उत्तरदायी र साधन सम्पन्न प्रहरीको संगठन निर्माण गर्ने कुरा गरेका छौं ।

हामी गाउँघरमा जाँदा देख्छौं । प्रहरी सबभन्दा राम्रो प्रहरीको अवस्था के छ भने पानी चुहिएको घर, प्रहरीले बस्ने घर पानी चुहिएको । सबभन्दा अप्ठ्यारो ठाउँ कहाँ छ त्यहाँ प्रहरीलाई राखिदिने । पानी चुहिएको घरमा प्रहरीलाई राखिदिने । साधन श्रोतहरू मोटरसाइकल पनि नदिने, एउटा लठ्ठीको भरमा त्यहाँ सुरक्षा व्यवस्था गर्नुपर्ने, तीनजना-पाँचजना मात्रै प्रहरी राखिदिने । हवल्दार सापको नेतृत्वमा प्रहरी राखिदिने सुरक्षा भएन भनेर हामीले प्रश्न उठाउने । हाम्रो मनोविज्ञान कहिल्यै परिवर्तन भएन । हामीले राजनीतिक व्यवस्था परिवर्तन गऱ्यौं, आन्दोलन गऱ्यौं, संघर्ष गऱ्यौँ दुनियाँ गऱ्यौं । तर हाम्ले हाम्रो अवस्था के छ ? व्यवस्था परिवर्तन भएसम्म अवस्था के छ ? परिस्थिति के छ भन्ने कुरो परिवर्तन गर्न सकेनौं । पुरानै सोच, पुरानै दृष्टिकोणको आधारमा हामीले काम गर्दै आयौं । अहिले अबको परस्थितिमा उहाँहरूलाई त्यसरी होइन, साधन सम्पन्न बनाउनु पर्दछ । उहाँहरूलाई बस्ने ठाउँको राम्रो व्यवस्था, साधन श्रोतको राम्रो व्यवस्था, हातहतियारका हिसाबले पनि राम्रो व्यवस्था गरेर वास्तवमा दुष्मनी होइन, पुलिससँग जनताको दुष्मन होइन, राज्यको दुष्मन होइन, पुलिस भनेको जनताको सेवक हो, जनताको साथी हो, नागरिकमैत्री हिसाबले जनता र पुलिस भनेको एक अर्काको नङ र मासु हो । यो राज्यको पनि महत्वपूर्ण अंग हो । प्रहरी प्रशासन भए न राज्य हुन्छ । प्रहरी प्रशासन नभए राज्य हुँदैन । तपाईंसँग प्रहरी प्रशासन भएन भने कसैलाई गिरफ्तार गर्न पनि सक्नु हुन्न, कारवाही गर्न पनि सक्नु हुन्न, जनधन जोगाउनै सक्नुहुन्न, प्रदेश सरकार छ एउटालाई पकड भन्दा पकड्न पाउनु हुन्न । कसैले अपराध गऱ्यो, गाँजा बोक्यो, के बोक्यो त्यसलाई कारवाही गर, पक्राउ गर भन्यो पक्राउ गर्न सक्नु हुन्न । अनि प्रदेश सरकार भनेर हातहतियार केही पनि छैन । अधिकार नभएको प्रदेश सरकार । गरिब भन्छन् त्यो नभएको कारणले प्रदेश सरकारलाई हटाउन पऱ्यो पनि भन्छन् । कसैले त्यसै निजी दिएको त होइन, हामीले त आन्दोलन गरेर ल्याएको हो । संघ, प्रदेश, स्थानीय तह भनेको आन्दोलन गरेर, संघर्ष गरेर प्राप्त भएको उपलब्धि हो । नेपालको संविधानले व्यवस्था गरेको कुरा हो । संघीयता भए प्रदेश रहेन संघीयता छ । प्रदेशलाई व्यवहारिक रूपमा कार्यान्वयन गरे नै संघीयता छ । प्रदेश छैन भने विकेन्द्रीकरणको कुरा मात्र हो, संघीयता हुँदैन त्यसकारण प्रदेशलाई प्रभावकारी बनाउन आवश्यक छ । प्रदेशलाई प्रभावकारी बनाउनका निम्ति प्रहरी प्रशासनसहितको सरकार आवश्यक छ । प्रदेश सरकार प्रहरी प्रशासन भएको सरकार हुन आवश्यक छ र यो दण्ड र पुरस्कार दिने व्यवस्था आवश्यक छ । अहिले जुन आन्तरिक मामला मन्त्रालय खास गरी प्रदेश सरकारले जुन यो प्रहरी प्रशासनको विधेयक ल्याएको छ,

प्रहरीको विधेयक ल्याएको छ । यसले अबका दिनमा दण्ड र पुरस्कारको व्यवस्था, जनताको सुरक्षा, जीउधनको सुरक्षा, हाम्रा प्रदेश भरीका सम्पत्तिको सुरक्षा, सार्वजनिक सम्पत्तिको सुरक्षा, हाम्रा ऐतिहासिक स्थलहरू, धार्मिक स्थलहरू, अरु धेरै त्यस्ता पर्यटकीय स्थलहरू धेरैको सुरक्षा हुने अवस्था बन्न सक्छ । उहाँ उहाँ विदेशमा उल्लेख गर्नु भएको छ । विदेशमा प्रहरी हुन्छ, जनपथ प्रहरी हुन्छ, सशस्त्र प्रहरी हुन्छ अरु विभिन्न खालका प्रहरी हुन्छन् । मलाई विश्वास छ अबका दिनमा ती खालका समस्या, ती खालका अन्यौलहरू हटने छन् र आगामी दिनमा प्रहरी प्रशासन भएको सरकार र गण्डकी प्रदेश सरकार नमूनालायक सरकार बन्ने छ भन्ने कुरमा मेरो विश्वास छ । मेरो दल र मेरोतर्फबाटसमेत समर्थन जनाउन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, आज हामी लगभग १ महिनाको अन्तरालमा प्रदेश सभा यस सम्मानित सदनमा उपस्थित भएका छौँ यो बीचमा हाम्रो प्रदेशभित्र पर्वतबाट शुरु भएर बाग्लुङ, कास्की, तनहुँ, स्याङ्जामा धेरै ठूलो प्राकृतिक प्रकोपबाट क्षति भएको छ । धेरै जनाले ज्यान गुमाउनु भएको छ । ज्यान गुमाउने धेरै प्रदेशवासीहरूलाई हार्दिक समवेदना, जो घाइते भएर अहिले पनि उपचारमा हुनुहुन्छ, उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै क्षतिवक्षत भएका उहाँका संरचनाहरूको तत्काल पुर्नसंरचना होस् भन्ने नेपाली काँग्रेसकोतर्फबाट यो प्रदेश सभामार्फत गण्डकी प्रदेश सरकारसँग माग गर्दै आजको जुन हामीले एउटा गण्डकी प्रदेश प्रहरी सम्बन्धमा बनेको व्यवस्थाका विषयमा सैद्धान्तिक छलफलमा छौं त्यसतिर म प्रवेश गर्न चाहन्छु ।

हो, हामीले धेरै ठूलो आन्दोलन गरेर संघीयता लागू गऱ्यौं, तीन तहको सरकार अहिले आफ्नो कामहरू गर्ने सिलसिलामा अगाडि बढिरहेको छ । यो सिलसिलामा हामीले हामीलाई आवश्यक पर्ने धेरै कानूनहरू, धेरै नियमहरू बनाउँदै गयौं । तथापि हाम्रो सरकारको औचित्य पूरा गर्नको लागि आफ्नै सुरक्षा निकाय चाहिँदो रहेछ । यो कुनै पनि सरकारलाई सफल बनाउने कि नबनाउने भन्ने कुरा यो कुरासँग निहित जुन एउटा शान्ति सुरक्षा जसले जनताको जीउधनको सुरक्षा मात्र होइन, कानूनलाई, व्यवहारलाई र संस्कृतिहरूलाई अक्षरस पालना गराउनको लागि जनतालाई, जनतासँग मिलेर अगाडि बढ्न पथ्यो र पर्छ त्यो कुरामा हाम्रो आफ्नै नहुँदा हामीजे त्यसको लोयलटी नहुँदा हामी अझै जति चाहेका थियौं । जति सोचेका थियौं, जति आस गरिएको थियो, त्यति सम्भव नभएको हो भन्ने हिसाबले जुन प्रदेश सरकारले यो विधेयक ल्याएको छ । ल्याउने उपयुक्त टाइम पहिल्यै थियो, ढिलो गरी ल्याएको छ । राम्रो गरेको छ । तर यसमा ल्याउँदै गर्दा, काम गर्दै

जाँदा गल्ती कमजोरीहरू होलान, लेख्दै गर्दा शब्दहरू छुटेका होलान् त्यसलाई पनि समावेश गरेर सबै विज्ञहरूको, सबै माननीयज्यूहरूको, सबै सरोकारवालाहरूलाई अझै घनिभूत रूपमा छलफल गरेर फेरि हामीले ल्याएका दस्तावेजहरू निकम्मा नहोस्, जसले हामीले जो उद्देश्यका लागि  यो दस्तावेज ल्याएका छौं । त्यसको पूर्ण सफलता गर्नका लागि कुनै पनि कोणहरूले छेकबार नगरोस् भन्ने हिसाबले हामीले त्यसलाई अध्ययन गऱ्यौं र कति कुराहरू कमि कमजोरीहरू होलान् त्यसलाई म व्यक्तिगत र मेरो दलकोतर्फबाट केही सुझावहरू प्रस्तुत गर्न    चाहन्छु ।

सभामुख महोदय, यो विधेयकमा केन्द्रीय प्रहरी सुपरिवेक्षण र प्रदेश प्रहरीको क्षेत्राधिकार विषयमा केही अन्यौलताहरू देखिएको छ । केन्द्रीय प्रहरी सुपरिवेक्षण र प्रदेश प्रहरी सुपरिवेक्षणमा स्पष्ट रूपमा लेखिएन भने यो हामीले जुन प्रदेशमा र प्रदेशको जनताहरूलाई प्रदेशको सरकारले गर्न खोजेका कामहरूमा प्रदेशप्रहरीहरू या केन्द्रीय प्रहरीहरू या केन्द्रीय मन्त्रालयसँग उनीहरूको कतै न कतै गठजोड हुनुपर्ने, कतै न कतै उहाँहरूले केन्द्रको आशा वा भरोसा गर्नुपर्ने स्थिति आयो भने फेरि पनि प्रदेश सरकारलाई जसरी अहिले केही व्यक्तिहरू, केही संस्थाहरूले प्रदेश आवश्यक छैन, प्रदेशको औचित्य समाप्त भइसक्यो । प्रदेशले कुनै पनि काम गर्न सकेन भन्ने साथीहरूलाई फेरि माथि नै बसेर अँध्यारो कोठाबाट त्यसलाई असहयोगको वातावरण सिर्जना गर्न सक्ने एउटा कतै न कतै कुना भएको हुनाले यसलाई पनि स्पष्ट रूपमा व्याख्या गरिनुपर्छ भन्ने मलाई लाग्दछ । कसैलाई काम गर्न पठाइसकेपछि उसलाई मैले यो काम इमान्दारिताका साथ सक्षमताका साथ काम गऱ्यो भने मैले पुरस्कार पनि पाउँछु र मलाई आदेश गरेका चिजहरूमा मेरा अधिकार क्षेत्रहरूलाई मैले कुन्ठित गरेर जनतालाई दुःख दिन थालें भने मैले सजाय पनि पाउँछु भन्ने यहसास दिलाउनका लागि सर्वप्रथम उसलाई मनोवैज्ञानिक रूपमा आत्मैदेखि तयार गराउनका लागि विभिन्न तालिमहरूको व्यवस्था गराउनु पर्दछ । त्यसलाई सक्षम बनाउने बाटोमा आफै प्रदेश सरकारले अग्रसरता लिएर प्रदेशमा खट्ने ती सुरक्षाकर्मीहरूलाई, ती कर्मचारीहरूलाई हामीले तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ लेखिएको छ । त्यति स्पष्ट ढंगबाट प्रदेश सरकारले नै गर्ने भन्ने नदेखिएको कारणले यसमा कुनै भाषाहरू सञ्याउन पर्ने देख्दछु ।  अर्को कुरा कुनै पनि घटना परिघटना घट्दा सीधै जनपथ प्रहरीहरू, सशस्त्र प्रहरीहरूले त्यसलाई पत्ता लगाउने, अनुसन्धान गर्ने कुरा नहुने भएको हुनाले केन्द्रमा जसरी केन्द्रीय अनुसन्धान व्यूरो छ, त्यस्तै प्रदेशमा पनि त्यही किसिमको व्यूरोहरूलाई परिचालन गरेर कुनै घटना घटेको ठाउँमा, घटन खोजिएको ठाउँमा त्यस्ता कुराहरूलाई पत्ता लगाउनका लागि केन्द्रीय व्यूरोको पनि आवश्यकता पर्ने भएको हुनाले त्यो स्पष्ट हुन जरुरी छ । प्रदेश प्रहरीमा हामीले अहिलेको यो विधेयक अनुसार एसपीसम्म राख्ने भनेका छौं । ती एसपीसम्म भएका प्रहरीहरू जो जवानदेखि एसपीसम्मका हुन्छन्, उनीहरूलाई हामीले विदेशमा पाउने विभिन्न

कोटाहरू चहे त्यो तालिमका लागि होस्, चाहे त्यो अध्ययनका लागि होस्, चाहे त्यो अन्तर्राष्ट्रिय गोष्ठीहरू होस्, त्यहाँ कुनै शान्ति सुरक्षाका लागि खटाइने ठाउँहरूमा प्रदेशमा खटिएका प्रहरीहरू त्यहाँ जान पाउने कि नपाउने भन्ने कुरा यहाँ उल्लेख गरिएको छैन । यदि त्यो उल्लेख गरिएन भने केन्द्रमा हुने प्रहरीहरू त्यहाँ जाने, उहाँहरूले त्यो सुविधा उपभोग गर्न पाउने तर प्रदेशमा भएकाहरूले त्यो उपभोग गर्न नपाउँदा उहाँहरूको मनोबल घट्ने र जसरी उहाँहरू उत्साहित भएर प्रदेशको नियम कानून र प्रदेशको जनताहरूलाई आफ्नो जनता मुस्कानसहितको प्रहरी भन्ने जुन केन्द्रको थियो त्यस्तै प्रदेशमा पनि जनता र प्रहरी एउटै भन्ने खालका वातावरण सिर्जना गर्नका लागि उहाँहरूलाई कुनै न कुनै तपाईंहरूले राम्रो काम गर्नुभयो भने, तपाईंहरू सक्षम हुनुभयो भने, तपाईंहरू तालिम गोष्ठी र शान्ति सुरक्षाको कुनै पनि मिसनमा जानका लागि तपाईंहरूलाई रोकावट हुँदैन, तपाईंहरूको कार्यदक्षता र तपाईंहरूको आवश्यकता तपाईंहरूले देखाएको भूमिकाका आधारमा जान सक्नुहुनेछ भन्ने एउटा नीतिगत निर्णय त्यहाँ आयो भने उहाँहरू पनि उत्साहित भएर जाग्नुहुनेछ भन्ने मलाई लाग्दछ ।

अर्को सबभन्दा ठूलो कुरा हामी अहिले पनि पुरानो ढर्राबाट चलेका छौं । हाम्रो विभिन्न नियमहरू अहिले पनि १० सालदेखि १९ साल र २१ साल, २८ सालसम्मनका छन् । हामीले यहाँ भन्यौं प्रदेशको प्रमुख एसपी हुनेछ । त्यो एसपीलाई कल्ले नियुक्ति गर्ने छ ? त्यो एसपीलाई कसले सरुवा गरेर पठाउने छ ? यदि त्यो अधिकार प्रदेश सरकारसँग नै छैन भने प्रदेशको गृहमन्त्रीज्यूलाई त्यो प्रदेशको एसपीले किन मान्छ ? किन भने भोलि ऊ एसएसपी हुन खोज्ला, भोलि ऊ डिआइजी हुनुपर्ला या अन्य ठाउँमा सरुवा भएर जाने हो उसको लिगेरी केन्द्रीय गृहमन्त्रालय र आइजीपीसँग हुने हो भने त्यो एसपीलाई डिएसपीले किन टेर्छ ? यो कुरामा हामीले प्रदेशको इन्डिया र अमेरिकाको सिस्टम जहाँ भनिन्छ, इन्डियामा त्यो छैन हेर्नुहोस्, जुन प्रदेशमा काम गर्छ त्यो प्रदेशकोले नै अन्तिमसम्मको निर्णय प्रदेश सरकारले गर्न पाउँछ । यो कुरा हामीले गर्‍यौं भने र केन्द्रसँग कुनै मनि उसले मोलमोलैया गर्नुनपर्ने वातावरण यो विधेयकमा नै हामीले गर्न सक्यौं भने पक्कै पनि हामीले प्रदेश सरकारले सोचे अनुसार यो प्रशासनलाई चुस्तदुरुस्त र जनताको सेवामा खटाउन सकिन्छ भन्ने लाग्दछ । हामीले यो प्रहरीलाई जनतासँग राम्रो काम गरेको खण्डमा, जनतालाई प्रहरी कुनै पनि बाधक होइन, उसले त जनताको शान्ति सुरक्षा, जनताको जीउधन र जनतालाई परेको पीर मर्कालाई बुझ्नको लागि हामी पनि सरकारको तलब तपाईंहरूकै ट्याक्सबाट काटिएर आएर तपाईंकै सुरक्षा दिनका लागि यहाँ नियुक्ति भएका हौं भन्ने वातावरण सिर्जना गर्नका लागि हामीले लो प्रदेशमा हामीले खटाउँछौं । उहाँहरूलाई तालिम दिएर, सम्पूर्ण व्यवस्थाहरू गरेर, प्रदेशमा अगाडि बढ्न यो विधेयकले जितेर नियम, कानूनहरू बनाउन

सक्यो भने यसमा लेखियो भने प्रदेश सरकार अझै गह्रुङ्गो हुनेछ र प्रदेशको सफलता यसैमा लाग्नेछ भन्दै यो विधेयक सफलताको शुभकामना दिँदै विदा हुन्छु, धन्यवाद जय नेपाल ।

**माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, ६ दशकदेखि नेपाली जनताले विभिन्न कालखण्डमा गरेको शान्तिपूर्ण र सशस्त्र आन्दोलनले मुलुकबाट सामन्तवाद र एकात्मक शासन व्यवस्थाको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । यो जनताको व्यवस्था हो । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न शहादतवरण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू, आन्दोलनका क्रममा घाइते, बेपत्ता र अङ्गभङ्ग हुनुभएका सम्पूर्ण योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै यो गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकप्रति आफू र आफ्नो पार्टीकोतर्फबाट केही भनाइहरू राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, अहिले गण्डकी प्रदेशमा नेपाल कम्प्युनिष्ट पार्टीका श्रद्धेय नेता कमरेड पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा जनताको सरकार छ । यो सरकारको अर्जुनदृष्टि भनेको गण्डकी प्रदेशमा सर्वाङ्गीण विकास निर्माणमार्फत् यहाँका जनतालाई कसरी सुखी र खुसी बनाउने र यस प्रदेशभित्र रहेका प्राकृतिक र अन्य श्रोत साधनको समुचित प्रयोग गरेर देशकै संवृद्ध प्रदेश कसरी बनाउने भन्ने मात्रै हो । त्यसको निम्ति प्रदेश सरकारले शून्यबाट कामको शुरुवात गरेर दुई वर्षको छोटो अवधिमा विकास निर्माण र अन्य माध्यमबाट जनताका आधारभूत आवश्यकताहरू जस्तै खानेपानी, सिँचाइ, पुलपुलेसा, बाटाघाटा, सामाजिक न्यायका कामहरूलाई अगाडि बढाउने काममात्र गरेको छैन । यो प्रदेश सभालाई ३२ वटा भन्दा बढी कानून निर्माण गरी संघीयतालाई कार्यान्वयन गर्ने काममा पनि तीव्र गतिमा अगाडि बढिरहेको छ । माननीय सभामुख महोदय, विकास निर्माणका माध्यमबाट प्रदेशको संवृद्धिको निम्ति सबैभन्दा ठूलो आवश्यकता भनेको सुशासन हो । सुशासन तबमात्र स्थापित गर्न सकिन्छ, जब समाजमा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति गराउन सकिन्छ । त्यसको निम्ति प्रमुख कुरो भनेको शान्ति, सुरक्षा अमनचयन समाजमा कायम गर्ने सँगै संस्थालाई जबसम्म हामी आफैँले प्रदेश सरकारले जाहेज सञ्चालन गर्दैनौं तबसम्म हामीले सरकारले चाहे अनुसारको परिणाम निकाल्न सक्दैनौं ।

सभामुख महोदय, हुन त म यो सम्मानित सभाबाट बनेका, निर्णय भएका जति पनि कानूनहरू छन्, ती आफैँमा धेरै महत्वपूर्ण छन् । तीनको आ-आफ्नो महत्व पनि छ तर पनि यो गण्डकी प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भने हेभी वेटको छ र यो विधेयकले संघीयता कार्यान्वयनमा महत्वपूर्ण कोशेढुंगा हुनेछ र यसले संघीयतालाई

बलियो बनाउने र प्रदेश र प्रदेशका जनताका बीचमा, प्रदेश सरकार र प्रदेशका जनताका बीचमा नङ्ग र मासुजस्तै अन्योन्याश्रित सम्बन्ध कायम गर्दछ र यो विधेयक पारित भएर लागू भएपश्चात प्रदेश सरकार प्रत्येक जनताको घरघरसम्म पुग्छ । आँगन-आँगनसम्म, व्यक्ति-व्यक्तिका दुःख-दुःखमा पुग्दछ । यही कुरालाई महसुस गरेर गण्डकी प्रदेश सरकारले देश विदेशमा रहेका विशेषज्ञहरू र सरोकारवालाहरूसँग मात्र राय, सल्लाह र सुझाव लिने मात्र होइन, गण्डकी प्रदेशका दूरदराज ढोरपाटनदेखि त्रिवेणीसम्म र अन्य ठाउँहरूमा पुगेर जनता र प्रहरीसँग स्थलगत अध्ययन, अवलोकन र भावना बुझेर यथार्थकीय जगको धरातलमा उभिएर यो विधेयक आएको छ । अझ त्यति मात्र होइन, देश विदेशको अनुभव र राम्रा अभ्यासहरूको नेपाली परिवेश अनुसार त्यतितिर पनि ध्यान दिएर यो विधेयक आएको छ ।

माननीय सभामुख महोदय, हुन त एउटा भनाई छ, राज्यको निम्ति प्रहरी भनेको बर्दीधारी सुरक्षाकर्मी हो भने नागरिक भनेको बर्दीबिहीन सुरक्षाकर्मी हो । नेपालको संविधानको धारा ५७ को उपधारा २ बमोजिम प्रदेशको अधिकार अन्तर्गत अनुसूची ६ को १ नम्बरमै प्रदेश प्रहरी, प्रशासन र शान्ति सुरक्षाको विषय उल्लेख छ । संविधानले नै यसको कति महत्व छ भन्ने कुरालाई प्रष्ट पारेको छ । संविधानप्रद्धत मौलिक हक र मानवअधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र कानूनको कार्यान्वयन गर्नका लागि गण्डकी प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धमा कानून व्यवस्था गर्न वान्छनीय भएकाले यो विधेयक आएको छ । यसको प्रस्तावनामा उल्लेख भएको कुराले यो विधेयक कति जरुरी छ भन्ने कुरालाई प्रष्ट पार्छ । संघ सरकारले कानून बनाउन ढिलो गरेकोले यो विधेयक प्रदेशमा आउन पनि विलम्ब भएको हो ।

माननीय सभामुख महोदय, व्याख्यात्मक टिप्पणीबाहेक पेज १ देखि पेज ४० सम्म उल्लेख भएको यो विधेयकलाई परम्परावादी प्रहरी ढाँचा र प्रहरी संरचनामा चल्ने परम्पराबाट आधुनिक नागरिकमुखी, मानव अधिकार मैत्री, जनमुखी, जनउत्तरदायीमुखी निट एण्ड क्लीन बनाउने हिसाबले आएको छ । यसले संघीय शासन व्यवस्थालाई आत्मसाथ मात्र होइन बलियो बनाउने हिसाबले आएको छ । यो विधेयकमा नै प्रदेश प्रहरीका आधारभूत सिद्धान्त, लोकतन्त्र र कानूनको शासन र मानवअधिकारप्रति प्रद्धिबद्ध रहने आम नागरिक र समुदायप्रति उत्तरदायी रहने निष्पक्षसहित दक्ष सेवा प्रवाह गर्ने, उच्च नैतिक चरित्र र स्वच्छ आचरणमा रही सेवा प्रवाह गर्ने र यो सम्भवत पहिलो चोटी विधेयकमा उल्लेख गरिएको र यसले कस्तो प्रहरी हामीले गण्डकी प्रदेशभित्र बनाउन चाहेका छौं भनेर यो ऐनमा नै उल्लेख भएको छ । यो ऐतिहासिक कुरा हो, यसका निम्ति म गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस्तै प्रहरी कर्मचारीले जुनसुकै काम गर्दा पनि

जनउत्तरदायी र जवाफदेही हुनुपर्ने, निश्पक्ष सेवा प्रवाह गर्नुपर्ने, कुनै पनि नाम काम गर्दा विलम्ब गर्न नपाइने, शिष्ट र सम्य बोली व्यवहार गर्नुपर्ने कुरा जुन उल्लेख छ यसले समाजलाई सभ्य, सुसंस्कृत बनाउन र सुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने छ । यस्तै समाजका जुनसुकै वर्ग, समुदाय अपाङ्गता भएका ज्येष्ठ नागरिक, सीमान्तकृत नागरिकले भेदभावरहित ढंगले प्रभावकारी सेवा पाउने कुरा पनि उल्लेख छ । परिच्छेद ६ को आचरणमा प्रहरी कसैसँग कुनै पनि नाममा दान, दातब्य, उपचार चन्दा लिन नपाउने, हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र अब सांसदहरूले मात्र होइन प्रहरीले पनि आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण सम्बन्धित कार्यालयमार्फत् तोकिएको कार्यालयमा बुझाउनुपर्ने, परिच्छेद ११ मा नागरिक परामर्श समिति गठन गर्ने व्यवस्था छ । यो नेपालमा नयाँ व्यवस्था हो । प्रहरी सेवालाई समसामयिक बनाउन, श्रोत साधन सम्पन्न बनाउन, शान्ति सुरक्षासँग सम्बन्ध, जनचासो र गुनासोलाई अध्ययन गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

माननीय सभामुख महोदय, सीमित श्रोत, साधनका बाबजुद कोरोना महामारीबाट जनताको जिउज्यानको संरक्षण गर्न प्रदेश सरकार पूर्ण रूपमा सफल छ । यदि यो विधेयक पहिल्यै आएको भए । प्रहरीलाई प्रदेश सरकार आफैले सञ्चालन गर्न पाएको भए, प्रहरीहरूको लोयली प्रदेश सरकारप्रति हुने गरेर त्यो खालको अवस्था भएको भए अहिले भन्दा धेरै कोरोना नियन्त्रणमा रहन सक्थ्यो । तसर्थ अब यो प्रदेश सरकारको अधिकार भएको त्यो खालको संक्रमण दर पनि कम हुने थियो । नियन्त्रण गर्न धेरै सहज पनि हुने थियो । म यिनै कुरा राख्दै माननीय सभामुख महोदय, यो विधेयक पारित भएपश्चात सच्चा रूपमा जनताको प्रहरी, नागरिकमैत्री प्रहरीका रूपमा प्रहरी अगाडि बढ्ने छ । म यिनै कुराहरू राख्दै जुन प्रदेश सरकारले यो विधेयक लिएर आएको छ यो विधेकयको मेरो व्यक्तिगततर्फबाट नेपाली जनताको प्यारो पार्टी नेपाल कम्प्युनिष्ट पार्टीकोतर्फबाट पूर्ण समर्थन गर्दै आफ्ना भनाइहरू यहीँ टुङ्गयाउँछु धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकार घोषणा भएको करिब-करिब पौने ३ वर्षको अवधिमा जुन संघीयताको मूल स्प्रिड समात्ने जुन हाम्रो गण्डकी प्रदेशको प्रहरी, प्रदेश प्रहरी गठनको जुन यो विधेयक चाहीँ प्रदेश सभामा प्रस्तुत भएको छ । यो विधेयक प्रस्तुत भइरहँदा गण्डकी प्रदेश साथै सम्बन्धित मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । जुन हाम्रो यो गण्डकी प्रदेशको तयारी प्रदेश प्रहरी गठनको जुन विधेयकमा प्रदेशमा शान्ति सुरक्षा कायम गराउने र संविधानले सुनिश्चित गरेको मौलिक अधिकारहरूलाई जीवनका

आधारमा लागू गर्ने छ प्रहरी संगठन समावेशी संरचनामा संगठित हुने जुन परिकल्पनाका साथ यो विधेयक प्रस्तुत भएको छ । यो विधेयकको सकारात्मक पक्ष हो भन्ने मैले सकारात्मक पक्षका रूपमा लिएको छु ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रहरी गठन संविधानले हाम्रो नेपालको संविधान २०७२ ले प्रदेशको एकल अधिकार भित्रकै सुनिश्चित गरेको छ । र संघीयतामा राज्यशक्तिको उचित बाँडफाँडको परिकल्पनासहित संविधानले यसको परिकल्पना गरेको छ र यसै सिद्धान्तमा टेकेर हामीले प्रदेश प्रहरीको गठन गर्न गइरहेका छौं भन्ने मलाई लाग्दछ । विधेयकको प्रस्तावना र विधेयक भित्र संघीयता भन्ने शब्द कहीँ कतै नभेटेको हुँदा मलाई लाग्छ हामी जुन संघीयताको पहिलो अभ्यासमा भएको कारण हुन त यो संघीयताको मूल स्पिट भित्र प्रदेश प्रहरी गठन हुन गइरहेको छ । यसमा हामीले कहीँ कतै संघीयता भन्ने शब्दलाई जोड्न सक्यौं भने अझ सुन्दर हुने मेरो सुझाव रहेको छ । प्रदेश प्रहरी गठनको मूल सिद्धान्तमा विधेकयकले, मुल सिद्धान्तमा विधेयकले मूल सिद्धान्त पहिल्याउन सकिरहेको अवस्था छैन । संघीय संरचनाको नीतिगत पालना गर्न भन्ने शब्दहरू विधेयकको प्रस्तावनामा पनि र प्रदेश प्रहरी सेवा वा सिद्धान्तका आधारमा थप गर्नुपर्ने मेरो सुझाव रहेको छ । प्रहरी प्रहरी समूह निर्माणमा विधेयक केही प्रगतिशील बन्न खोजेको देखिए तापनि यसमा केही प्रष्टता नभएको पनि मैले यहाँ माननीय मुख्यमन्त्रीज्यूलाई यो अनुरोध गर्न चाहैं । जनपथ प्रहरीहरूको उपसमूहहरू निर्माण गरिरहँदा त्यहाँ छुट्टै उपसमूहहरू विधेयकमा समेटेको छ, यसमा मलाई के लाग्यो भने महिला न्यायिक उपसमूह र दलित न्यायिक उपसमूहलाई यसमा जोडेर जान सक्यो भने अहिले महिला हिंसाका थुप्रै घटनाहरू हामीले पहिचान गर्न नसकेको अवस्था र एकदमै क्रुर बन्दै गइरहेको समाज, समाजमा एकदम विकृति, बेथिति भइरहेको अवस्थामा जस्तै एसिड आक्रमणका दोषीहरूलाई हामीले अहिलेसम्म कारवाहीको दायरामा ल्याउन नसकिरहेको जटिल समस्यहरू र दलित भएकै कारणले जुन समाजमा हुने विभेदको पनि अहिले भएको जुन प्रहरी संगठनले त्यसलाई एकीन गरेर जुन एउटा जातीय आधारमा हुने हिंसालाई एकीन गर्न नसकेको र कारवाहीको दायरामा ल्याउन थुप्रै समयसम्म लागिरहेको हुनाले यसमा यो उपसमूहहरू गठन गर्दा हाम्रो प्रदेश प्रहरीको उपसमूह गठन गर्दा महिला न्यायिक उपसमूह र दलित न्यायिक उपसमूहहरू थपेर जान सक्यो भने अझ प्रगतिशील हुन्छ होला भन्ने मलाई लाग्छ । प्रदेश प्रहरी परिचालन र सुपरिवेक्षणको जिम्मा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लाको प्रदेश प्रहरीलाई परिचालन गर्न सक्ने व्यवस्था विधेयकले गरेको छ । यो संघीयताको मर्म विपरित छ भन्ने मलाई लाग्छ । किन भने हिजो हाम्रो संघीयता नहुँदा प्रहरी र शान्ति सुरक्षाको हिसाबले त्यो एउटा सिडियो त्यसको परिचालन गर्ने एउटा कमिटिको प्रमुख थियो भने अहिले हामी संघीय संरचनाको अभ्यासमा गइसकेको अवस्थामा पनि जुन संघीयताले

दिएको अधिकार प्रदेश सरकारलाई छ यो पनि हामीले संघीयताको मूल मर्म स्प्रिट भन्दा विपरित रहेर जुन सिडियोलाई नै हामीले यो अधिकार दिन खोजिरहेको छ । यसलाई सच्याउनुपर्छ भन्ने म प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु । प्रदेशको मुख्यमन्त्री भन्दा पनि सिडियो पावरफूल भएपछि हामीले कोरोना भाइरस संक्रमणको कारण भएको देशव्यापी लकडाउनमा महसुस गर्‍यौं । किनभने एउटा शान्ति सुरक्षाको हिसाबले र बन्दाबन्दीको अवधिमा सारा प्रहरी र सारा निकायहरू हाम्रो प्रमुख जिल्ला अधिकारीले नियन्त्रणमा लिइरहेको हो त्यो विषम परिस्थितिमा त्यो उहाँको क्षमताको र उहाँको कार्यशैलीको कदर गर्नु छुट्टै ठाउँमा छ । अब हामीले प्रदेश प्रहरीको गठन गरेर जाने सन्दर्भमा यो संघ अन्तगर्त रहेको सिडियो कार्यालय यसलाई जुन जिल्ला कार्यालय अझ हामीले बलियो बनाउने हो भने संघीयताको मर्म विपरित हुनेछ । यसलाई पनि सच्याउन म सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, हामीले पहिचानसहितको संघीयतामा हामी यहाँ आएका छौं र स्वायत् प्रदेशको परिकल्पना र राज्यशक्तिको उचित बाँडफाँडको परिकल्पनासहितको संघीयतामा हामी रहेको कुरा हामी सबैलाई जानकारी नै छ । विश्वका विभिन्न राष्ट्रहरूमा भएको संघीयताको अभ्यासहरू हेर्ने हो भने, पहिचान, जनसंख्या र भूगोललाई मूख्य आधार मानेर जुन संघीयता अभ्यासमा आएको अवस्था छ । हाम्रो नेपालको सन्दर्भमा पनि भन्ने हो भने नेपालमा हामीले पहिचान र स्वायततासहितको अधिकार सम्पन्न संघीयताको परिकल्पना गरेका हौं । हामीले बनाउने हरेक नियम कानूनहरू र हामीले कार्यान्वयन गर्ने जुन निकायले हाम्रो संघीयताको मूल स्प्रिट र मर्म छ, यसमा हामीले हरेक ठाउँमा ध्यान दिन सकेनौं भने हामीले अहिले बनाएको कानूनले हामी हतारमा कानून बनाइरहेका छौं । हामी हतारमा कानून पास गर्ने र फुर्सदमा पछुताउने खालको एउटा अभ्यास नहोस् भन्ने मैले प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहैं । यो शान्ति सुरक्षा भन्ने बित्तिकै एकदमै संवेदनशील र हाम्रो प्रदेशलाई एकदम मजबुद बनाउनका निमित्त प्रदेश प्रहरी एकदमै आवश्यक छ । यहाँ हाम्रा संगठनहरू हिजोसम्म हाम्रो दृष्टिकोण के छ भने प्रहरी भन्ने बित्तिकै जनताहरू डराउनुपर्ने अवस्था छ । हाम्रो एउटा नारा त छ, प्रहरी हाम्रो जनताको साथी हो भन्ने छ, त्यो वास्तवमै जनताको साथी बनाउनका निमित्त प्रदेश सरकारले जुन हिजोकै हाम्ले त अहिलेसम्म ४२ वटा कानूनहरू पास गरिसकेम । विधायन समितिमा म आफैँ प्रत्यक्ष त्यहाँ भएको कारणले मैले के अनुभूति गरिरहेको छु भने हामीले बनाउने कानूनहरू हामीले यो विधेयकलाई पनि पौने ३ वर्ष कुरिरहन पर्ने जस्तो मलाई आवश्यकता लागेन यो विधेयकलाई ससर्ती हेर्ने हो भने । किनभने हाम्रो यो विधेयक भित्र संघीय संरचनामा गइसके पछाडि संघीयता भन्ने शब्द त यो विधेयकमा छैन भने हामीले के कारणले पौने ३ वर्षसम्म यो विधेयक बनाउनलाई कुरिरह्यौं ? यसलाई हेर्ने हो भने हिजोको

जुन प्रहरी संगठनहरू छ, जुन पञ्चायतकालमा राणाकालमा, राजाकालमा जुन संरचना छ त्यो संरचनाको यथावत हिसाबले कपि पेष्ट भएर आएको छ । मलाई अनौठो के लाग्यो भने, हामीले यो विधेयक बनाउनका निम्ति किन पौने ३-३ वर्ष कुर्न पर्‍यो ? यो केही प्रगतिशील छ त ? कतै समावेशीका कुराहरू पनि जोडेको छ, अल्पसंख्यकहरूको कुरा पनि जोडेको छ तर सबै यो पुनर्संरचना यसको छैन । यो त्यसैकारणले गर्दा हामीले बनाउने कानूनहरूमा हरेक हिसाबले हाम्रो व्यवस्था त परिवर्तन भयो, हाम्रो सोच्ने चिन्तन र शैलीहरू अझै परिवर्तन भएको छैन । हरेक हिसाबले यो यसमा हेर्ने हो भने हिजोको जुन हाम्रो प्रहरी संगठनको संरचना छ यो जस्ताको तस्तै आएको छ र हामीले परिकल्पना गरेको स्वायततासहितको, पहिचानसहितको संरचना अनुसारको जुन संघीयता हुन सकेको छैन । प्रशासनिक हिसाबले यो हाम्रो संघीय संरचना अगाडि बढिरहेको हुँदा हामीले भइरहेको व्यवस्था हामीले परिपालन गरिरहेको व्यवस्था भित्र पनि हामी पूर्ण रूपमा सन्तुष्ट होइन कि त्यहाँ भएको चिजहरूको संरक्षण गर्दै अझै यसलाई प्रगतिशील हिसाबले अझ सक्षम प्रदेश बनाउनका निमित्त प्रदेश सरकारले अझ ध्यान दिओस्  भन्ने मलाई लाग्छ र प्रदेश प्रहरी गठन गरिरहँदा जुन अहिलेसम्मन हाम्रो ७ वटा प्रदेशमा यो दोस्रो होला सायद मलाई जहाँसम्म जानकारी भए अनुसार । २ नम्बर प्रदेशले प्रदेश प्रहरी एक वर्ष अगाडि नै गठन गरिसक्यो र हामीले बनाएको यो प्रदेश प्रहरीको संरचना अझ अल्ली प्रगतिशील खालको बनाउन सकियो भने हामीलाई आगामी दिनमा प्रदेश सरकारको औचित्यता र आम जनताले हिजोको कानूनभन्दा यो केही प्रगतिशील छ भन्ने हिसाबले, अनुभूति दिलाउने हिसाबले अबको कानूनहरू बन्नुपर्छ भन्ने मेरो सुझाव राख्दै विदा हुन्छु हस्त धन्यवाद ।

**माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, गण्डकी प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलका निमित्त म प्रस्तुत भएको छु । नेपालको संविधानको भाग ५ को २ मा राज्यशक्तिको बाँडफाँडको सम्बन्धमा व्यवस्था भए बमोजिम हामी तीन तहका सरकारको अभ्यास गरिरहेका छौं । संघ, प्रदेश र स्थानीय तह । संविधान र कानून अन्तर्गत जुन ढंगको राज्यशक्तिको बाँडफाँड छ, त्यो बाँडफाँडका आधारमा प्रदेशको एकल अधिकारीको सूचीमा पहिलो नम्बरमा रहेको प्रदेश प्रहरी हो । यहाँ हामीले हेक्का गर्नुपर्ने कुरा के छ भने प्रदेशको शान्ति सुरक्षाको सन्दर्भ संघसँग साझा अधिकारको सूचीमा छ । प्रदेश प्रहरी हाम्रो एकल अधिकारको विषय भएका कारणले प्रदेशको पहिलो एकल अधिकारका रूपमा यो काम व्यवस्थित गर्न, व्यवस्थित गर्नका लागि आज हामी प्रदेश सरकारका लागि यो विधेयक प्रस्तुत भएको छ र त्यसको सैद्धान्तिक छलफलमा उपस्थित भएका छौं । म गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । किनभने संघीयता कार्यान्वयनको यो सबभन्दा पहिलो र महत्वपूर्ण घडी हो । जुन प्रदेशसँग आफै शान्ति सुरक्षा कायम गर्ने संयन्त्र छैन ।

त्यो प्रदेशले आफ्ना धेरै कामहरू सहज ढंगले सञ्चालन गर्न सक्दैन भन्ने कुरालाई महसुस गरेर आज हामी यहाँनेर आइपुगेका छौं । संविधानको भाग २८ धारा २६८ मा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान समितिको व्यवस्था छ । र यो २६८ को २ मा प्रदेश प्रहरी संगठन रहने व्यवस्था छ । यो २ वटा आधारमा यो विधेयक आएको छ । यो एउटा एकल अधिकार सूचीका आधारमा आएको छ भने अर्को संविधानको भाग २८ को धारा २६८, २ का आधारमा यो विधेयक आएको छ । यस हिसाबले यो विधेयक प्रदेशलाई बलियो बनाउने सन्दर्भमा संघीयतालाई बलियो बनाउने सन्दर्भमा आएको विधेयक भएका कारणले यो प्रदेशको पहिचानको हिसाबले महत्वपूर्ण विधेयक हो भन्ने मलाई लाग्छ । र संघीय व्यवस्था एकअर्का सरकारहरू एक आपसका परिपूरक हुन् ।

तीन तहको सरकारमार्फत नागरिक सत्ताको अभ्यास हुने प्रणाली संघीय प्रणाली  हो । यो संघीय प्रणालीमा सहकार्य, समन्वय, सहअस्तित्व र समझदारी जस्ता कुरा महत्वपूर्ण कुरा हुन्छन् । यसो हुँदाहुँदै पनि विश्वका धेरै मुलुकहरूमा, धेरै मुलुकहरूमा संविधानको एकल अधिकारको सूचीलाई पहिलो प्राथमिकतामा राखेको पाइन्छ । यो पहिलो प्राथमिकता यस अर्थमा राखिन्छ कि, प्रदेशहरू सबैभन्दा धेरै जिम्मेवार कहाँनेर केन्द्रित छन्, प्रदेशहरूले सबैभन्दा धेरै आफ्ना कामहरू कहाँनेर केन्द्रित हुनुपर्दछ भन्ने कुरा एकल अधिकारले व्यवस्थित गरेको हुन्छ । यसकारणले हाम्रो कामका हिसाबले प्रदेश प्रहरी संगठन निर्माण गर्नु र प्रदेशको शान्ति, सुरक्षा, अमनचयन कायम गर्ने दायित्व निर्वाच गर्नु प्रदेश सरकारको पहिलो नम्बरको कामको जिम्मेवारी भित्र पर्दछ । यसकारणले यो संवैधानिक व्यवस्था अनुसार प्रहरी प्रशासनलाई एकल अधिकारका रूपमा र संघीयताको महत्वपूर्ण विषयका रूपमा लिनुपर्दछ । अनुसूची ६ मा साझा अधिकारको सूचीमा शान्ति सुरक्षा छ । मैले अघि पनि राखेँ । साझा अधिकारको सूची र एकल अधिकारको सूची फरक-फरक विषय हो । साझा अधिकारको सूचीमा संघका रुचिहरूलाई पनि सम्बोधन गरिनुपर्ने हुन्छ । तर एकल अधिकारको सूचीमा प्रदेशको आफ्नो सोच, दृष्टिकोण र उसले लिने पोलिकिटकल, फिलोसोफिकल चिन्तनका आधारमा यो केन्द्रित भएर आउँछ यसकारणले प्रदेश प्रहरी यो ढंगले निर्देशित हुँदा उसले यो विधेयकले प्रदेश प्रहरीका आधारभूत सिद्धान्तलाई अगाडि सार्‍या छ । लोकतन्त्र, कानूनको शासन र मानवअधिकारप्रतिको प्रतिबद्धता यो आधुनिक प्रहरीको सबभन्दा पहिलो प्रतिबद्धता हो । आधुनिक राज्यको पहिलो प्रतिबद्धता हो । लोकतन्त्रप्रतिको प्रतिबद्धताले, कानूनको शासनप्रतिको प्रतिबद्धताले र मानवअधिकारको प्रत्याभूत गरिने दृष्टिकोणका आधारले त्यो सरकार, त्यो विधेयक, त्यो कानून कति लोकतान्त्रिक, कति जनमैत्री छ भन्ने कुरा पनि हुने गर्दछ । यसकारणले यो विधेयकको आधारभूत सिद्धान्त नै उपयुक्त छ र यो आधारभूत सिद्धान्तमा टेकेर यो सिंगो विधेयक लोकतान्त्रिक र मानवअधिकारप्रति प्रतिबद्ध भएको छ । अर्को यसले लिएको सिद्धान्त आफ्ना

नागरिक र जनसमुदायप्रति उत्तरदायी हो । जनताको सुप्रिमेसी कायम भएको विधेयक आएको छ । जनताको भावनालाई कदर गर्ने गरेर आएको छ । जनतासँग गरिने सहकार्यलाई यसले अगाडि ल्याएको छ । त्यसकारणले गर्दा यो प्रहरी संगठनलाई हिजो अस्ति बुझिए जस्तो, पहिला सोचे जस्तो दमनकारी संयन्त्रका हिसाबले, आन्दोलनमा, दंगा फसाँदमा मात्र काम गर्ने हिसाबले होइन, जनताको सेवक हो, जनताको साथी हो भन्ने दृष्टिकोणका साथले यो विधेयक आएकाले यो विधेयक नागरिक सुप्रिमेसीलाई सबैभन्दा अगाडि राख्ने विधेयक हो भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु ।

यो प्रहरी आफ्नो प्रणालीलाई, प्रदेशमा आफ्नो प्रहरी भित्रको प्रणालीलाई यो विधेयकले व्यवस्थापन गरेको छ । अथवा यसले स्पष्ट गऱ्या छ आफ्नो प्रणालीमा, महानगरिय प्रहरी हुनेछ, ग्रामीण प्रहरी हुनेछ, छिमेकी प्रहरी हुनेछ । स्वयंसेवी प्रहरी हुनेछ, पर्यटन प्रहरी हुनेछ अर्थात यसले आफ्नो क्याटागोरिलाई यसरी पनि व्यवस्थित गऱ्या छ भने यो भित्र उसले उपसमूह पनि बनाएको छ । जनपथ, सशस्त्र र प्रहरी भनेर तीनवटा उपसमूहलाई पनि व्यवस्थित गऱ्या छ । त्यो हिसाबले समूह पनि बनाएको छ, उपसमूह बनाएको छ । प्राविधिक उपसमूह, ट्राफिक उपसमूह, विपत् व्यवस्थापन उपसमूह, कार्य उपसमूह भनेर यो विभाजन गरेर आएपछि कामको बाँडफाँडका हिसाबले, जिम्मेवारी र उत्तरदायित्व लिने हिसाबले, प्रहरीलाई व्यापक रूपमा परिचालन गर्ने दृष्टिकोणका साथ यो विधेयक आएका कारणले यो विधेयक राम्रो र उपयुक्त विधेयक, उत्कृष्ट विधेयक छ भनेर आफ्नो भनाइ राख्न चाहन्छु । प्रदेश प्रहरी, प्रदेश सरकार मातहत हुन्छ, अनि प्रदेश प्रमुख नेपाल सरकारले प्रहरी नायब महानिरीक्षक मातहत सञ्चालन गर्छ । यसकारणले प्रदेश र संघसँगको सम्बन्ध दोहोरो समन्वयका हिसाबले यो जोडिने देखिन्छ । अर्को यो नागरिक परामर्श समिति ११ परिच्छेदमा नागरिक परामर्श समितिको व्यवस्था गरिएको छ । त्यहाँ मुख्य न्यायाधिवक्ताको नेतृत्वमा, अध्यक्षतामा प्रदेश सरकारले नियुक्ति गरेका ५ जना सदस्यहरू राखेर नवौं तहको कर्मचारीलाई सदस्य सचिव राखेर प्रहरीका काम, कारवाही र गतिविधिमा निरन्तर अनुगमन, शान्ति सुरक्षा बीचमा छलफल, यी सबै कुरा गर्न सरकारमा जोडिने ढंगले यसलाई व्यवस्थापन गरेको छ । यो तहकिकात गर्न पऱ्यो, मान्छेलाई गिरफतार गरियो तत्काल अनि त्यसलाई पूर्जी राखेर अनुसन्धान गर्नुपऱ्यो भने तत्कालै मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समझदारी गरेर, जानकारी लिएर यी सबै कामहरू गर्ने व्यवस्थाबाट के देखिन्छ भन्दाखेरी मात्रै पहिलो हिसाबले मात्रै यसको न्यायको निराकरण हुँदैन । न्यायको निरूपण हुँदैन धेरै प्रश्नहरू गैह्र फौजी ढंगले, ग्रैह प्रहरीका ढंगले, गैह्र देशभन्दा बाहिर बसेका मान्छेहरूबाट यो निर्देशित हुने गर्दछ । यो विधेयकले अर्को सबालमा राम्रो उत्कृष्ट कुरा समावेशी सिद्धान्तको परिपालना गरेको छ । यसले के भन्छ भन्दाखेरि सिंगो ४५ प्रतिशत आरक्षणको ४५ प्रतिशतमा महिलालाई २० प्रतिशत, आदिवासी जनजातिलाई ४५

प्रतिशत, मधेशलाई ५ प्रतिशत, दलितलाई २० प्रतिशत र पिछडिएका क्षेत्रलाई १० प्रतिशत व्यवस्थापन गरेर प्रहरीमा भर्ती लिने व्यवस्था गरेको छ । यसो गर्दैमा हाम्रो प्रदेशको भौगोलिक संरचनालाई यसले प्रतिनिधित्व गर्छ । हाम्रो भूगोलको, हाम्रो प्रदेशमा पिछडिएको क्षेत्र कुन, कुन हो भनेर निर्धारण गर्ने, निर्णय गर्ने कुरा प्रदेश सरकारको हो । प्रदेश सरकारले यो-यो क्षेत्रलाई म पिछडिएको क्षेत्र मान्छु भनेर उसले आफ्नो कुरा, आफ्नो निर्णय गर्ने छ त्यो कुरा नेपाल सरकारले पनि निर्णय गर्ने छ । त्यहाँबाट प्रतिनिधित्व गर्ने मान्छे पनि प्रदेशमा आइपुग्ने छन् । देशबाट पनि आउने छन्, जनजाति र महिला सबै क्षेत्रलाई समेटिँदा बल्ल एउटा सुन्दर बगैँचा जस्तो भएर यो प्रहरी संगठन देखा पर्ने छ । सबै जातको, लिङ्गको, भूगोलको, क्षेत्रको मान्छेहरूको प्रतिनिधित्व भएपछि प्रहरी संगठनलाई प्रदेश सरकारलाई अपनत्व स्वीकार गर्नका लागि प्रदेशका नागरिकहरूलाई सहज बाटो प्राप्त हुने गरेर यो विधेयक आएको छ । समावेशी सिद्धान्तका हिसाबले यो विधेयक उत्कृष्ट विधेयक छ भनेर भन्न चाहन्छु । पदपूर्तिको व्यवस्थाका निमित्त सोझै प्रहरी प्रशासनलाई पदपूर्ति गर्न नदिएर लोकसेवा आयोगमार्फत् पदपूर्ति गर्ने व्यवस्था गरेपछि लोकसेवा आयोगको विश्वसनीयतालाई कायम गर्ने गरेर त्यसको मेरिटका आधारमा मान्छेहरूलाई लिने जुन व्यवस्था हामीले गर्ने छौं । त्यसपछि हाम्रो विश्वास व्यक्त हुनेछ । आज हामीले प्रहरी प्रशासनमा यस्ता जवानहरू देख्छौं जो निरूपाय उनीहरूले कुनै भूमिका नपाएर गरिब पिछडिएका क्षेत्रमा मान्छेहरूमात्र प्रतिनिधित्व गरेका तथा प्रायसः मेरिट मान्छेहरू प्रहरी प्रशासनमा नआएका कारणले प्रहरी प्रशासनलाई चुस्तदुरुस्त बनाउन नसकिएको हो । त्यसकारण यो व्यवस्थाले कक्षाकोठाका फष्ट बेन्च, अब्बल दर्जाका विद्यार्थीहरूलाई प्रहरी प्रशासनमा आउने बाटो बनेको छ । यसो गरियो भने प्रहरी प्रशासन चुस्तदुरुस्त हुन्छ । त्यो चुस्तदुरुस्त प्रहरी प्रशासनले मेन अनुसन्धान गर्ने, तहकिकात गर्ने काममा अब्बल रहन्छ र शान्ति सुरक्षाको व्यवस्थालाई अरु थप प्रभावकारी बनाउँछ भन्ने विश्वास गर्दछु । यो अनुसन्धान समितिको व्यवस्था पनि विधेयकले गराएको छ । धारा ७२ परिच्छेद ९ मा यसको व्यवस्था गरिएको छ । यसका निमित्त प्रदेशका वरिष्ठ उपरीक्षकले यसको नेतृत्व गर्दछ, मन्त्रालयका अधिकारी हुन्छन्, उपन्यायाधिवक्ताको पनि व्यवस्था गरिएको छ । यसो गरेपछि प्रहरी प्रशासन, मन्त्रालय र न्यायीक तीन क्षेत्रका मान्छेको जोडाइले सबभन्दा राम्रो र उपयुक्त ढंगले अनुसन्धान हुनेछ भन्ने कुरा विधेयकले अंगिकार गरेको छ । यसकारणले यहाँ हामीले अलिकति छलफल गर्नुपर्ने धारा ७४ को व्यवस्था हो । हामी २०१२ सालको प्रहरी ऐनबाट निर्देशित छौं । हाम्रो केन्द्रीय ऐन त्यस्तो छ । त्यसलाई अहिलेसम्म सुधार्न सकिएन, राजनीतिक दलहरूको पनि पुरानै मानसिकताका आधारमा २०१२ सालदेखि हामी आजसम्म पुरानो ऐनबाट गाइडेडस छौं । यसलाई धारा ७४ मा दफा ७० अन्तर्गतको सजाय पाउने मुद्दाको सुरु, कारवाही र किनाराको पुनरावेदन सुन्ने व्यवस्था प्रचलित कानून

बमोजिम हुनेछ भनेर संघमा केन्द्रित गरिएको छ । यहाँ म के भन्न चाहन्छु भने, यो हामीले यो अभ्यास गर्नुपर्छ, छलफल गर्नुपर्छ निरन्तर । प्रदेशमा पनि प्रदेशको विशेष प्रहरी, विशेष अदालत गठन गर्नुपर्ने त्यो अधिकारका निमित्त संघको ऐनलाई पनि संशोधन गर्नका निमित्त हामीले लभिङ्ग गर्नुपर्ने छ होला, हामीले त्यसमा छलफल गर्नुपर्दछ होला भन्ने लाग्दछ । यसकारणले यो बाटोमा जानु यसरी हेर्दा समग्र रूपमा यो विधेयक प्रजातान्त्रिक छ । यो सिभिल सुप्रिमेसीलाई प्रतिनिधित्व गर्दछ र प्रहरी प्रशासनमा नागरिक दबाब भएको देख्न पाइन्छ । जब यो ऐन कार्यान्वयनमा आउँछ, प्रदेश प्रहरीहरू क्रियाशील हुन्छन् त्यतिबेला जनताको सरकार कस्तो हुन्छ ? जनताको सरकारले व्यवस्थित गरेको राज्य कस्तो हुन्छ ? सरकार कस्तो हुनेछ भन्ने कुरा व्यवस्थित हुनेछ भन्दै यो विधेयकप्रति आफ्नो समर्थन रहेको धारणा राख्दै विदा हुन्छु हवस् त धन्यवाद । नमस्कार ।

**माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु**

माननीय सभामुख महोदय, प्रदेश गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हिजो सदन समक्ष टेबुल गरिरहँदा र आज यस सम्बन्धी सैद्धान्तिक छलफलमा माननीय सदस्यज्यूहरूले उठाउनु भएको प्रश्नको उत्तर अथवा जिज्ञासाको उत्तर दिन उभिइरहँदा आफूलाई अत्यन्त गौरवान्भित ठानेको छु र प्रदेश सरकार गौरवान्वित भएको आफूँ प्रदेश सरकारले गर्वको अनुभूति गरिराखेको महसुस गरेको छु । यो विधेयकको बारेमा चर्चा हुँदा माननीय सदस्यहरूको बीचमै यो हेभी वेट विधेयक भनेर चर्चा भइसक्या छ । त्यसकारण त्यही एउटै शब्दले यो विधेयकको गहनता अर्थात यसको महत्व स्पष्ट गर्दछ भन्ने लाग्दछ र पनि माननीय सदस्यज्यूहरूले आफ्नो भनाई राखिरहँदा, आफ्ना जिज्ञासाहरू उठाइरहँदा पनि अत्यन्त गर्वको महसुस गर्दै विषय राख्नु भाछ र प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्नु भाछ । सर्सती माननीय सदस्यज्यूहरूले राख्नुभएको विषयलाई पनि टिप्दै म पनि केही भनाइहरू राख्न चाहन्छु । राखिसक्नु भाछ मैले त्यसलाई दोहोऱ्याउन मात्र खोज्या हुँ । साच्चै अब सरकार होइन, अहिलेसम्म प्रदेश सरकार गण्डकी प्रदेश सरकार भनिराख्या थियौं । अब यो विधेयकले वास्तवमै हामीलाई प्रदेश सरकार बनायो । अब प्रदेश सरकारको अर्थ र औचित्य अब यो विधेयकले पुष्टि गरेको छ । यति बेलासम्म हामी सरकार भएको महसुस हुँदैनथ्यो । सरकार भनिरहे पनि जतिबेलासम्म आफ्नै प्रदेश सरकारको आदेश मान्ने आफ्नै प्रहरी संगठन, प्रदेश सरकारको आदेश मान्ने आफ्नै कर्मचारी संगठन जबसम्म हुँदैन तबसम्म त्यो अपूरो हुन्थ्यो । अब

अहिले हामीसँग आफ्नै प्रहरी संगठन निर्माण गर्ने प्रक्रियामा हामी अगाडि बढेका छौं । अर्को कुरा यहाँ संघीयताका बारेमा हुन त अगाडि चर्चा पनि भइसक्यो । यो संघीयताकै उपज हो । यो संघीयताकै उपज हो । संघीयता कार्यान्वयनकै प्रतिफल हो । यो संघीयता कार्यान्वयनको यो विधेयक, गण्डकी प्रदेश प्रहरी विधेयक यो शब्दमा भन्दा, यो आफैँ संघीयता कार्यान्वयनको एउटा महत्वपूर्ण पक्ष हो । त्यसकारण यो राज्यशक्तिको बाँडफाँडकै सिलसिलामा यी संविधानले नै यसको व्यवस्था गर्‍यो र त्यो आधारमा हामी यो ऐन बनाउन गइरहेका छौं । अर्थात् यो विधेयक यहाँ हामी छलफल गरिराखेका छौं । यसकारण अब संघीयता भन्ने शब्द शब्द खोज्ने होइन सार खोज्ने कुरा हो सारकै रूपमा यो अभिव्यक्त भाछ । यो विधेयक अभिव्यक्त भाछ भन्ने कुरा मैले राख्न चाहन्छु । अघि चर्चा भइसक्यो । हामीले त धेरै ठूलो काम गर्‍या छौं । हुन त यहाँ चर्चा भयो । २ नम्बर प्रदेशले अघि एकजना माननीयज्यूले ऐन बनेको २ नम्बरले पहिला बनायो भन्नु भा हो । गठनै भयो, २ नम्बरले गठन गर्‍यो भनेर भन्नु भयो कसैले । कसैले गठन गर्‍या छैन । गठन गर्ने प्रक्रिया त बाँकी नै छ । किनभने समायोजना प्रक्रिया बिना कुनै पनि प्रदेशले गठन गर्न सक्दैन । समायोजनको प्रक्रिया अगाडि बढीसक्या छैन । त्यो अब अन्तिम चरणमा पुगीसक्या हो हामी प्रधानमन्त्रीलाई सातै प्रदेशका आन्तरिक मामिलामन्त्रीज्यूहरूले भेट्दा नै त्यो अन्तिम भनेर हामी उठेका हौं । तर पनि त्यो केही कारणले होला त्यो समायोजना प्रक्रिया अगाडि बढ्ने छ तब सबै प्रदेशमा प्रदेश प्रहरी गठन हुनेछ । मात्रै कुरा के रह्यो भने, जुन प्रदेशले कानून बनाएको हुन्छ उसलाई परिचालन गर्न सहज हुन्छ । कानून नबनाइकन परिचालन गर्न असहज हुन्छ त्यसकारण हामीले कानून बनाइहाल्नुपर्छ, समायोजन त केही दिनमै भइहाल्छ भन्ने हिसाबले हामीले विधेयक ल्याएका छौ र पनि यहाँ चर्चा भएको कुरा त गत वर्ष पनि सोधिया थियो । मैले जवाफ दिया थिए, हामीले ड्राफ्ट बोकेर बस्या छु मैले यहाँ । हाम्रो मुख्यमन्त्रीज्यूले नै त्यो जवाफ दिनु भाथ्यो । हामीले यस्तो ड्राफ्ट तयार गरिसक्यौं भनेका थियौं । ड्राफ्ट तयार गर्‍यौ भनेको धेरै न वर्ष अगाडि हो । तर अहिले किन ल्याइयो भन्ने बारेमा ढिलो भयो भन्ने कुरा पनि आयो । अब ढिलो हुनुमा त मैले धेरै पटक यो विषयमा चर्चा गर्‍या छु कि संघ सरकारले हामीले यो प्रहरी संगठन बनाउन त पाउने तर त्यसको आधार र माध्यम संघ सरकारले तोक्ने भनेको हुनाले अब संघ सरकारले सबभन्दा पहिला एउटा कानून ल्यायो । संघ र प्रदेश प्रहरीको परिचालन, सुपरीवेक्षण र समन्वयसम्बन्धी ऐन त्यो पारित गर्‍यो । त्यतिले मात्रै पुग्दैनथ्यो समायोजन ऐन पनि हामीले पारित गर्‍यौं । अहिले शान्ति सुरक्षा ऐन सदनमै छ । प्रतिनिधि सभामै छ त्यो शान्ति सुरक्षा ऐनमा के छ भन्ने कुरा हामीले बुझ्रैरै त्यो विधेयक ल्याएका छौं । यी कुराहरूलाई हामीले पर्खनै पर्‍यो । त्यसकारण हामीले ड्राफ्डमै पर्खेर बस्यौं त्यस विषयमा हामी धेरै धेरै छलफल गर्दै गयौं । त्यति मात्रै नभएर अब यसलाई अघि चर्चा भइसक्यो । यसलाई

पर्खिनुपर्नेको थिति र यही बीचमा हामीले यसको धेरै एक्ससाइजहरू गऱ्यौं र पहिलो पटक सायद गण्डकी प्रदेश सरकारले प्रदेश प्रहरी ऐन बनाउँदा यो २०१२ सालको प्रहरी ऐन, नेपाल प्रहरी ऐन २०१२ लाई हामीले के भन्ने गर्थ्यौं भने त्यो औपनिवेशिक मानसिकताका आधारमा बनेको ऐन अर्थात अङ्ग्रेज भारत उपनिवेश कायम गर्न आएको थियो । अङ्ग्रेजकै पालामा जसरी त्यहाँको प्रहरी परिचालन गऱ्यो । शान्ति, सुरक्षा व्यवस्थाको परिचालन जुन ढंगले गऱ्यो । त्यही आधारमा त्यहाँ कानून बन्यो । त्यहीँ कानूनको कमी यहाँ हुन पुग्यो । त्यसकारण त्यो औपनिवेशिक मानसिकताका आधारमा बनेको ऐन हो, नेपाल प्रहरी ऐन २०१२ । त्यसकारण त्यसको त्यो मानसिकतालाई भत्काएर भनेको मतलब त्यो औपनिवेशिक मानसिकता भत्काएर हामीले यो विधेयक ल्याएका छौं । त्यो भत्काउनु भनेको के हो त भन्दाखेरि नागरिकमैत्री प्रहरी निर्माण गर्ने, अर्थात् नागरिक र प्रहरीको सम्मान गर्ने प्रहरीको निर्माण गर्ने भनेको हो । त्यो काम हामीले गर्न सकेका छौं । यस मानेमा पनि हामीले गर्व गर्नुपर्छ । र यसमा, यो विधेयकमा, यदि हामीले २०१२, नेपाल प्रहरी ऐन २०१२ लाई मात्रै र यही आधारमा मात्रै बनाएको भए हामीले के लेख्थ्यौं होला भन्दा हामीले कहाँबाट शुरु गर्थेम, प्रस्तावनामा हेर्नु भयो भने कहाँबाट शुरु गर्थ्यौं भने प्रदेशमा शान्ति र व्यवस्था कायम गर्न अथवा रोकथाम गर्न, रोकथाम, नियन्त्रण, अनुसन्धान तथा कानून कार्यान्वयन गर्नका लागि भन्थेम । हामीले त्यसलाई भत्कायौं भन्दा कहाँनेर भत्कायौं भनेदेखि संविधान प्रद्धत मौलिक हक र मानवअधिकारको संरक्षण गर्दैबाट शुरु गरेका छौं । यो विषयलाई अलि विशेष महत्वका साथ हेर्नका निम्ति पनि मैले अनुरोध गर्न चाहेँ र त्यसरी नै यो प्रहरी सेवाका आधारभूत सिद्धान्तहरू हामीले ऐनमा नै उल्लेख गरेर ल्याएका छौं । दफा ३ मा उल्लेख छ, लोकतन्त्र, कानूनको शासन र मानवअधिकारप्रति प्रतिबद्ध रहने । आम नागरिक र समुदायप्रति उत्तरदायी रहने । निश्पक्ष, व्यवसायी र दक्ष सेवा प्रवाह गर्ने, उच्च नैतिक चरित्र र स्वच्छ आचरणमा रही सेवा प्रवाह गर्ने यति महत्वपूर्ण यो गाइडिङलाइन, आधारभूत सिद्धान्तको व्यवस्था हामीले गरेका छौं ।

अघि नै पनि चर्चा भयो । अब एउटा छलफल चल्या थियो, यो ऐनमै सबै कुराहरू लेखिन्नन् पनि अब कतिपय चर्चा हुन्छ र यो आचारसंहिता प्रहरीसँग आचारसंहिता त हुन्छ । आचारसंहिताका रूपमा छुट्टै रहने तर त्यो ऐनमा उल्लेख नभएको अवस्थालाई हामीले यसलाई ऐनमा नै ल्याएर यसलाई व्यवस्था गऱ्यौं । यसरी वास्तविक रूपमा जनउत्तरदायी, आफ्ना नागरिकमैत्री प्रहरी निर्माण गर्ने काम हामीले त्यो गर्न सफल भएका छौं यो विधेयक निर्माण गरेर । मूल कुरा यो हो अरु सैद्धान्तिक सहमति भन्दा मूल पक्ष यो हो । यहाँ केही प्रश्नहरू, केही प्रश्नहरूको सन्दर्भमा उठ्या छन् । यो विषय म पछि राख्छु र पछिल्लो कुरा म जनाउन खोजें । केही कुराहरू यहाँ सुझावहरू पनि छन् । जसका निम्ति हार्दिक आभार व्यक्त गर्न चाहन्छु सभामुख मार्फत् । यो प्रहरीको सुपरीवेक्षण सन्दर्भमा मैले

अघिनै एउटा चर्चा गरिसके त्यो संघले त्यो ऐन बनाइसकेको छ । केही संशोधनका निम्ति हामी धेरै मेहनत गरेका छौँ । केही त धेरै राम्रो बनेको शुरुमा पेश भएको संघकै पनि शुरुमा पेश भएको अवस्था भन्दा धेरै परिमार्जन त्यो भएको थियो । प्रतिनिधि सभाले त्यसलाई परिमार्जन गऱ्यो र हामीले पनि निकै पहल गरेका थियौं । त्यसरी नै समायोजना विधेयक पनि हामीले निकै पहल गऱ्यौं । तर हामीले शुरुको अवस्था भन्दा धेरै बदलियो तर हामीले भने जस्तो सबै भएको छैन । शान्ति सुरक्षा ऐन जुन प्रतिनिधि सभामा छ, त्यहाँ पनि हामीले अहिले त्यसबारेमा माननीय प्रतिनिधि सभाका माननीय सदस्यहरूसँग छलफल गरिराख्या छौं । त्यहाँ सुधार गर्नका निम्ति प्रस्ताव पनि गरिराखेका छौं । माननीय मुख्यमन्त्रीज्यूले अन्तरप्रदेश समन्वय परिषद्मार्फत् त्यो पहल, हाम्रो आवाजहरू त्यहाँ पुगिराखेका छन् । त्यसलाई हामी संशोधन गर्न कोसिस गर्ने छौं । यसै सन्दर्भमा यो अन्तिममा आएर उठाउनु भा थियो । यो विधेयकमा हामीले विशेष अदालतको व्यवस्था गर्न सक्या छैनौं । किनभने विशेष अदालत गर्ने, विशेष अदालतगठन गर्ने अधिकार त संघको छ, हाम्रो छैन । यसकारण हाम्रो आवश्यकता पर्छ प्रदेशलाई पनि यसको आवश्यकता छ भनेर सुझाव दिइसक्या छौं । यी कुराहरू नै महत्वपूर्ण विषय थिए, यसलाई मैले यहाँ राख्न चाहेँ ।

अर्को कुरा यो एउटा प्रश्न नि उठ्यो कि यो प्रहरीले त्यो प्रमुख जिल्ला अधिकारीले हामीले प्रदेश प्रहरी बनाउने, चलाउने चाहीँ प्रमुख जिल्ला अधिकारीले यो क्या हो ? भन्ने प्रश्न पनि उठ्यो । प्रमुख जिल्ला अधिकारी संघ सरकार र प्रदेश सरकार दुवैको प्रतिनिधिका रूपमा जिल्लामा रहने हो । हामीले यो विधेयकमै स्पष्ट उल्लेख गरेका छौं । अब त्यहाँ दुईवटा प्रमुख जिल्ला अधिकारी त बनाउनु भएन । दुवै सरकारको प्रतिनिधि हो । त्यसकारण प्रदेश प्रहरीलाई आदेश, निर्देशन र परिचालन गरिरहँदा प्रमुख जिल्ला अधिकारीले आन्तरिक मामिला तथा कानून मन्त्रालय अहिलेको नामको हिसाबले आन्तरिक मामिला तथा कानून मन्त्रालयको निर्देशनको पालना गर्नुपर्छ भन्ने कुरा त्यहीँ दफा ९ को उपदफा ६ मा उल्लेख छ ।  यसले गर्दा त्यो हुन त हामी आज सैद्धान्तिक छलफलमा भइरहेकाले सबै अध्ययन नगरेकाले थाहा भएन होला त्यो ढंगले यसको व्यवस्था गरिएको छ । अरु कुराहरू हामीले जे जति यहाँ सुझावहरू आएका छन्, अब यी विषयहरू हामी नियमावली बनाउँदा खेरी व्यवस्थित गरेर जान सक्छौं । केही कुराहरू हामीले संघले निर्माण गरेका ऐनमै संशोधन गर्नुपर्ने स्थिति छ । मैले यो कुरा यहाँ प्रश्नको सन्दर्भमा उल्लेख गरेँ । अरु सबै चर्चा भइसके, अब छोटोछोटोमै के राख्न चाहे भनेँ हामीले अरु प्रदेशको र हाम्रोमा अल्ली भिन्नता छ । हामीले एउटा अल्ली उछिन्न पर्थ्यो भन्ने हामीलाई पनि लाग्या थियो । प्रदेश सरकारलाई पनि लाग्या हो । यो विधेयक पारित गर्नलाई, यो ऐन बनाउनका निम्ति सबभन्दा पहिला हामीले उछिन्नुपर्छ । सबैभन्दा पहिला हामीले बनाउन सक्यौं भने सबै

प्रदेशमा हाम्रो ऐन त्यहाँ पुग्छ र त्यहाँ एकरूपमा कायम गर्नका निम्ति सजिलो पनि हुन्छ भन्ने हिसाबले सोच्या थियौं अब त्यस्तो हुन त भएन तैपनि कुन प्रदेशमा बन्या छैन ऐन अझै त्यहाँ यो पुग्ने छ । जहाँ बनाइसक्नु भएको त्यहाँ पनि उहाँहरूले सायद यसलाई आधार बनाएर संशोधनको प्रक्रियामा जान सक्नुहुन्छ, जानु नै हुनेछ । यसमा हामीले तीनवटा संरचना अघि चर्चा भइसक्यो तीनवटा संरचनाको व्यवस्था गरेका छौं । त्यो तीनवटा संरचना भनेको संगठन तथा व्यवस्थापन समिति आन्तरिक मन्त्रालयको सचिवको अध्यक्षमा ५ सदस्यीय हुन्छ । त्यसैगरी प्रहरी प्रशिक्षण पाठ्यक्रम निर्माण तथा परिमार्जन समिति त्यो पनि मन्त्रालयकै सचिवको अध्यक्षतामा हुन्छ र अर्को नागरिक परामर्श समिति । नागरिक परामर्श समितिको बारेमा अघि चर्चा भइसक्यो यो नयाँ हो । यो चाही, अब यसलाई आधुनिक प्रहरी निर्माण गर्नका निम्ति परामर्श दिन प्रदेश सरकारलाई परामर्श दिन पनि मुख्य रूप त्यो हो र पनि अब एउटा के छ भन्दाखेरीमा हामी अब यो अलिकति अमेरिकाबाट हामीले सिकेको हो । त्यस्तो त बनाउन सकिएन, त्यस्ता त कमिसन नै हुन्छ, कमिसनमा गएर जनताले प्रहरीको आचरणका विरुद्ध उजुर गर्न पाउँछन् । त्यहाँ सार्वजनिक सुनुवाई हुन्छ । त्यस्तै त बनाउन सकेनौं तर पनि अब यसलाई सुधार गर्दै लैजानका निम्ति थप संरचना आवश्यक पर्छ भनेर हामीले त्यो व्यवस्था गऱ्यौं । अर्को कुरा हामीले यसमा अघि भइसक्यो मुख्य न्यायाधिवक्तासँग समन्वय गर्ने व्यवस्था मिलाएका छौं । खास गरी उजुरीको सम्बन्धमा । उजुरीहरूको सम्बन्धमा अब सरकारी वकिलमार्फत अदालतमा उजुरी जान्छ । उजुरी दर्ता हुन्छ त्यो बारेमा प्रदेश प्रहरीले अनुसन्धान गरेका अपराधहरूको सन्दर्भमा अदालतमा पर्ने उजुरीका बारेमा कल्ले थाहा पाउने त भन्दा अहिलेसम्मको सिष्टम त्यो मुख्य सरकार वकील भनेकै महान्यायाधिवक्ता अन्तर्गत हुने ।

सरकारी वकिल भनेको महान्यायाधिवक्ता अन्तर्गतबाट स्वतः महान्यायाधिवक्तालाई थाहा दिने, त्यो महान्यायाधिवक्ताले थाहा पाएको सरह हो नि त त्यो । तर प्रदेश प्रहरीले अनुसन्धान गरेको अपराधका सन्दर्भमा प्रदेश सरकारले थाहा पाउनु पऱ्यो नि त । प्रदेश सरकारको त मुख्य न्यायाधिवक्ता हो । त्यो मुख्य न्यायाधिवक्ताको कार्यालयले त्यसको जानकारी प्राप्त गर्नुपर्छ भनेर हामीले यहाँ जोडेका छौं । यो पनि नयाँ कुरा छ । यति राखेर अरु यहाँ चर्चा भइसकेको छ । यो प्रहरी प्रणालीका बारेमा, प्रहरी समूहको बारेमा यी सबै चर्चा भइसकेको छ । समावेशीको बारेमा पनि चर्चा भयो । अब समावेशीको सन्दर्भमा हुन त यहाँ प्रश्न उठ्ला, एउटा स्टयान्डर रहेको छ । एउटा स्ट्यान्डर नेपाली सेनामा, नेपाल प्रहरीमा, सशस्त्र प्रहरीमा एउटा स्टयान्ड कायम गरेको छ । त्यो त विश्लेषण हो त्यसले गर्दा हामीले यहाँ त्यो विश्लेषण कायम गरेका छौं । यो विषयमा छलफल गरौंला । आदिवासी जनजातिको हकमा ४३ प्रसेन्ट देखाउँछ । हामी ४५ बनाएका छौं । दलितको १७ प्रसेन्ट देखाउँछ, हामी २० प्रसेन्ट बनाएका छौं । मधेसी त एक प्रसेन्ट भन्दा कम छ, ५

प्रसेन्ट बनाएका छौं । विछडिएको क्षेत्र नेपाल सरकारको परिभाषा भित्र गण्डकी प्रदेशमा पिछडिएको क्षेत्रै छैन । हामीले के भन्या छौं भने अब गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशका पिछडिएका क्षेत्रहरू कुन-कुन हुन् भन्ने कुरा निक्यौंल गर्नुपर्छ त्यो बारेमा निक्यौंल गर्नुपर्छ । त्यसलाईसमेत सम्बोधन गर्ने गरी यो १० प्रसेन्टको कुरा पिछडिएको क्षेत्रलाई १० प्रसेन्ट भन्ने कुरा समावेशीमा राखेका छौं ।

अब यसमा अलिकति यो सैद्धान्तिक छलफल पनि गर्न सुहाउने कुरो छ । त्यो के भने त्यो पदपूर्तिको सन्दर्भमा । पदपूर्तिको सन्दर्भमा खास गरी यो असई र सई हामी भन्छौं । मुख्य त सई । लामो समयसम्म पिल्सिएर बस्नुपर्ने कहिल्यै त्यो प्रमोसन सानो दायरा भएको कारणले प्रमोशन हुन नसक्ने र बीचैमा छोडेर पलाएन हुने । यो स्थितिलाई सम्बोधन गर्नका निम्ति हामीले यो आन्तरिकबाटै बढुवा हुनेलाई प्रसेन्ट मिलाएका छौं । ५०-५० गऱ्यौं त्यहाँ । खुला र आन्तरिक बराबर गरेका छौं । त्यहाँ के थियो भन्दा खेरी खुला बढी आन्तरिक बढुवा कम थियो । एक पटकको यो समस्या धेरै लामो समयदेखि जकडिएको एउटा समस्यालाई सम्बोधन गर्ने काम पनि यसबाट गरेका छौं । अर्को कुरा यसैमा के थियो भन्दा खेरी बढी यो बढी हस्तक्षेप भयो । बढी राजनीतिकरण भयो प्रहरीमा भन्ने कुरा पनि उठ्ने गऱ्या थियो । यसलाई पनि कहीँ न कहीँ सम्बोधन गर्नुपर्छ भनेर हामीले बढुवामा बढुवा समितिले दिने अंक ७, साँढे ७ राख्ने गरिएको थियो त्यसलाई घटाएर ५ बनाइदिएका छौं । भनेको त्यो हस्तक्षेप पनि अलिकति घटोस् भन्ने हिसाबले हामीले यसरी सोचेका छौं र यसरी-यसरी हामीले यसलाई व्यवस्था गरेका छौं र अन्तिममा मैले एउटा कुरा भन्न चाहेँ । दुरूपयोग भयो । प्रहरीको दुरूपयोग भन्ने जुन आरोप वा उजुरी उठ्ने गरेका थिए त्यो दुरूपयोग रोक्नका निम्ति हामीले के भन्यौं भन्दाखेरी अधिकारको दुरूपयोग गर्ने भनेको त कानून विपरितको कुरा हो । कानून विपरित काममा कोही परिचालित हुन्छ र त त्यसलाई हामीले दुरूपयोग भन्छौं त्यो भएकाले हामीले एउटा कुरा उल्लेख गरेका छौं धारा ८४ मा कानून विपरित निर्देशन दिन नहुने । कानून विपरित निर्देशन दिन नहुने । यदि कानून विपरितको निर्देशन हो भने मान्नु नपर्ने भन्ने कुरा विधेयकमा उल्लेख गरेका छौं । यो मैले यसरी चर्चा गरेँ । यति नागरिक मैत्री, नागरिकप्रति सम्मान गर्ने र हाम्रो संविधान, हाम्रो व्यवस्थालाई सम्मान गर्ने, सम्बोधन गर्ने खालको प्रहरी संगठन जो हामी निर्माण गरिरहेका छौं । जो अनुसारको विधेयक हामीले यहाँ निर्माण गरिरहेका छौं । यसमा अझै यहाँहरूले हामी दफाबार छलफलको सिलसिलामा पनि सुझावहरू आउनेछन् ती सुझावहरूलाई पनि हामीले समेटेर सम्बोधन गर्ने नै छौं । यो मूलुकमा एउटा गर्वको महसुस गर्ने, मलाई त के लाइछ भन्दाखेरी आजको यो छलफलदेखि विधायन समितिमा पुगेर फेरि यो सदनमा आउँदासम्म हामी असाध्यै हसिलो अनुहारका साथ गर्व गर्दै यो विधेयक पारित गर्ने विश्वास व्यक्त गर्दै विदा हुन्छु हवस्त धन्यवाद ।

**माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असोज ५ गते सभामा प्रस्तुत भई सामान्य छलफलसमेत भएको गण्डकी प्रदेश प्रहरीको व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधाय समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते प्रस्तुत भएको र मिति २०७७ साल असोज ६ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफलसमेत भएको गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ ख बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु, धन्यवाद !

माननीय सदस्यहरू अब म उक्त प्रस्तावलाई निणयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनसहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू अब माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७७ साल असोज ५ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सदनमा मिति २०७७ साल असोज ५ गते प्रस्तुत भएको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद !

अब म उक्त प्रस्तावलाई निणयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरूको लागि १० मिनेटको समय राखेको छु निर्धारित समयभित्र आ-आफ्नो भनाइहरू राख्नु हुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, हामी गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथिको सैद्धान्तिक छलफलमा छौं सामान्यतया खेलकुद भन्ने कुरा खेल्ने र कुद्ने कुरासँग जोडिएर आउँछ । परापूर्वकालमा यी दुई वटा शब्द नै मिलाएर सायद खेलकुद बन्यो होला । आजको आधुनिक सन्दर्भमा खेलकुदको धेरै परिभाषाहरू फेरिएको छ । खैर जे होस् खेलकुदको सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षको बारेमा केही कुरा राख्नका लागि यहाँ उभिइ रहँदा यो खास गरिकन यो विधेयक पनि अलि अगाडि नै हामीले छलफलमा आउनु पर्ने विधेयक हो । किन भने यसको पनि संघीय विधेयकको कारणले यो अलिकति पछाडि नै पऱ्यो । खैर जे होस् यो आजको सन्दर्भमा, समय सान्दर्भिक रूपमा जुन रूपमा यो विधेयक हाम्रो बीचमा आएको छ यसलाई म पूर्ण समर्थन व्यक्त गर्न चाहन्छु । मैले अघिनै भने परापूर्व कालमा खेल्नु, बुझ्नु खेल्नु जस्ता कुरासँग मात्रै सम्बन्धित भएर आएको थियो । आजको दिनमा खेलकुद खेल्ने कुरासँग मात्रै सम्बन्धित छैन । खेलकुद आधुनिक युगमा आज खेलकुद आर्थिक उपार्जनका

रूपमा या एउटा राष्ट्रलाई राष्ट्रिय झण्डालाई संसार सामु चिनाउने रूपमा या संसारका विकसित देशहरूलाई हाम्रो जस्तो विकासउन्मुख देशहरूले पनि कुनै कुरामा पराजित गर्न सक्छन् र त्यहाँ आफ्नो राष्ट्रिय झण्डा स्थापित गर्न सक्छन् भने त्यो खेलकुद हो त्यसकारण त्यो सन्दर्भमा पनि खेलकुद आन्तरिक राष्ट्रियता प्रदेशको सन्दर्भमा कुरा गर्दा हाम्रो आन्तरिक राष्ट्रियता बलियो बनाउने माध्यमका रूपमा पनि छ किनकि हाम्रा प्रदेशहरूका बीचमा हामी प्रतिस्पर्धा गर्छौं, खेलकुदका विभिन्न कार्यक्रमहरू, प्रतियोगिताहरू सञ्चालन गर्छौं भने निश्चित रूपमा हाम्रो आन्तरिक राष्ट्रियता कहीँ न कही झल्किएकै हुन्छ ।

बाहिर राष्ट्रियतालाई बलियो बनाउने कुरा होस् अघि नै मैले भने जस्तै संसारभरिका विकसित राष्ट्रहरू, मेरो सम्झनामा भएसम्म म यसो हेर्छु, अमेरिकाजस्तो देशसँग हामीले प्रतिस्पर्धा गर्ने कुनै एउटा कुरा होस् त भनेर खोजी गर्दै गयो भने खेलकुदमात्रै हुन्छ । केही वर्ष अगाडि हामीले क्रिकेटमा अमेरिकालाई परास्त गरेका थियौं । भन्यौ नी हामीले अमेरिकालाई पनि जित्न सक्दछौं । अमेरिकालाई आज हामीले अरु कुरामा खोजी गर्‍यौं के कुरामा अमेरिकालाई जित्ने भनेर खोज्यौं भने अरु कुरा प्राप्त गर्न सक्दैनौं । किनकि आज पूँजीको रूपमा होस् या अरु विकास, नयाँ प्रविधिको क्षेत्रमा होस् हामी त्यहाँ जान सक्दैनौं तर त्यसकारण पनि हाम्रो जस्तो सन्दर्भमा खेलकुद अत्यन्तै महत्वको कुरा हो र यो महत्वपूर्ण विधेयकको रूपमा यहाँ आएको छ । यो पनि कम हेवी वेटको विधेयक जस्तो मलाई लाग्दैन । अघिल्लो विधेयकका बारेमा धेरै नै चर्चाहरू भए खैर त्यो संघीयताको कार्यान्वयनको सन्दर्भमा त्यो हो फेरि त्यसलाई मैले अन्यथा भन्न खोज्या होइन । आज हामी एकदमै महत्वपूर्ण सन्दर्भमा उभिएका रहेछौं आजको सदनमा किनकि हामीसँग यस्ता विधेयकहरू हामीले क्रममा छलफल गर्छौं त्यसकारण यो विधेयक, यो विधेयकले हाम्रो खेलकुदलाई मात्रै नभइकन खेलकुद खेल्ने मैले अघि नै भनेँ हिजो कुनै दिन संसारमा सबैभन्दा धेरै पूँजी कोसँग हुन्छ, जमिन कोसँग छ ? त्यो देश भोलि गएर हतियार बोकेर, सेना बोकेर बसको छ त्यो देश निकै बलियो र शक्तिशाली ठानिन्थ्यो होला । आज युग फेरिएको छ । आज हामीले हेर्‍यौं संसारका सबभन्दा ठूला संवृद्ध राष्ट्रहरू चीन, रुस, अमेरिका, जापान जस्ता देशहरूलाई हेर्‍यौं भने प्रतिस्पर्धा के मा गरिरहेका छन् भन्दा खेलकुदमा । ओलम्बिकमा होस् या वर्ल्डकपमा होस् उनीहरूको प्रतिस्पर्धा त्यहाँ देखिन्छ । त्यसकारण मैले खाली भन्न खोज्या कुरा के हो भने, आज खेलकुदको परिभाषा बदलिएको छ । यसको परिभाषा यसरी बदलिएको छ कि, हामीले हिजो कुनै जमानामा खेलेर मेडल प्राप्त गर्ने कुरासँग मात्र, यसको मुख्य कुरा त त्यहीँ नै हो । ती हामीले मेडल कसरी प्राप्त गर्न सक्छौं या हामीले कुन देशमा, कुन प्रतियोगितामा, कुन लेभलको, कुन मेडल प्राप्त गर्‍यौं भन्ने कुरा धेरै महत्वपूर्ण हुन आउँछ । यो कुरा आज हाम्रो समाजको, हाम्रो राष्ट्रको,

हाम्रो संवृद्धिसँग पनि जोडिएको छ । कि त्यो राष्ट्र कति संवृद्धि छ भनेर हिसाब गर्ने एउटा राम्रो मानक बनिसक्या छ आज खेलकुद । किनकि अमेरिका, चीन, जापान, रुस जस्ता देशहरूमा ठूल्ठूला लगानीहरू भएको छ । हामीले सिङ्गै खेलकुदमा १० औं वर्ष गरेको लगानी उनीहरू एउटा स्टेडियम बनाउन मात्रै गर्दछन् । एउटा खेलाडी मात्र उत्पादन गर्नका लागि मात्र पनि गर्दछन् किन गर्दछन् भने आज संसारमा कुनै त्यस्तो एउटा त्यस्तो ठाउँ होस् जहाँ आफ्नो देशको राष्ट्रिय झण्डा बाहिर गएर पनि गाँड्न सकियोस् यो खेलकुद मात्रै हो ।

हामीले अमेरिका गएर नेपालको झण्डा गाड्न सक्दैनौं । हामीले भारत गएर या चाइना गएर या जापान गएर हाम्रो झण्डा गाढ्न सक्छौं हाम्रो सीमाना भित्र, भूगोल भित्रबाहेक अन्त गएर हाम्रा झण्डा फहराउन सक्दैनौ तर खेलकुद मात्रै एउटा यस्तो माध्यम हो । जो हामी संसारभरि हाम्रो झण्डा लिएर दौडिन सक्दछौं । त्यसले राष्ट्रियता बलियो बनाउने कुरा, त्यस्तै हाम्रो आन्तरिक राष्ट्रियता । आज हामी प्रदेशको सन्दर्भमा कुरा गरिरहेका छौं र प्रदेशको खेलकुदलाई व्यवस्थापन गर्ने ऐनको बारेमा कुरा गरिरहेका छौं भने हाम्रो प्रदेशको आन्तरिक राष्ट्रियताहरू, हाम्रो प्रदेशको आन्तरिक राष्ट्रियताहरू बलियो भयो भने मात्र बाह्य राष्ट्रियता हुने हो । यो बारेमा मैले चर्चा गर्न खोज्या होइन खाली संयन्त्र मात्र जोडेको त्यो के का माध्यमबाट हुन सक्दछ भन्दा त्यो खेलकुदको माध्यमबाट हुनसक्दछ । खेलकुदमा त्यसकारण खेलकुद आज आर्थिक संवृद्धिको एउटा आधार पनि बनिसक्या छ । मैले सुने अनुसार संसारका धेरै देशहरूले ब्राजील जस्तो देशले मैले ब्राजिलको बजेटमा हेर्दा के देखियो भने, ब्राजिलको बजेटमा सबभन्दा धेरै । जसरी हाम्रो रेमिट्यान्सको कुरा गरिरहेका छौं । ब्राजीलको सरकारको, ब्राजिलको बजेटमा सबैभन्दा धेरै फुटबलको खेलाडीको रेमिट्यान्स आउँदो रहेछ भन्या ब्राजिल आज जुन रूपमा आएको छ त्यसले खेलकुदमा लगानी गऱ्या कारणले । खेलकुदको लगानीबाट झण्डै उसले ६० प्रसेन्ट बजेट बनाउँछ रे । खेलकुद एउटा आर्थिक संवृद्धिको बलियो आधार पनि बन्न सक्दछ त्यसकारण हामीले खेलकुदलाई अल्ली परम्परावादी ढंगले सोचि राख्ने तरिकाहरू पनि हामीसँग छ । त्यसकारण यसलाई आज यो फेरिएको सन्दर्भमा खेलकुदको खेल पर्यटनको कुरा पनि आइरहेको छ आज । खेलकुदलाई पर्यटनसँग जोडेर आर्थिक संवृद्धि हासिल गर्न सकिन्छ भन्ने कुरा आइरहेको छ । ठीक आज हामी आर्थिक संवृद्धिको कुरा गरिरहेका छौं भने खेलकुद पनि एउटा महत्वपूर्ण पक्ष हो । त्यसकारण यसलाई हामीले आर्थिक संवृद्धिसँग जोडेर, हाम्रो आन्तरिक राष्ट्रियतासँग जोडेर या बाह्य राष्ट्रियतासँग, राष्ट्रियतासँग जोडेर या हामीले संसारका सबभन्दा ठूला र शक्तिशाली देशहरूसँग प्रतिस्पर्धा गर्ने र जित्ने एउटा बलियो माध्यमका रूपमा हामीले खेलकुदलाई स्थापित गर्नुपर्ने अवस्था छ । पछिल्लो कालमा नेपालको समाज, नेपाली समाजमा पनि खेलकुदमा महत्वका साथ हेरिएको हामी पाउँदछौं ।

तर पनि यसलाई पर्याप्त श्रोत साधनले हामीले श्रोतसाधन प्रशस्त मात्रमा त्यो क्षेत्रमा लगानी गर्न सकिरहेका छैनौं । पछिल्लो पटक खेलकुदको बारेमा कुरा गर्दै जाँदा यो कोभिड १९ को बेलामा पनि शारीरिक अभ्यास गऱ्यो भने कोभिड १९ सँग लड्न सकिन्छ भन्ने कुरा स्थापित भयो । त्यसकारण मान्छेको स्वास्थ्यका लागि पनि महत्वपूर्ण कुरा रहेछ खेलकुद ।

खेलकुद भनेको हाम्रो आफ्नो स्वास्थ्यदेखि त्यसैले अहिले राष्ट्रिय खेलकुद परिषद्को नारा नै छ, राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भनेर त्यसकारण खेलुकद जति धेरै भनिन्छ कि रुसलगायतका देशमा जतिबेला बञ्जी जम्पको प्रारम्भ भयो, हस्पिटल घटाएर रंगशाला बनाउनुपर्छ भन्ने कुरा पनि निकै स्थापित गरेको हामी देख्छौं । त्यसकारण रंगशाला बनाउनु, हस्पिटल घटाउनसँग पनि यो कुरा जोडिन्छ कि हामीले व्यक्तिगत स्वास्थ्यका लाीग पनि खेलकुद महत्वपूर्ण कुरा रहेछ भन्ने कुरा । त्यसकारण हाम्रो दैनिक जीवनदेखि राष्ट्रको सिङ्गै राष्ट्रियतासँग जोडिएको यो विषय कम महत्वको विषय होइन । त्यसकारण यसलाई हामीले जसरी संसारभरिका देशहरूलाई जुन महत्वका साथ यसलाई अगाडि बढाइरहेका छन् । ठीक त्यसैगरी हामी पनि यसलाई पछिल्लो पटक पछिल्लो केही वर्षहरूमा अझ महत्वका साथ अगाडि बढोस् । हुन त हाम्रो खेलकुद इतिहास त्यति धेरै लामो छैन । खेल्ने कुद्ने इतिहास त धेरै नै लामो होला तर पनि हामीले यसलाई व्यवस्थित गरेको झण्डै ५०-६० वर्षको भन्दा लामो इतिहास छैन ।

हामीले राष्ट्रिय खेलकुद परिषद्को स्थापना गरिसकेपछि मात्रै खेलकुदको अलिकति व्यवसायिक परिचालन भएको अगाडि आएको हामी पाउन सक्छौं । त्यसकारण त्यति धेरै लामो इतिहास हाम्रो खेलकुदको बोकेको छैन तर पनि पछिल्लो कालखण्डमा जसरी खेलकुदलाई स्थापित गर्ने, खेलकुदको माध्यमबाट हामीले हाम्रा राष्ट्रियताहरूको रक्षा गर्ने या खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय प्लेटफर्ममा हाम्रो राष्ट्रिय झण्डालाई स्थापित गर्ने, जे काम हामी गरिरहेका छौं त्यो समग्रतामा एउटा राष्ट्रलाई समुन्नत बनाउने, समग्रमा राष्ट्रलाई बलियो बनाउने एउटा महत्वपूर्ण माध्यमका रूपमा खेलकुद अगाडि आइरहेको छ र यो सन्दर्भमा आजको दिनमा जसरी खेलकुद मन्त्रालय यो सामाजिक विकास मन्त्रालयले यो विधेयक छलफलमा ल्याएको छ र यसले यी सबै सन्दर्भहरूलाई जोड्दै म यत्ति कुरा राख्न चाहन्छु कि सभामुख महोदय, हामीले राष्ट्रिय रूपमा, हाम्रो आन्तरिक रूपमा प्रतिस्पर्धा गर्ने, हाम्रो प्रदेशलाई संवृद्धि, सक्षम छ भन्ने कुरा स्थापित गर्ने यी कुराहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनका लागि यी कुराहरूलाई मध्यनजर गर्दै, यो आवश्यकतालाई मध्यनजर गर्दै हाम्रो प्रदेश सरकारले गण्डकी प्रदेश सभामा खेलकुद सम्बन्धी विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको आज यो सन्दर्भक्रममा जसरी समय सापेक्षित रूपमा आएको छ यसका लागि यो विधेयकलाई म पूर्ण समर्थन व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्दछु धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु**

सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने व्यवस्था सम्बन्धमा बनेको विधयक माथि छलफल गर्दैछौं । साच्चै नै यो एउटा महत्वपूर्ण विधेयक हो । गण्डकी प्रदेशका हरेक खेलाडीहरू यो विधेयकको प्रतिक्षामा बसिरहेको अवस्था हो । मलाई लाग्छ यो, विधेयक अझै चाडै गर्न सकेको भए हाम्रा ती खेलाडी जसको माध्यमबाट हामीले भोलि यो प्रदेशलाई अर्को प्रदेश र प्रतिष्पर्धाको आधारमा अन्तर्राष्ट्रियस्तरसम्म चिनाउन सफल हुनेछौं । एक प्रति आएको छ हाम्रो हातमा परेको छ । हामी त्यसैमा छलफल गर्दै छौं अहिले म केवल सैद्धान्तिक छलफलमा उपस्थित भएको छु । साच्चै नै खेलकुद आफैमा एउटा महत्वपूर्ण पाटो हो । प्राचीनकालमा यसलाई केवल मनोरञ्जनको साधनको रूपमा लिने गरिन्थ्यो भने अहिले यसको परिभाषा फेरिएको छ । खेलकुदले युवाहरूलाई अनुशासित बनाउँछ र यसले सत्मार्गमा हिँड्न पनि सिकाउँछ । कुनै पनि व्यक्ति ऊ आफू अनुशासित भयो भने राम्रो बाटो के हो ? खराब बाटो के हो ? उसले छुट्याउन सक्छ । र मलाई लाग्छ खेलकुदको क्षेत्रमा लाग्ने युवाहरू कुलतमा फसेँको कमै मात्रमा पाइन्छ । त्यसैले यसको विकासले, यस क्षेत्रको विकासले राम्रो गर्छ भन्ने मलाई लाग्छ । आज भोलि धेरै खेलकुदका प्रकृतिहरू बदलिएका छन् । परिस्थितिहरू बदलिएका छन् र हरेक मान्छेलाई निरोगी बन्न परेको छ । हिजो यो खेलाडीले मात्रै खेल्ने हो, यो कसैले मात्रै खेल्ने हो भन्ने सोच जसमा थियो आज धेरै भन्दा धेरै व्यक्तिहरू खेल्नुपर्छ भन्ने सोचमा लागेका छन् । चाहे त्यो राजनेता होस्, चाहे व्यापारी होस्, चाहे अन्य क्षेत्रको कर्मचारी जो होस् । अहिले खेल्नुपर्छ भन्ने सोच बढ्दै गाको छ । चाहे व्याडमिन्टन होस्, चाहे अन्य खेल होस् हरेक मान्छेले आफ्नो आवश्यकता अनुसार र परिस्थिति अनुसार कुनै न कुनै खेलमा सहभागी भएको हामीले पाएका छौं त्यसैले पनि यसको क्षेत्रको महत्व यो अझै फराकिलो हुँदै गाको छ ।

खेलकुदले व्यक्तिमा एउटा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्दछ । प्रतिष्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्दछ । त्यति मात्रै होइन, प्रतिष्पर्धा त गर्छ गर्छ, त्यो प्रतिस्पर्धालाई इगोको रूपमा लिँदैन । खेलकुदले के भन्छ भन्दा तिमी प्रतिष्पर्धा गर र त्यो सित सँगसँगै एक आपसमा भाइचाराको सम्बन्ध पनि बढाउँदै जाऊ है भन्छ । त्यो परिस्थति सिर्जना गर्छ, भाव बढाउँछ, भाइचाराको भाव बढाउँछ आपसमा त्यसैले पनि खेलकुद आफैँमा महत्वपूर्ण छ भन्ने मलाई लाग्छ । यसले मैले अघि नै निवेदन गरेँ । राष्ट्रलाई चिनाउने काम गर्छ । साच्चै नै हामी विश्वमा प्रतिस्पर्धा गर्न केहीसँग सक्छौं भने त्यो हाम्रो खेलकुदै हो । हामीले यसलाई लगानी गर्न डराउनु हुँदैन । लगानी गर्न कञ्जुस्याई गर्नु हुँदैन । खेलाडीहरूको हातमा अगाडि बढेन किसिमले अगाडि बढ्नुपर्ने स्थिति सिर्जना भयो भने साच्चै नै एकदिन हाम्रा खेलाडीहरूले म गर्वका साथ भन्छु, म ती खेलाडीलाई सम्मान पनि गर्न चाहन्छु ।

एक दिन हाम्रा प्रदेशका खेलाडीहरू अन्तर्राष्ट्रियस्तरमा चर्चित हुनेछन् । अन्य प्रदेशका खेलाडीहरूले नेपालको झण्डालाई अन्तर्राष्ट्रियस्तरसम्म विजयको रूपमा फहराउने छन् । त्यसैले पनि यसको महत्व आफैंमा छ । हिजो मनोरञ्जनको साथको रूपमा मात्रै लिइने खेलकुदले अहिले कहीँ न कहीँ आर्थिक संवृद्धिको पाटो पनि बनेको छ । चाहे त्यो खेलाडीको जीवनस्तरमा होस्, अथवा राज्यलाई हुने फाइदामा होस् यसले केही न केही आर्थिक संवृद्धिको विकास पनि गरेको छ । त्यसैले यसको आवश्यकता छ । अर्को कुरा यो विधेयक आइसकेपछि मलाई के लाग्छ भने, हाम्रा धेरै जस्ता प्रतिभाहरू गाउँगाउँमा छन् जसको खोजी हुनै सकेको छैन । गाउँमा छन्, मोफसलमा छन्, सम्पर्कमा छैनन् । राम्रा प्रतिभाहरू भएर पनि उनीहरू ऋाउन सकेका छैनन् । उनीहरूको क्षमता त्यो क्षमता देखाउन सकेका छैनन् । अब हामीले केही गर्नुपर्छ त्यसको खोजीतिर लाग्नुपर्छ त्यसैले पनि यसको महत्व छ । अहिलेसम्म जति खेलकुदको विकास हुन पर्थ्यो, त्यति सकेको छैन । पहिलो कुरो त राज्यले खेलकुदलाई महत्व दिनै सकेको छैन । यो गर्न पर्छ है भनेर हामी झारा टार्ने काम भन्छौ नि त कहिँ न कहिँ झारा टार्ने काम गरेका छन् । विधेयक सिधेयक बनाइदियो, अलिअलि यो गठनसठन गरिदिएपछि झारटारियो भनेर टेखाउन हुन्छ भन्ने सोच पैदा भाछ त्यसले पनि खेलकुद कहिनकही ओझेलमा परिरहेको छ । यसले जति महत्व पाउनपर्ने हो राष्ट्रिय महत्व त्यति पाएको देखिँदैन । राज्यले जहिले पनि लगानी गर्नुपर्छ यो क्षेत्रमाभन्ने सोच अरु क्षेत्र जस्तो हो यो क्षेत्र पनि भन्ने तिर हाम्रो ध्यान गाको  छैन । राज्यको गाको छैन । त्यस्तै पूर्वाधारहरू खेलकुदका लागि चाहिने आवश्यक पूर्वाधारहरू हामीले आवश्यकतानुसार निर्माण गर्न सकेको छैन । त्यसकारण पनि कही न कहीँ यो क्षेत्र पछाडि परेको छ । राष्ट्रिय खेलकुद समिति त्यत्तिकै छ । सबैभन्दा महत्वपूर्ण पाटो के हुन्छ भन्दा खेलाडीहरूले यो खेलकुदमै लागेर हाम्रो भविष्य सुनिश्चित हुन्छ है, सुनिश्चित छ भनेर ढुक्क हुने परिस्थिति पनि सिर्जना भाको छ । यसो एउटा दुईटा गेममा खेल्यो राम्रै गर्छ पदक पनि ल्याउँछ राम्रै काम गर्छ तर राज्यले उसलाई महत्व दिँदैन । उसको महत्व कहाँ नेर हो के हो भनेर सोच्दैन त्यसैले कुनै पनि खेलाडीले म खेलकुदमा लागेर मेरो भविष्य सुनिश्चित हुन्छ भन्ने अहिलेसम्म कुनै पनि खेलाडीलाई लागेको छैन हामीले त्यो बनाउन जरुरी छ ।

गण्डकी प्रदेश सरकारले, गण्डकी प्रदेशले हरेक खेलाडीहरूलाई होइन, खेलाडीहरूले गर्वका साथ म खेलाडी हुँ । म एउटा राष्ट्रको पहिचान हुँ र मेरो भविष्य यहीँ भित्रै छ, मैले यही भित्रै खोज्नुपर्छ । म विदेशिनु हुन्न, म दायाँबायाँ लाग्नु हुन्न भने सोच्ने अवस्था हामीले सिर्जना गर्नुपर्छ । उनीहरूलाई प्रोत्साहित गर्न जरुरी छ भन्ने मलाई लाग्छ । यो विधेयक आएको छ सैद्धान्तिक छलफल भएको छ । यहाँ केही कमिकमजोरीहरू पनि छन् । यो सैद्धान्तिक छलफल भएको हुँदा म दफाबार छलफलतिर गइन् । यहाँ गठनका कुराहरूमा, केही नियुक्तिका कुराहरूमा अझै पनि स्पष्टता छैन । त्यसलाई हामीले विधायन समितिमै

बसेर छलफल गरेर स्पष्ट पार्ने कामलाई गरौंलाँ, स्पष्ट छैन । अर्को कुरा के हो त भन्दा अर्को सरकार स्थानीयस्तरमा अर्को सरकार छ स्थानीय सरकार । त्यो स्थानीय सरकारसँग समन्वय कसरी गर्ने र त्यो स्थानीय सरकारसँग तालमेल कसरी गर्ने भन्ने बारेमा पनि यो विधेयकमा अझ स्पष्ट रूपमा बोलेको पाइँदैन । अब यो बारेमा पनि हामी दफाबार छलफलमा विधायन समितिमा जाँदा हामीले यो बारेमा कुरा गरौंला । यिनै कुराहरू राख्दै साच्चै नै यो विधेयकले यो प्रदेशका खेलाडीहरूलाई हामी यो प्रदेशका खेलाडी हौं भने गर्व गर्न सक्ने परिस्थिति सिर्जना गरोस् धन्यवाद । जयनेपाल ।

**माननीय सदस्य श्री पुष्पा केसी भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक २०७७ माथि सैद्धान्तिक छलफल गर्नुपर्दा यो विधेयकको उद्देश्य र कारणलाई एक नजर हेर्‍यौं भने विधेयक किन आइरहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । तर म यहाँ ती कुराहरूको उदृत गर्नुभन्दा पहिला खेलकुदकै बारेमा थोरै चर्चा गर्न अनुमति चाहन्छु । सभामुख महोदय, खेलकुदलाई अतिरित्त क्रियाकलाप अन्तर्गत राखेर विद्यालय स्तरमा १ जना शिक्षक समेत राखि विभिन्न खेलहरू खेलाउने प्रचलन हाम्रो मुलुकमा यद्यपि छदैछ । यसरी खेलहरू खेल्ने क्रममा विद्यालयहरूको आफ्नै आन्तरिक समूह बनाएर पनि प्रतिशपर्दा गर्ने त्यसपछि विद्यालयहरू बिचका प्रतिस्प्रर्धा गराइने जिल्लास्तरीय, अञ्चलस्तरीय तथा राष्ट्रियस्तरका खेलहरूमा समेत विस्तारित यिनै बालबालिका सहभागी हँदै अन्तराष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त गरी मुलुकलाई अनेकौं प्रगतिका कुराहरू हामीलाई नयाँ होइनन्, ती क्रियाकलापहरू भईरहेकै छन् । तर अहिलेको संविधानले खेललाई जीवनको महत्वपूर्ण पक्षका रूपमा अंगिकार गरी संविधानमै उल्लेख गर्नुले यो अतिरिक्त क्रियाकलापमा नभै प्राथमिक क्रियाकलापमा परेको सन्देश प्राप्त हुन्छ । सभामुख महोदय, जब व्यवस्थित विद्यालयहरू थिएनन् या कसैले वैधानिक शिक्षालयबाट विधिवत शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्दैनथे उनीहरू पनि खेलहरू खेल्दथे । खेलले आ-आफ्नै परिवेशमा जन्मिएका हुन्थे र त्यहि परिवेश खेलिन्थे । लिखित नियम नहुँदा पनि नियम हुन्थे र हार्दिक पनि  हुन्थे । खेलले त्यो बेलामा पनि स्थान प्राप्त गरेकै थियो । अहिले लोप हुँदै गइरहेका थिए । आजकलका बालबालिकाहरू लुकिडुम खेल्दैनन् । एकखुट्टे अथवा डण्डिबियो, रिठेका गेडाका गुच्चा खेल्ने परम्परा पनि बदलिदो परिवेशसँगै हराइसकेको छ । त्यसको स्थानमा हिजोआज बालबालिका मोबाइलमा गेम खेल्न तल्लीन देखिँन्छन् । यो विधेयकले बालबालिकालाई पुन खुल्ला संसारमा विचलित गर्न अभिप्रेरित गर्नेछ भन्ने म ठान्दछु ।

सभामुख महोदय, खेलकुद भनेको शान्त र समृद्ध समाजको धोतक हो । जहाँ शान्ति सुव्यवस्था छ त्यहाँ मात्रै खेलकुद हुन सक्दछ खेलकुद मौलाउन सक्दछ ।  म यसको एउटा

उदाहरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । विश्वकप फूटबल १९३० बाट शुरु भएको हो भनिन्छ । प्रत्येक ४/४ वर्षमा हुने यो खेल द्वितीय विश्वयुद्धका कारण १९४२ र १९४६ मा आयोजना हुन सकेन । जब संसारमा शान्ति स्थापना भयो । तब नै खेलले पुनः गति लियो त्यसैले नेपालमा पनि १९२१ तिर राणाकालमा नै फूटबल खेल सुरुवात भएको हो भन्ने पाइन्छ । फूटबललाई संस्थागत रूपमा व्यवस्थित गरी प्रतियोगितात्मक रूपमा १९३४ बाट खेल्न शुरु गरियो र १९४७ मा त्रिभुवन च्यालेन्ज शिल्ड भनेर खेलियो तर सोही समयबाट मुलुकमा राणाशाही विरुद्ध क्रान्ति शुरु भएकाले यस्ता प्रतियोगितामा प्रतिरोध आएर १९५१ मा आएर फेरि त्रिभुवन च्यालेन्ज शिल्ड नकआउट टुर्नामेन्ट सम्पन्न भयो । १९५१ मा नै अखिल नेपाल फूटबल संघ स्थापना भएर १९७२ मा फिफासँग आवद्ध रह्यो । यसरी त्यसपछिका दिनमा विकसित हुँदै आएका खेलकुद वीरेन्द्र शिल्डका रूपमा परि चर्चित रहेको हो र जटिलता खेल्ने गति लिन सक्नु त्यो हामीलाई स्पष्टै छ । यसरी देशमा पुन अमनचयन कायम भएपछि आजका दिनमा हामीहरू संविधान प्रद्धत्त अधिकारको प्रयोग गरी खेललाई एउटा विषयका रूपमा उठान गरिरहेका छौं । त्यसैले खेलकुद हुनु भनेको मुलुकमा अमनचयन छ भन्ने पुष्टि गर्ने माध्यम पनि हो भन्न सकिन्छ ।

सभामुख महोदय, आजका दिनमा आइपुग्दा छोरीहरू पनि खेलको मैदानमा देखा पर्न थालेका छन् । मुलुकको श्रीवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । महिला विश्वकप फूटबल शुरु भएको पनि २९ वर्ष भइसकेको छ । १९९१ बाट महिला विश्वकप शुरु भएको पनि नेपाली महिला फूटबल खेलाडीलाई त्यहाँसम्मको यात्रा तय गर्न निकै संघर्ष गर्नुपर्ने हुन्थ्यो । कारण नियमित प्रशिक्षणको अभाव, महिला खेलाडी माथि लगानीको अभाव, अभिभावकबाट छोरीलाई खेलमा लान कम प्रोत्साहन, खेलबाट भविष्यको निर्माणको सुनिश्चतताप्रति अविश्वास आदि तर यो विधेयकले यो यात्राको दूरी छोटो बनाउने छ भन्ने मलाई लाग्दछ ।

**सभामुख महोदय,** नेपालको राष्ट्रिय खेल डण्डिबियो भन्दै गर्दा २०७४ जेष्ठ ४ गते तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहल प्रचण्डको मन्त्रीपरिषद्ले भलिबललाई नेपालको राष्ट्रिय खेलको घोषण गर्ने निर्णय गरेको थियो जुनसुकै भूगोलमा खेल्न सकिने यो खेल लोकप्रिय खेल पनि हो । तर संसारका विभिन्न मुलुकहरूमा १ भन्दा बढी पनि राष्ट्रिय खेलहरू रहेको भेटिन्छ । सभामुख महोदय, यसरी मैले एउटा दुईटा चर्तित खेलहरूको बारेमा यहाँ जिकिर गर्नुको कारण यो विधेयकको औचित्य पुष्टि गर्नु नै थियो । संविधानमा उल्लेख विषयहरू कानून बनेर व्यवहारमा आउनु भनेको राज्यको सफलताको चरण हो । आज नेपाल समृद्धमा प्रवेश गरेर तीनै तहका सरकारहरू संस्थागत भइसकेर तीनै तहबाट राज्यको चौतर्फी विकासमा तीब्रता रूपमा अगाडि बढ्ने क्रममा प्रदेश सरकारबाट यो विधेयक आएको छ । यो विधेयकले प्रदेश सरकारको खेलकुद विकासप्रतिको गहन

जिम्मेवारीलाई बोध गरेको प्रमाणित गर्दछ । त्यतिमात्र नभई खेलकुदका माध्यमबाट प्रदेश वा स्वास्थ, सक्षम र अनुशासित नागरिक तयार गरेपनि प्रदेश सरकारको धेय रहेको छ भन्ने पुष्टि गर्दछ ।

सभामुख महोदय, यो विधेयकलाई सर्सर्ती हेर्दा विधेयकको गहकिलो पक्ष यो विधेयक महिला मैत्री, अपाङ्ग मैत्री भएको र प्रदेश खेलकुद परिषद्को संरक्षण उच्च मन्त्री रहने व्यवस्था भएको मनोनित गर्दा भौगोलिक क्षेत्र लैगिक र जातजातिको प्रतिनिधित्वलाई ध्यानमा राखिएका विषयहरू छन् भने खेलकुदमा जोडिएका व्यक्तिहरूको हितका निम्ति स्थापना गरी कल्याणकारी कोष पनि यो विधेयकमा शुद्ध पक्ष मानिएको छ । नेपालको संविधान २०७२ ले राज्यका नीतिहरू भनेर धारा ५१ मा उल्लेख गर्दै सामाजिक न्याय र समावेशीकरण सम्बन्धित नीति भनेर खण्ड ञ मा उल्लेख गरेर त्यस्तै उपखण्ड १३ मा स्वास्थ संस्था अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भन्ने उल्लेख छ । त्यसैगरी यो विधेयकको उद्देश्य, कारण र प्रस्तावनामा पनि खेलकुदको माध्यमबाट मुलुकको एकता प्रबर्द्धन गर्दै स्वास्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा खेलाडीको व्यविसायिक सुरक्षा गर्ने प्रदेश स्तरमा खेलकुदको संरक्षण, सम्बर्द्धन र विकास गर्न खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न भन्ने वाक्यांश प्रदेश सरकारको खेलकुद र खेलाडीप्रतिको संवेदनशीलतालाई दर्शाउछ । असल नागरिकताका साथमा असल खेलाडी पनि उत्पादन गर्न यो विधेयक उद्धत देखिन्छ । यो विधेयकले खेलाडीलाई खेलबाट जीवनयापन गर्न सकिन्छ भन्नेतर्फ संकेत गरेको छ भन्ने मेरो बुझाइछ । अधिकांश अभिभावकहरूले आफ्ना नानीबाबुहरूलाई खेलमा लागेर बिग्रियो या पढाइ बिगार्‍यो भन्ने गरेको सुन्न पाइन्छ भने कतिपयले स्वर्ण पदक विजेताहरू खेल जीवनको उत्तरार्धमा या खेल जीवनको अवकाशबाट निराशाजनक अवस्थामा रहनु परेको उदाहरणहरूले खेलप्रति निराशा र अभिभावकमा भय सिर्जना हुने गरेकोमा हालका दिनहरू व्यवस्थित सुधार हुँदै आएको अवस्थामा यो विधेयकले ती अभिभावक र खेलमा इच्छुक बालबालिकामा खेलमा भविष्य देख्ने वातावरण सिर्जना हुने छ भने आत्मरक्षाको क्षमता पनि अभिबृद्धि गर्ने छ भन्नेमा पनि म विश्वस्थ छु । के छोरा के छोरी पढाइ होस् या खेलकुद दुवैमा बराबरी भन्ने अवधारणालाई मूर्त रूप दिन यो विधेयक सक्षम होस् भन्ने शुभकामना राख्दै यो विधेयक आजको समयमा अत्यन्त महन्वपूर्ण रहेको र प्रदेशमा खेलकुदको उन्नयन र असल नागरिक र खेलाडी तयारी पार्न यो विधेयक प्रभावकारी हुने छ भन्नेमा आफू र आफ्नो दल विश्वस्त रहेको अवगत गराउँदै सैद्धान्तिक छलफलबाट आज्ञा चाहन्छु, धन्यवाद !

**माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सन्दर्भमा बनेको विधेयक उपर सैद्धान्तिक छलफलमा जुटिरहेका छौं र यो सैद्धान्तिक छलफलमा आफ्ना भनाइहरू राख्नका निम्ति समय दिनुभएकोमा आदरणीय सभामुखप्रति हार्दिक ज्ञापन गर्दै छलफलमा मेरा केही छलफलहरुलाई अगाडि बढाउने अनुमति चाहन्छु । वास्तवमा भन्ने हो भने युवाहरूको प्रमुख आकर्षणको केन्द्रविन्दु हो खेलकुद युवाहरूले अत्यन्तै रुचाएको र यसमा भविष्य खोजिरहेको अवस्था हो खेलजगत् । यसलाई व्यवस्थित गर्नको निमित्त र प्रदेश सरकारले ढिलै भएपनि यो प्रकारको यो विधेयकहरू ल्याइरहेको छ यस मानेमा प्रदेश सरकारलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यो विधेयकमा सबैभन्दा पहिला मैले के कुरा राख्न चाहन्छु भने यसको प्रस्तावनामै खेलकुदलाई एउटा खेलाडीहरूको व्यवसायिक सुरक्षा गर्नका निमित्त भनिएको छ । त्यो भन्दा पनि व्यवसायिक सुरक्षाको प्रत्याभूति गर्नका निमित्त भनेर ल्याउँदा अझ उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ । यसले एउटा कर्मकाण्डी मात्र नभइकन साँच्चिकै गण्डकी प्रदेशमा युवाहरूलाई यो खेलजगत्मा एउटा महत्वपूर्ण एउटा अवसर प्रदान गर्दछ भन्ने कुराको संकल्प गरेको हुन्छ त्यसकारणले गर्दाखेरी मैले प्रत्याभूति गर्नका निमित्त भन्ने वाक्यांश थपेर जाँदा राम्रो हुन्छ भन्ने मैले सुझाव दिन चाहन्छु । मुख्य गरी यो विधेयकको तीव वटा मकसद हुनुपर्छ जस्तो मलाई लाग्छ । एउटा कम्प्युटेटिप, सस्टेनेबल र फन्डामेन्टल गाइड यो विषयमा हामीले कम्प्युटेटिप भन्ने वित्तिकै प्रतिष्पर्धात्मक हिसाबले हामीले हेर्‍यौं खेललाई हामीले वास्तवमा त्यसलाई हामीले प्रतिष्पर्धाको रूपमा कार्यक्रमको दायरामा मात्रै होइन त्यसलाई जित्नका निमित्त हामीले कार्यक्रम गर्नुपर्छ त्यो खेलजगत्मा हामीले प्रतिष्पर्धामा भाग लिदाँखेरि जित्नका लागि त्यो खेलमा भाग लिइरहेका छौं भन्ने कुराको आभाष हुँदैन तबसम्म खेललाई व्यवसायका रूपमा प्रदान गर्न सकिँदैन । किनभने खेल खेल्नका लागि मात्र हामीले भाग लिन्छौं भने त्यहाँ हाम्रो लगानी हुँदैन त्यहाँ हाम्रो सम्पूर्ण क्रियाकलापहरू हुँदैन त्यसकारणले जित्नकै लागि खेल खेलिन्छ भन्ने हिसाबले गयौं भने त्यहाँ आवश्यक लगानी विषय त्यसका लागि प्रविधिहरू प्रयोग गर्ने विषय र आवश्यक पर्नआउने विषय पनि समावेश हुन्छन् र त्यो आकर्षित हुन्छ त्यसकारणले गर्दाखेरी यो जित्नका लागि भन्ने विषयलाई पनि हामीले महत्वपूर्ण ध्यानदिनुपर्छ जस्तो मलाई लाग्छ । आज लाखौंको संख्यामा प्रतिभा पलायन हुने स्थिति छ ।

युवाहरूको मुख्य आकर्षको क्षेत्र खेलजगत्मा यी तीनवटा विषयमा सरकारले गम्भिर ध्यान नपुगेको देखिन्छ । फलतः नेपालको खेलजगत् नाम मात्रको भएको छ यसले व्यवसायकता प्राप्त गर्न सकेको छैन । खेलकुदलाई एउटा प्रदेशको अर्थतन्त्रसँग जोडेर लानुपर्छ प्रदेशको अर्थतन्त्रको एउटा मुख्य कडीको रूपमा पनि हामीले सोच्यो भने मात्र यो खेल जगत्मा हामीले लगानी गरेको औचित्यता हामीले बुझ्न सक्छौं त्यसकारणले गर्दाखेरी यो खेल

जगत्मा हामीले कति लगानी गर्ने ? कति प्रतिशत हाम्रो बचतको कति प्रतिशत खेल जगत्मा लगानी गर्ने ? भन्ने हिसाबले हामीले त्यसलाई एउटा गौरवको अनुभूति गर्न सक्छौं । किनभने खेलजगत्ले हामीले स्वास्थ्यसँग मात्र जोड्दाखेरी खेलजगत्लाई स्वास्थ्यसँग हेरेर मात्रै जोड्दाखेरी यसलाई चिन्ताको नजरले मात्रै देखिँएको छ मैले त्यो अनुभूति गर्दछु । किनभने यो खेलजगत्लाई एउटा फन्डामेन्टल राइटको रूपमा नभइकन यसलाई यसलाई एउटा कृपाको रूपमा एउटा जिम्मेवारीका रूपमा मात्रै नभएर हामीले यसलाई गर्नुपर्छ अलिकति भएपनि केही न केही गर्नुपर्छ भन्ने हिसाबले गरिरहेको अवस्थामा यो खेलको वास्तविक रूपमा खेल विकास हुन सक्दैन वास्तवमा वृद्धि हुन सक्दैन । खेलाडीहरूको मनोबल उच्च राख्न सकिँदैन त्यसकारणले गर्दाखेरी यसलाई एउटा प्रदेशको अर्थतन्त्रसँग जोडेर हेर्दा यसले अझै बढी औचित्यता प्रदान गर्दछ भन्ने मैले अनुभूति गरेकी छु र यो अनुरोध गर्न चाहन्छु । प्रदेश सरकारले ल्याएको यो विधेयकमा पक्कै पनि विगतका केही कमी कमजोरीहरु गम्भीर अध्ययनकै आधारमा ल्याइएको हुनुपर्छ । हाम्रो यसमा सम्मान छ । यसको व्याख्या भन्दा पनि चुनौतिहरूलाई धेरै भन्दा धेरै रूपमा सामना गर्ने खालका पूर्वाधार निर्माण गर्न आवश्यक देखिन्छ । अबको बहस सम्भावना भन्दा पनि चुनौतिमा आधारित हुनुपर्छ जसका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने आवश्यक लगानी गर्ने र नयाँनयाँ प्रविधिहरूको प्रयोग गर्ने र ऐले वास्तवमा खेलजगत्हरू अहिले संसारमा प्रविधिहरूको प्रयोगहरू दिनानुदिन वृद्धि भइरहेको छ । हामी त्यो अनुसरले अपडेट हुन सकिराखेका छैनौं । जसका कारणले गर्दा खेलजगत्मा अत्यन्त तल्लो हाम्रो बामे सर्ने अवस्था छ । त्यसकारणले गर्दाखेरी खेलजतमा त्यो स्थान प्राप्त गर्नका निमित्त हामीले प्रविधिहरूको भरपुर प्रयोग गर्नका निमित्त हामीले त्यो खालको बजेटहरू निर्माण गर्ने र आवश्यक कार्यविधि र कार्ययोजनाको आवश्यक छ । हाम्रो देशमा अर्थतन्त्रको गतिविधिलाई विचार गर्न सकिन्छ । त्यसका लागि तयारीहरू केके हुने ? खेल प्रतिष्पर्धा हुने कि सिम्बोलिक हुने भन्ने विषयमा गम्भीर निचोड दिन उपयुक्त हुने माइन्डको आवश्यकता छ मलाई लाग्छ यो विधेयकले त्यतातर्फ पनि ध्यान दिन गम्भीर आवश्यक छ यो मानेमा मेरो सरकारसमक्ष सुझाव छ । यो आज राखेप जुन प्रकारको गतिविधिहरू विषयमा चर्चा परिचर्चा भइरहन्छ । यो राखेपमा एउटा राजनीति गर्ने अखडाको रूपमा मात्रै प्रस्तुत भयो यो । यसले खास काम गर्न सकेन भन्ने प्रकारको जुन प्रकारको गतिविधिहरू जुन प्रकारको व्याख्याहरू हामीले सुन्नमा आउँछ हाम्रो तथ्यमा पनि त्यो प्रकारको गतिविधि आयो भने त्यो विडम्बना हुन सक्छ/जान्छ । त्यसखालको गतिविधिहरू जुन नेपोटिजम र जुन गुप्रिजमको कुराहरू छ यो विधेयकले त्यो कुरालाई द्रुतपूर्ण रूपमा अगाडि बढोस् भन्ने मैले चाहन्छु । यो नेपोटिजम र जुन रुपिटिजमका कारणले गर्दाखेरी नयाँनयाँ क्षमतावान प्रतिभाहरू छन् उहाँहरूको प्रतिभा प्रस्फुटित गर्ने कुरा अवसरलाई बज्जिकीकरण गरिएको

अवस्था छ । त्यो कारणले गर्दा विधेयकले त्यो नेपोटिजम र जुन ग्रपिटिजमको जुन जायज छ त्यसलाई तोड्नका निमित्त पनि यसले महत्वपूर्ण भूमिका खेलोस् भन्ने शुभकामना व्यक्त गर्दै मेरा आफ्ना भनाइहरू अन्त्य गर्ने अनुमति चाहन्छु  धन्यवाद !

**माननीय सदस्यहरू श्री विनोद केसीलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, आज हाम्रो गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयका मन्त्रीज्यू लगायत मन्त्रालयका सम्पूर्ण टिमले यो गण्डकी प्रदेशमा खेलकुद विकास सम्बन्धित विधेयक प्रस्तुत गरेका छौं । विशेषः म आभार व्यक्त गर्न चाहन्छु । मन्त्रीज्यू लगाय मन्त्रालयका सम्पूर्ण टिमलाई जसरी हामी विहानको सूर्यलाई हामी स्वागत गर्छौं त्यसै गरी मलाई लाग्छ आज गण्डकी प्रदेशका युवाहरू र सम्पूर्ण गण्डकीवासीहरूले यो विधेयकलाई स्वागत गरेका छौं । यो विधेयक अति नै महत्वपूर्ण छ । यो विधेयकले हामी गण्डकी प्रदेशका सम्पूर्ण प्रदेशवासी विशेषः युवाहरूको लागि भावनामा समेट्ने गरी यो विधेयक आएको छ भन्ने मैले बुझेको छु । यो सैद्धान्तिक छलफल भएको हुनाले दफबार छलफलमा हामीहरू जाउँला र विशेषगरी मैले खेलकुदको क्षेत्रमा विशेषः म आफू पनि ऐले त युवाकै रूपमा रहेको हुँदा विशेषगरी जहाँ जता जादापनि युवाहरूको धेरै ठूलो खेलकुदप्रति आशा जागेको खेलकुदमा धेरै रुचि रहेको यसलाई हामीले राम्रोसँग सम्बोधन गर्न नसकिरहेको यो अहिलेको अवस्थालाई विशेषत यो विधेयक आएको छ । ऐले हाम्रो प्रदेश भरी ऐल खेलकुदका क्षेत्रहरू खेलकुदका विकास सुस्त भएर खाली भएर उपस्थित भएको अवस्था छ । हाम्रो प्रदेशको सरकारले हामीले खेलकुदका क्षेत्रमा भनेजस्तो काम गर्न सकिरहेको अवस्था छैन । विशेष गरी अब यो विधेयक बन्ने वित्तिकै विधेयक अगाडि बढ्ने वित्तिकै यी गतिविधिहरू अगाडि बढ्ने छन् । विशेषत अझ यो कोभिडको कारणले पनि खेलकुदका क्षेत्र केही जाम भएको खेलकुदमा केही युवाहरूको एउटा आकांक्षालाई परिपूर्ति गर्न नसकेको कानूनसँगसँगै सरकारको यो कार्यन्वयनले पनि खेलकुदका क्षेत्रमा एउटा सुधार हुनेछ भन्ने मैले अपेक्षा लिएको छु ।

यस विषयमा धेरै माननीयज्यूहरूले धेरै कुराबाट यसको महत्वको बारेमा भनिराख्नु भएको छ । ती महत्वमा मैले फेरि पनि दोहोऱ्याइ राख्नु भन्दा पनि विशेष गरी यो खेलकुद क्षेत्र मात्र यस्तो क्षेत्र हो हामीहरू कुनै राजनीतिक फिल्डमा गएर हामीले जित्दै गर्दा कहिले कम्युनिष्टले जित्दै गर्दा कांग्रेस हारे जस्तो र कांग्रेसले जित्दै गर्दा कम्युनिष्टले हारेको जस्तो अथवा कुनै टिमले जित्दै गर्दा एउटाले हारेजस्तो हुन्छ भने यो खेलकुद विधा यस्तो विधा हो जहाँ खेलकुदले जित्दा खेलाडीले जित्दा हामी सबैले जितेको अनुभव गर्छौं । जब खेलाडीको खेलकुद गरिन्छ र ऊ राष्ट्रिय झण्डा बोकेर ग्राउन्डमा दौडिन्छ र सबैको के राजनीतिक दल

के जाति के भूगोल सबैको मुटु थर्थर कामेको हुन्छ र हामी त्यहाँ खेलकुदको आशाप्रति खेलकुदप्रति, राष्ट्रप्रति हामी कसरी बोलेका हुन्छौं ? केले यसलाई प्रतिनिधित्व गरेको हुन्छ ? यसरी नै यसको प्रस्तावनामा भनेको छु खेलकुदको माध्यमबाट राष्ट्रिय एकतालाई बलियो बनाउने प्रस्तावना छ । त्यो प्रस्तावनामा अरु नै खेलको मर्म अगाडि बढाउँछ भन्ने मैले बुझेको छु । विशेष गरी यो खेलकुद क्षेत्रको बारेमा अघिनै विशेष धेरै कुरालाई भनिसक्नु भएको छ । खेलकुद क्षेत्र यस्तो क्षेत्र हो यसले धेरै कुराहरू युवाहरूको हामी कुलतमा लागेको कुराहरू युवाहरूको भावना बुझ्ने कुराहरू युवाहरूको माध्यमबाट राष्ट्रप्रति जिम्मेबार बनाउने कुराहरू धेरै कुराहरू अनुशासित बनाउने कुराहरू खेलकुदको माध्यमबाट बन्ने भएको हुनाले हामीले जति भन्यौं त्यही अनुसारको मलाई विश्वास छ । गण्डकी प्रदेश सरकारले यही खालको बजेट विनियोजित गरेर यही खालको वातावरण बनाएर खेलकुदप्रति बढीभन्दा बढी लगानी मैले अघि नै दीपक माननीयले धेरै कुरा भनिसक्नु भएको छ । हामी खेलकुद क्षेत्रबाट धेरै स्वस्थ नागरिकहरू उत्पादन गरेर त्यो स्वस्थ नागरिकलाई राष्ट्रप्रति जिम्मेवारी बनाउने कुराहरूमा यो गण्डकी प्रदेश सरकार लाग्ने छ ।

विशेषत यो प्रस्तावनामा मुख्यमन्त्री यसको संरक्षक रहने माननीय मन्त्रीज्यू यसको अध्यक्ष रहने गरी कार्ययोजना बनेको छ । मुख्य नेतृत्व मुख्य टिमले नै खेलकुदलाई सार महत्व दिनुपर्छ यसलाई विधेयकमा राखेको छ । यसलाई पक्कै पनि प्रदेश सरकारले खेलकुदप्रति राम्रो काम बन्नेछ भन्ने मैले विश्वास व्यक्त गरेको छु । विशेष गरी यो खेलकुदको माध्यममा जे जति भएका छन् हामीहरूको तुलनामा हामी केही कमीकमजोरी हौंला विगतको तुलनामा मलाई लाग्छ खेलकुदको क्षेत्रमा केही राम्राहरू बनेका छन् । विशेष गरी केही कमीकमजोरीहरू खेलकुदको क्षेत्रमा लाग्ने यो हाम्रो पहाडी भूभागमा छरिएको बस्तीमा सबै ठाउँमा युवाहरूलाई गएर खेलकुद खेल्ने खेलकुद मैदान बनाउने जस्ता कुराहरू कतिपय हाम्रा कारणले भौगोलिक कारणले बनाउन धेरै कठिनाइहरू भएका हुनाले पनि अब बनेका तीनै तहका सरकारहरू संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले मिलेर तत् ठाउँमा खेलकुद क्षेत्रमा खेलाउने त्यहाँ खेलाडीको भावना समेट्ने खेलाडीहरूको मनोबल बढाउने गरी तीनै तहका सरकारहरूले हामीले काम गर्‍यौं भने पक्कै पनि विकसित हुने छ । खेलकुदको क्षेत्रले यस्तो बनाउँछ कि ऐले विश्वलाई हेर्‍यो भने हामीहरूलाई भन्यो भने अथवा विश्वको ठाउँमा हेर्‍यो भने दायरा पनि सानो दायरामा हुँदैन आज हामी कुनै नेताको कुनै साधारण नाम भन भन्यो भने सक्दैन विश्वको कुनै पनि खेलाडीको नाम भन भन्यो भने फटाफट खेलाडीको नाम भन्न सक्छ । त्यस्तो खालको क्षेत्र भएको हुनाले पनि खेलकुद क्षेत्र धेरै महत्वपूर्ण क्षेत्र हो । खेलकुद क्षेत्र हाम्रो ठाउँमा विशेष गरी व्यवसायिक क्षेत्र बनाउनु पर्ने आवश्यकता छ । अघिनै माननीयज्यूहरूले भनिसक्नु भो जवानी भइन्जेल, उमेर भइन्जेल एउटा पदक लिएर राष्ट्रका लागि खेल्यो भन्यो तर आफ्नो

उमेर सँगसँगै उसका दिनचर्याहरू धेरै कमजोर भएको देखेका छौं । त्यस्तो खेलाडी देशको लागि योगदान दिएका खेलाडीहरूलाई पक्कै पनि प्रदेश सरकारले विभिन्न कार्यनीतिहरू विभिन्न राजनीति लिएर सम्मान गर्ने र खेलकुदप्रति बढीभन्दा बढी लाग्ने वातावरण ल्याउने छ भन्ने यो विधेयकले ल्याउने छ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा यो विधेयक जसरी आएको छ यो १६ वटा पेजमा मन्त्रीज्यू र धेरै मन्त्रालयले साथ दिएको छ । हामी दफावार छलफलमा बसेर यसका विषयमा के सुझावहरू छन् भने हामी सम्बन्धित राष्ट्रिय पदक पाएका खेलाडीहरू अझ खेलकुद प्रति जानकार व्यक्तिहरूलाई पनि राखेर हामी रचनात्मक सुझाव हामी मन्त्रालय मन्त्रीज्यूलाई दिने छौं । ती मन्त्रालय मन्त्रीज्यूहरूले पनि रचनात्मक सुझावलाई ग्रहण गर्नुहुने छ भनी मैले विश्वास गर्नेछु भनी अन्त्यमा जुन यो विधेयक बनेको छ अत्यन्तै राम्रो र अत्यन्तै आवश्यक विधेयक आएको छ । यो विधेयकको सफलताको शुभकामना व्यक्त गर्दै म लगायत यो विधेयकको समर्थन गर्दै मेरो भनाइ यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सदस्यहरू अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई छलफलमा उठेको प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।**

माननीय सभामुखज्यू, यस विधेयकमाथि माननीय सदस्यहरूले जुन सकारात्मक सुझाव दिनुभाको छ त्यसको लागि म धन्यवाद दिन चाहन्छु । मैले धेरै कुरा राख्नु भन्दा पनि विधेयक कति आवश्यक छ ? भन्ने कुरा माननीय सदस्यज्यूहरूले नै प्रष्ट पारिसक्नु भएको छ । यहाँहरूले भनेजस्तै गण्डकी प्रदेश सरकारले खेलको माध्यमबाट राष्ट्रिय एकता कायम गर्ने, खेलकै माध्यमबाट हाम्रा नागरिकहरूलाई स्वस्थ बनाउने, अनुशासित नागरिक तय गर्ने, अघि यहाँहरूले भनेजस्तै खेलाडीहरूको खेलमै भविष्य सूनिश्चित गर्ने, त्यतिमात्र होइन खेलकै माध्यमबाट गण्डकी प्रदेशको आर्थिक समृद्धि गर्ने उद्देश्यका साथ यो विधेयक अगाडि ल्याएको छ । यहाँहरूले जसरी भन्नुभाको छ हामी अघिल्लो वर्षको बजेटमा एक निर्वाचन क्षेत्र, एक विशेष विद्यालयको बजेटको व्यवस्था गरेका थियौं । विशेष विद्यालय भन्ने भित्र हामीले खेल र संगीतलाई जोडेका थियौं । सँगै यसपटक हामीले गण्डकी विश्वविद्यालयको पाठ्यक्रम बनाउँदा खेरी खेलको विधालाई पनि जोड्ने गरी पाठ्यक्रम तयार भाको कुरा म यहाँहरूको बिचमा जानकारी गराउन चाहन्छु । सँगै यो विधेयक जुन बेला आउनुपर्ने थियो त्यसको महत्व जति छ जति छिटो आउनुपर्ने थियो हाम्रो अगाडि बाध्यताहरू थिए । नेपाल सरकारले विधेयक नल्याएको कारणले गर्दाखेरी प्रदेशले उछिन्न नमिल्ने र प्रदेशले उछिनीसके पछि पनि नेपाल सरकारले ल्याएको विधेयकका दफासँग बाझिन गयो भने प्रदेशले बनाएको कानून स्वत रद्द हुने भएको कारणले गर्दाखेरी हामी अलि ढिलो भाका थियौं । यो अघिल्लै वर्ष यसको तयारी भाको कुरा यहाँहरूको बिचमा राख्न चाहन्छु । अहिले नेपाल सरकारले तय गरेको जुन खेलकुद सम्बन्धी विधेयक या ऐन छ । यसमा जिल्ला

तहसम्म प्रदेशलाई समिति बनाएर सञ्चालन गर्ने अधिकार सूनिश्चित गरेको छ । त्यसैले अब हामीले प्रदेश खेलकुद परिषद् सँगै हाम्रो विधेयकमा नियमावलीको व्यवस्था गरिकन जिल्ला तहको खेलकुद व्यवस्थापन पनि हामीले गर्ने छौं र अघि माननीयज्यूले भन्नुभाको छ कतै यसको समन्वय भएन कि भन्ने कुरा उठाउनु भएको छ । हाम्रो विधेयकमा प्रस्टछ । यो खेलकुद परिषद्ले नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरीकन खेलको विकास गर्ने छ भन्ने प्रष्ट देखिएको छ । त्यसैले म माननीय सदस्यज्यूहरूलाई यो कुरामा ध्यान आकर्षण गराउन चाहन्छु । सँगै हामीले माथि मात्र खेलको विकास होइन सबभन्दा तल खेलको विकास गर्ने हो भने स्थानीयतहबाटै खेलको विकास गर्नको निम्ति पहल गर्न जरुरी छ । स्थानीय तहका हाम्रा जनप्रतिनिधिहरूले खेलकुदको निम्ति कति बजेट छुट्ट्याउनु भाको छ ? माननीय सदस्यज्यूहरूले यसको लागि पनि हेर्न त्यसको बारेमा चाँसो दिन नित्यान्त जरुरी छ ।

हामी स्थानीयतहबाटै खेललाई विकास गर्न सक्यौं भने त्यसलाई प्रदेशले ब्याकप गर्न सक्यो भने गण्डकी प्रदेश त्यस्तो प्रदेश बन्नेछ । सबै हिसाबले अगाडि छ गण्डकी प्रदेश । खेलकुदका हिसाबले पनि नेपालमा मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि गण्डकी प्रदेशका खेलाडीहरूले आफ्नो झण्डा फहराउन सक्ने छन् । त्यसैले म यो विधेयक माथि माननीय सदस्यज्यूहरूले जुन सकारात्मक सुझाव दिनुभएको छ । त्यसको लागि धन्यवाद दिँदै गण्डकी प्रदेश सरकार खेलकुद सम्बन्धी गतिविधि दिईरहेको जानकारी गराउँदै मैले आफ्ना भनाइलाई अन्त्य गर्न चाहन्छु धन्यवाद !

**माननीय सदस्यहरू अब यो छलफल यहीँ समाप्त हुन्छ ।**

माननीय सदस्यहरू, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७७ साल असोज ५ गते सभामा प्रस्तुत भई सामान्य छलफलसमेत भएको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सभामुख महोदय,** माननीय सभामुखज्यूको अनुमतिको सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते प्रस्तुत भएको र मिति २०७७ साल असोज ६ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफलसमेत भएको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा नियमावली २०७४ को १०८ को उपनियम १ (ख) बामोजिम दफा वा छलफलका लागि विधा ऐन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णायार्थक प्रस्तुत गर्दछु यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस्

हुन्न भन्ने आवाज सुनियन तसर्थ गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधा ऐन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले गण्डकी प्रदेश प्रदेशसभा नियमावली नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेशसभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ, उक्त विधेयक संशोधनको समायावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउछु ।

माननीय सदस्यहरू, अब म आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई विधा ऐन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्ने अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल श्रावण २२ गते बसेको वैठकमा प्रस्तुत भइ विधायन समितिको दफा वा छलफलमा पठाईएकोमा समितिबाट प्रतिवेदनसहित गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न प्राप्त हुन आएकोमा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्छ भन्ने माननीय सदस्यहरूको बहुमत भएको हुनाले विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब विधायन समितिको प्रतिवेदनसहितको गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्थापन गर्ने विधेयक माथिको दफा वा छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननी सदस्यहरूको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राखिदिनुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम संशोधन प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, नेपाली कांग्रेसबाट गण्डकी प्रदेश सभामा प्रस्तुत गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा किन विरोध गर्नै पर्ने बाध्यता भयो ? भन्ने कारणहरू निम्नानुसार भएको व्यहोरा प्रस्तुत गर्दछु :

आजसम्ममा पारित यस गण्डकी प्रदेश सभाबाट पारित ४२ वटा विधेयक मध्ये ३३ वटा विधेयकमा नेपाली कांग्रेसले सर्वसमत्ति जनाएको छ । र ९ वटा विधेयकमा मात्र असहमति जनाएको व्यहोरा समेत यस सदनलाई स्मरणार्थक अनुरोध गर्दछु ।

२०७७ साल असार १ गते आव ०७७/०७८ को बजेट प्रस्तुत हुन्छ । प्रदेश विकास प्राधिकरणको २०७७/३/१७ मा सदनमा पेश हुन्छ । यो विधेयक पेश गर्दा यसका लागि रु ११ करोड विनियोजित भएको टिप्पणी पनि यसै साथ पेश हुन्छ । यस घटनाले संसदवादको उपेक्षा गर्दछ । संसदमा विधेयक पास हुनु र पास नहुन पनि सक्ने संसदवादको स्थापित गरेको मान्यता हो । तसर्थ संसदमा पास फेलको निधो नहुँदै बजेट छुट्याइएको कुरा गम्भीर हो भन्ने मलाई लाग्छ । यो विधेयकमा शुरुमै विरोधको सूचना दर्ता गरियो । विरोधको सूचना बहुमतबाट अस्वीकृति भयो । केही बुँदाहरूमा संशोधन प्रस्ताव पनि दर्ता गरियो । त्यो पनि बहुमतबाट अस्वीकृत हुने जानेकै विषय रह्यो । यो विधेयकलाई विज्ञहरूबाट राय सुझाव माग्ने कुरा विधा ऐन समितिले पूरा गऱ्यो । नेपालमा उपलब्ध विज्ञहरू प्रशिक्षीतहरू नै हुनुहुन्थ्यो । उहाँहरूले आफ्ना सुझावहरू राख्दै गर्दा यसका औचित्यता र जवाफदेहीता माथि असमर्थ व्यक्त गर्नु भो । जुन विधा ऐन समितिमा रेकडेट छ र अरु सामाजिक संघ संस्थाहरूले पनि लिखित सुझावहरू अत्यन्तै मेहेनत गरेर विधा ऐन समितिमा पेश गर्नु भो तर बहुमतबाट सबै सुझाव र बहुमूल्य रायहरूलाई रतीको टोकरीमा राख्ने काम भयो । यस प्राधिकरण सम्बन्धित विधेयकले संघीय कानून जसबाट लगानी बोड समेत सञ्चालन भइराखेको छ । संघीय कानूनसँग पनि तारतम्मेता राख्दैन समन्वय होइन बरु अस्वस्थ प्रतिपर्दी भूमिकामा रहने प्रष्टै छ । साथै स्थानीय सरकासँगको सम्बन्धमा पनि यसबाट सकारात्मक प्रभाव नपर्ने नै देखिन्छ ।

लगानी आकर्षण गर्न प्राधिकरण नै चाहिन्छ भन्ने बाध्यात्मक कुरा होइन । संरचना माथि संरचना किन थपिरहने ? यस गण्डकी प्रदेश सरकारको तालसँग सम्बन्धित प्राधिकरण पहिले संसदबाट पास भइसकेको छ । अरु पनि प्राधिकरणहरू मन्त्रालयगत रूपमा जस्तै वनविकास प्राधिकरण, उद्योगसँग सम्बन्धित प्राधिकरण, प्रहरी संस्थासँग सम्बन्धित प्राधिकरण, सिँचाइसँग र विद्युतसँग प्राधिकरण र यस्तै अरु प्राधिकरणहरू पनि आउने ढोका खुल्लै भएको पक्ष पनि ध्यान दिन योग्यनै छैन र ? यस प्राधिकरणसँग सम्बन्धित विधेयकमा थुप्रै विसंगतिहरू छन् । नीति तथा योजना आयोगबाट ठूला-ठूला किताबमार्फत पञ्चवर्षीय र बीसवर्षीय समेतका दूरदृष्टिहरू सार्वजनिक भइसकेका छन् । दफा ७ ले सम्भावना अध्ययन गर्ने भनेर नीति तथा योजना आयोगलाई उपहास गर्दछ र प्रचलित कानूनलाई समेत चुनौती पनि दिएको छ । यस विधेयकका दफा ४३, ४४ र ४५ ले अपार्दशीताको ढोका खुल्ला राखेको छ र विधायन समितिमा बहुमतले स्वागत पनि गरेको छ । दफा ४८ ले जग्गा प्राप्तिको कारणले आजसम्म निजीक्षेत्रले सम्पन्न गर्न खोजेका कार्यक्रमहरू जटिल बन्दै गएको पक्षलाई निराकरण गर्न राम्ररी चुकेको छ । जसका कारणले लक्ष्य प्राप्ति गर्ने साधन लङ्गडो भएको छ । यो सरकारले करार सम्बन्धी विधेयक पास गरेर अघिल्ला वर्षहरू मै द्रुत विकासको र सक्षम प्रशासनको आकांक्षा राखेको थियो । उक्त विधेयक मार्फत सरकारलाई चुस्तदुरुस्त बनाउन प्रयत्न गरिएको थियो । आज फेरि सरकार प्रमुखबाटै सबै मन्त्रालयहरूलाई अप्रत्यक्ष रूपमा आफैले यस विधेयक मार्फत सञ्चालन गर्ने रहर राखेर द्रुतता र सक्षमता खोजेका भए यसबाट पनि पूरा हुन सक्दैन कि किनभन्दा यो विधेयक आफैमा अपाङ्ग छ र आफैमा औचित्यसँग मेल खाँदैन विज्ञहरूले यसलाई उपयुक्त ठानेका छैनन् । यिनै कुराहरू राख्दै अन्त्यमा नेपाली कांग्रेसले हाम्रो प्रदेशमा जति बाढी पहिरो र विपत घटनाहरू घटेका छन् त्यसमा तदारूपताका साथ सेवा सुविधाहरू प्राप्त गराओस् भन्ने कुराहरू पनि जोडदार माग राख्दै आफ्ना भनाईहरू यही अन्त्य गर्दछु । धन्यवाद ! जय नेपाल !

**माननीय सदस्यहरू, माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सरकारको अत्यन्तै महत्वपूर्ण विधेयक गण्डकी प्रदेशको विकास प्राधिकरणको स्थापना, सञ्चालन गर्ने सम्बन्धमा बनेको विधेयकको दफावार छलफलको शिलशिलामा उपस्थित भरहेका छौं र यो विधेयकको सन्दर्भमा संशोधनका आफ्ना महत्वहरू पनि राख्नु भएको छ । यसको सैद्धान्तिक पक्षमाथि छलफलको सन्दर्भमा पनि थुप्रै विषयहरू उठेका छन् र सारांशमा मैले यो विधेयक ७६ वटा दफा र विभिन्न उपदफाहरूमा व्याख्या गरिएको छ । यस्ले प्रष्ट पार्ने सन्दर्भमा सबै

दफाहरू तल टिप्पणीमा रहेर यसलाई व्यवस्थित गर्ने अझ प्रष्ट पार्ने जमर्को पनि गरिएको छ :

वास्तवमा यो गण्डकी प्रदेश विकास प्राधिकरण सञ्चालन सम्बन्धी विधेयक माथि मूलतः उठेका प्रश्नहरूलाई मैले सर्सर्ती हेर्दा योजना आयोगको काम माथि कतै डुब्लीकेशन भयो कि ? भन्ने प्रश्न उठेको छ । मन्त्रालयहरूको कामलाई संकुचित गर्ने प्रयत्न भयो कि ? भन्ने विषयवस्तु अलि गम्भिर ढङ्गले उठेको छ । खर्चको पादर्शीताको कुरा उठेको छ संरचना माथि संरचना किन थप्ने ? भन्ने विषयहरू पनि उठेका छन् । यस्ता थुप्रै विषयहरू र यति मात्रै होइन यसले सबै मन्त्रालयलाई संकुचन गर्ने गरी मुख्यमन्त्रीलाई अलि बलियो बनाउनका निम्ति सबै मन्त्रालय मुख्यमन्त्रीले हेर्ने गरी यसलाई ल्याइयो कि भन्ने खालका संशेहरू खडा भएका छन् । मैले सर्सर्ती विधेयकका ७६ वटै दफा मैले केलाउने प्रयत्न गरें । मैले यो संशोधनमा हार्दिकता साथ अनुरोध गर्न चाहन्छु । हामी यो गण्डकी प्रदेशलाई हामी एउटा परिकल्पना गरेका छौं । हामी कृषिको क्षेत्रमा, पर्यटनको क्षेत्रमा, हामीले पच्चिससम्म गरिबीलाई कहाँ पुऱ्याउने ? तीससम्म कहा पुऱ्याउने ? हाम्रा सबै सूचांकहरू परिकल्पित छन् । निर्दिष्ट छन् ।

हामीले भनेका छौं र हामीले गरिबीलाई २ प्रतिशतमा झार्ने कुरा गरेका छौं । प्रतिव्यक्ति आय गर्ने जुन कुरा गरेका छौं र हामी अहिले २ वर्षको बजेट विनियोजनको सबै कुरा हेर्दा हामी यही बजेटले हामी नियमित बजेटको आयव्ययले मात्रै के गण्डकी प्रदेश गरिबीको १४ प्रतिशतको बजेटलाई २ प्रतिशतमा झार्न सम्भव छ कि छैन ? हामीले गण्डकी प्रदेशका जनताको आय बृद्धि गर्ने कुरा सम्भव छ कि छैन ? मलाई लाग्छ सम्भव छैन । त्यसकारण अत्यन्तै सुझबुझका साथ अत्यन्तै महत्वपूर्ण विधेयकको रूपमा मलाई लाग्छ यो गण्डकी प्रदेशको समृद्धको एउटा कोशेढुङ्गा हुने गरी जुन विधेयक आएको छ मैले गण्डकी प्रदेश सरकारलाई हार्दिकहार्दिक धन्यवाद दिन चाहन्छु । वास्तवमा यसले परिकल्पना गरेको छ । गण्डकी प्रदेश सरकारका प्राथमिकतामा तय गरिएका योजनाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट पूँजी कलेक्शन गर्ने कुरा सँगसँगै एउटा त्यसको प्रस्तावना र दफा ३ मा हेऱ्यो भने सबै उठाइएका विषयहरू निर्कोल हुनेछन् । यदि निजी क्षेत्र र प्रदेश सरकारका बीच जुन साझेदारीमा गर्ने कुरा, निजी लगानीलाई सुनिश्चित गर्ने कुरा, हुन त हामीले धेरै पटक उठाउँदै आएको विषय पिपिपि पब्लिक प्राइभेट पार्दर्शिक भनेर जुन धेरै पटक भन्यौं हाम्रा कुनै पनि योजनाहरूमा वास्तवमा पब्लिक प्राइभेट पार्दर्शिकको झल्को दिने गरी हामी काम गर्न सकिरहेका छैनौं ।

यदि साँच्चै गण्डकी प्रदेशलाई समृद्ध गर्न चाहन्छौं भने हामी देशी विदेशी लगानीहरूलाई यो प्रदेशको हितमा ल्याउन जरुरी छ । साचो अर्थमा हामीले कुरामा होइन व्यवहारमा

हामीले पिपिपि मोडेललाई कार्यन्वयन गर्न जरुरी छ । निजी क्षेत्रका लगानीकर्ताहरू आज विभिन्न बाहनामा वास्तवमा झन्झट व्यहोरिरहेका छन् । उनीहरूले आफ्नो लगानीको श्रीबृद्धि देखि रहेका छैनन् । वास्तवमा हामीले चाहे संघीय सरकार, चाहे प्रादेशिक सरकार र चाहे हाम्रा स्थानीय तहहरूमा हेरौं । सानादेखि ठूला काम गर्दा पन्ध्र ठाउँमा धाउनु पर्ने अनेकौं खालका समस्याहरू छन् । यी सबै कुराहरूको निराकण गर्दै यो गण्डकी प्रदेश प्राधिकरणसँग जुन विधेयक छ । यसले वास्तवमा एकल प्रणालीद्वार भित्रबाट सबै झन्झटलाई समाधान गर्ने र निजी क्षेत्रका लगानीकर्ताहरू चाहे स्वदेश विदेशमा रहेका हुन् निजी क्षेत्र र सरकारका बीचमा गर्न सकिने साझेदारीका लगानीका कुराहरू यसले सूनिश्चित गरेको छ । निजी क्षेत्रका लगानी कर्ताहरूलाई तपाईंहरू यो प्रदेशमा आउनुहोस् तपाईहरूको साथमा गण्डकी प्रदेश सरकार छ, हामी हातेमालो गर्न तयार छौं साझेदारीमा जान तयार छौं तपाईहरूको लगानीको सूनिश्चित गर्न तयार छौं भनेर हामीले ढोका ओपन गर्नका निम्ति उत्तम बाटो खोलेका छौं । वास्तवमा २ वर्ष भयो हामीले ठीक बेला आँखा देखेका छौं । ठीक बेला चेतेका छौं । सबै कुरामा शंका गरेर सबैकुरालाई हामीले गलत नजरले हेर्ने बानी गरेर वास्तवमा हामी कहि पनि पुग्न सक्दैनौं । यसको कार्यन्वयन ठीक र सही ढङ्गले गर्न सक्यौं भने यसले गण्डकी प्रदेशको समृद्धिको ढोका त खोल्ने नै छौं सिङ्गो मुलुकको अरु प्रदेशलाई समेत वास्तवमा विकासको मोडेल, समृद्धिको मोडेल अगाडि ल्याउन सक्नेछौं भन्ने मैले यो कुरामा यो विधेयक पूर्ण सफलता शुभकामना व्यक्त गर्न चाहन्छु । मैले यसो सर्सर्ती हेरें । वास्तवमा कति पादर्शीताको कुरा यसले महालेखा परीक्षक र हाम्रा जुन सरकारी हिसाब किताब राख्ने मूल्य मान्यताहरू छन् । यसलाई दह्रो गरी पक्डेको छ । खर्चको हिसाबले मुख्यमन्त्री सहित सम्बन्धित तीन जना भन्दा बेसी मन्त्रीहरू केही २ जना विज्ञ र १ जना निर्देशक गरेर जम्मा ३ जनाको व्यवहार बाहेक खर्चको हिसाबले पनि यो संरचना बनाउँदा थुप्रो व्यवभार आउने स्थिति छैन । सँगसँगै यसले वास्तवमा मैले यो निर्देशक समितिको काम, कर्तव्य र अधिकारमा धेरै विषयहरू प्रष्ट गरिएका छन् । त्यो मध्ये सबैभन्दा महत्वपूर्ण मेरो आँखा परेको कुरा के हो भने एकल विन्दु प्रणालीभित्र हामीले सबै झन्झटहरूलाई सहजीकरण गर्ने, सामान्यीकरण गर्ने र हामीले लगानी कर्ताहरूलाई यस्योर गर्ने कुरा यसले सबभन्दा महत्वपूर्ण बुँदाका रूपमा स्थापित गरेको छ । निर्देशक समितिको काम, कर्तव्य र अधिकार भित्र यती मात्रै छैन मैले सर्सर्ती हेर्दा आज यो गण्डकी प्रदेश को प्रसस्त सम्भावनाहरू छन् । वास्तवमा उत्तरगंगा जलाशयका प्रोजेक्टहरू हाम्रा गोजीमा छन् । कृषिको क्षेत्रमा त्यत्तिकै प्रचुर सम्भावनाहरू छन् । पर्यटकहरूको क्षेत्रमा त्यत्तिकै प्रचुर सम्भावनाहरू छन् ।

वास्तवमा यी सम्भावनाहरूका निम्ति चाहे खेलकुदको क्षेत्रमा, चाहे पर्यटनको क्षेत्रमा, चाहे कृषिको क्षेत्रमा, चाहे उर्जाको क्षेत्रमा, चाहे भौतिक पूर्वाधारको क्षेत्रमा भर्खरै बामे सरेका छौं

। यतिबेला वास्तवमा हामीले प्राइभेट सेक्टरलाई आकर्षित गर्न सकेनौं । प्राइभेट सेक्टरले एक्लै आफूलाई सूनिश्चितच नठानिने सन्दर्भमा सरकारसँग हातेमालो गर्न सकेनौं भने हामीले प्राप्त गर्न खोजेको एचिभ प्राप्त हुन सक्दैन । हामीले जुन गरिबीको सूचांकलाई २ मा झार्ने शून्यमा झार्ने परिकल्पना गरेका छौं । प्राप्त हुन सक्दैन । हामी प्रतिव्यक्ति आय बढाउने कुरा गरिरहेका छौं प्राप्त हुन सक्दैन । हामी प्रत्येक वडाका सदरमुकामसम्म पिचएबल बाटो पुऱ्याउने काम गरिरहेका छौं सम्भावना हुन सक्दैन ।

हामी गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने कुरा गरेका छौं सम्भावना हुन सक्दैन । हामी १ घर १ धाराको कुरा गरेका छौं मलाई लाग्छ हामी यो नियमित कोषको बजेटले मात्र सम्भावना छैन । त्यसकारण यो प्राधिकरणले खर्च बढाउने होइन यसले एउटा कम्पनीको परिकल्पना पनि गरेको छ । सोयममा यसको दफा ४ लाई हामी हेर्न सक्छौं । गण्डकी प्रदेश सरकारले प्राथमिकता निर्धारण गरेका योजनाहरूलाई यसले कार्यन्वयन गर्ने कुरा अगाडि बढाउने कुरा सूनिश्चित गरेको छ । एउटा कम्पनी बनाएर चाहे प्राइमरिता सेवा होस् चाहे प्राथमिकता प्राप्त योजनालाई कार्यन्वयन गर्ने कुरा होस् धेरै कुरा यसले प्रष्ट गरेको छ । मलाई लाग्छ हामीले सही ढङ्गले लगानी कर्ताहरूलाई प्रत्याभूती गर्न सक्यौं उहाँहरूलाई यो विकास प्राधिकरणको बारेमा सही ढङ्गले वास्तवमा गण्डकी प्रदेश सरकार लगानी मैत्री छ । सेक्यूरेटी यसले ग्यारेन्टी गरेको छ । यति मात्रै होइन यसले एउटा कोषको पनि व्यवस्था गरेको छ । यदि तत्काल नाफा नहुने प्रोजेक्ट छ तर राज्यका निम्ति गण्डकी प्रदेशबासीको आवश्यकता छ भने हामीले त्यसलाई परिपूरक कोष खडा गरेर तपाईंहरू भोलि नाफा हुन सक्छ । १० वर्षपछि नाफा होला तर तपाईहरूको यो अहिले सरकार जवानी बस्न तयार छ, लगानी गर्न तयार छ ल आउनुहोस् भनेर ढोका ओपन गरेको छ । यसकारण मलाई लाग्छ यो गण्डकी प्रदेशको यो विकास प्राधिकरणको विधेयक हुन आएको छ । यसले मलाई लाग्छ हामीले प्रदेशबासीहरूको विकास र समृद्धिको ढोका खोल्न सम्भव छ सम्भावना छ त्यसकारण मलाई लाग्छ माननीय सबै सांसदीहरूलाई म आग्रह गर्न चाहन्छु वास्तवमा हामी शंकाको नजरबाट होइन सम्भावनाको पोजेटिभ एटिच्यूटभित्रबाट हामीले विषयवस्तुलाई नियाल्न सकिन्छ ।

मलाई लाग्छ यो विधेयक ठीक ढङ्गले कार्यन्वयन गर्न नसक्दा सिङ्गो गण्डकी प्रदेशबासीको एउटा समृद्धिको नयाँ ढोका खोल्न सक्छ । हामीले परिकल्पना गरे जस्तै गरी अन्त्य गर्न सक्छौं । खुशीलाई व्यवसायिक गर्न सक्छौं । पर्यटन र पूर्वाधारहरूलाई हाम्रो विकासको आधार बनाउन सक्छौं र हामीले साँचो अर्थमा ऐले मन्त्रालयको नियमित कामहरूलाई केही पनि गरेको छैन । योजना आयोगसँग कही डुब्लीकेसन छैन । वास्तवमा मन्त्रालय अन्तर्गतकै प्राथमिकता प्राप्त योजनाहरूले कार्यन्वयन गर्ने छ । भौतिक पूर्वाधार मन्त्रालय, पर्यटन मन्त्रालय, कृषि मन्त्रालय एकलले गर्न नसक्ने काम पनि यसले साझेदारीमा गर्ने जुन सपना

देखेको छ यसका निम्ति म पुनपुन दलको तर्फबाटै विधेयकप्रति पुन समर्थन गर्दै हार्दिक धन्यवाद दिँदै विदा हुन चाहन्छु । धन्यवाद !

**माननीय सदस्य श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना, सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल गर्दै छौं । माननीय मणिभद्रा शर्माबाट जुन किसिमका यो संशोधन प्रस्तावमा आएका विचारहरू यहाँ प्रस्तुत गर्नु भाको छ । यि सबै कुराहरूलाई समर्थन गर्दै प्रदेश सरकार पनि अलिकति संशोधन प्रस्ताव सुझावहरूलाई मनन गर्ने तर्फ अग्रसर भएर लाग्नु पर्छ भन्ने भावनाका साथ म यो सम्बन्धित विधेयकको केही कुराहरू राख्न चाहन्छु ।

सभामुख महोदय, गण्डकी प्रदेशको योजनाबद्ध विकास, समृद्धि र रोजगारीसँग जोडिएर लगानी मैत्री वातावरण अथवा व्यवसाय मैत्री वातावरण सिर्जना गर्ने हेतुका साथ उद्देश्यका साथ यो विधेयक ल्याउन खोजेको देखिन्छ । सार्वजनिक, निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र नीजि क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजनाको छनोट, स्वीकृति, कुसल व्यवस्थापन, द्रुत कार्यन्वयन, प्रभावकारी नियमन र अनुगमनका साथ यो विधेयक अगाडि ल्याउन खोजिएको छ । विधेयक उद्देश्यहरू जे राखिएको छ उद्देश्यहरू अध्ययन गर्दाखेरी राम्रो देखिन्छ र यसलाई कार्यन्वयन पक्ष कसरी जाने र कसरी कार्यन्वयन गरिन्छ भन्ने मुख्य रूपमा त्यो विषयले मानिनै राख्छ जस्तो मलाई लाग्छ । चालु आव ०७७/०७८ मा यो प्राधिकरण स्थापना र सञ्चालन गर्नको लागि भनेर ११ करोड रूपैयाँ विनियोजित भइसकेको अवस्था छ । यो विधेयकमा न त आज हामी दफावार छलफलमा छौं । यो विधेयक ऐले गएर केही संक्षेपमा यो पास पनि हुँदै छ । तथापि केही सुझावहरू र केही जिज्ञासाहरू म सम्मानित सभामा राख्न चाहन्छु ।

यो विकास प्राधिकरण केन्द्रको मोडल जस्तै प्रदेशमा पनि एउटा मुख्यमन्त्रीलाई परिषद्को कार्यकारी अध्यक्षको रूपमा तोकेर ९ सदस्यीय समिति पनि बनाएको छ । यसमा मुख्य मन्त्री नै यो संशोधिय कार्यकारी परिषद्को अध्यक्ष भएको हुनाले यसको गरिमा बढ्ने त आफैमा छदै छ । यद्यपि मुख्यमन्त्री धेरै ठाउँमा संरक्षक धेरै ठाउँमा अध्यक्ष भइरहदा खेरी यल्ले वर्षको ६ पटक २ महिना नबढ्ने गरी वैठक राख्नु पर्ने भन्ने गरिएको छ । बढीमा ६ पटक भन्दा बढी पनि वैठक हुन सक्नेछ । अब यसलाई मुख्य मन्त्रीज्यूले कसरी दिन सक्नुहुन्छ अब म्यानेज गर्न उहाँको कार्य व्यस्थताका कारणले कत्तिको सक्नुहुन्छ भन्ने कुराले यो विधेयकको सफल कार्यन्वयन र अथवा असफल हुनेमा निर्भर हुन्छ जस्तो मलाई लाग्छ । अर्को यसमा जोखिम मलाई के लाग्छ भने यो भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र यो विकास प्राधिकरणको काम, कर्तव्य अधिका उस्तैउस्तै जस्तो भएको हुँदाखेरी

यसले भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको काम, कर्तव्य, अधिकारलाई अलि कुण्ठित बनाउन खोज्ने हो कि अथवा अलिकति टसल सिर्जना गर्ने हो कि भन्नेतर्फ पनि अलिकति सचेत हुनुपर्ने मैले देखेको छु ।

सभामुख महोदय, अर्को कुरा म यहाँ के राख्न चाहन्छु भने यो योजनाहरू छनोट भइरहँदा खेरी यसको आवश्यकता र सम्भावना एकातिर हुने मुख्यमन्त्री र मन्त्रीज्यूहरूको इन्टेस चाहिँ आफ्नै क्षेत्रमाथि योजनाहरू लैजाने अलिकति होडबाजी चल्ने होकि भन्ने तर्फ पनि अलि ध्यान केन्द्रित हुनु पर्छ भन्ने मलाई लाग्ट । किनभने यो म २ वटा इग्जाम्पल दिन चाहन्छु एउटा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आउने भनेर व्यापक रूपमा अध्ययन भयो टिमहरू पनि आए र यो अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पोखरामा आउन सकेन । विभिन्न जिम्मेवार व्यक्तिहरूको आ-आफ्नै इन्ट्रेस भएको कारणले आ-आफ्नै क्षेत्रमा लगेर देखाउने र सम्भावना र आवश्यकता प्रदेशको राजधानी पोखरामा थियो त्यसलाई डाइभट गर्ने प्रयास गरियो त्यसलाई बाहिर गयो । बाहिर गएको अवस्था छ । त्यस्तै यो अन्तर्राष्ट्रिय क्रिकेट मैदानको कुरा पनि म यहाँ कोट्याउन चाहन्छु । यो पनि भरतपूरमा गएको अवस्था छ । पोखरामा पनि टोलीहरू अध्ययनमा आइरहदा खेरी यसकारण यसको योजनाहरू छनोट गर्दाखेरी यसको आवश्यकता र सम्भावना तर्फ बढी ख्याल गर्नु पर्छ भन्ने मलाई लाग्छ । अर्को राइटमेन राइप्रेस यहाँ पनि लागू हुन्छ । नातावाद कृपावाद यसलाई भर्तिकेन्द्रको रूपमा विकास गर्न खोजिने अवस्था आयो भने तेल्ले पनि एल्लाई दुर्भाग्य सिर्जना गर्छ भन्ने मलाई लाग्छ । सभामुख महोदय, म यहाँ सम्मानित सभामा पनि अर्को पनि सुझाव के राख्न चाहन्छु भने गण्डकी प्रदेशको आफ्नै किसिमको एउटा गुरुयोजना आफ्नै किसिमको हुन्छ र जिल्लाको होला प्रदेशको गुरुयोजनाहरू छुट्टै हुन्छ । र हामीले यो योजनाहरू तुलना गर्दाखेरी यो गुरुयोजनासँग मेल खाने हिसाबबाट हामीले गर्नु पर्छ योजनाहरू छनोट गर्नुपर्छ भन्ने मलाई लाग्छ । के गरेसी यो गुरुयोजनासँग मेल खाएन भनेदेखि पछि त्यो योजनाहरू पनि सक्सेस हुन नसक्ने कार्यन्वयनमा आउन नसक्ने हुँदाखेरी त्यो तर्फ पनि प्रदेश सरकार सचेत हुनुपर्छ भन्ने म सुझाव राख्न चाहन्छु र यो विदेशी नागरिकहरूलाई यो बढीमा ६ महिनासम्म गैह्र नागरिक हिसाब दिन सकिने भन्ने प्रावधान मैले स्टडिको क्रममा देखें । अब यो विदेशीकर्ताहरू नेपालमा ठूला खालका योजनाहरू लिएर उनीहरूले लगानी पनि आफैले गर्न आएको खण्डमा यो ६ महिना भन्दा पनि बढीमा ५ वर्ष ६ वर्ष सम्मको लागि पनि तिनीहरूलाई नेपालमा बस्न सक्ने खालको भीषा प्रदान गर्नुपर्ने आवश्यक हुन्छ भन्ने मलाई लाग्छ र अन्तमा विधेयक साराशंमा यसमा आएका बुँदाहरू धेरै राम्रा किसिमका बुँदाहरू छन् । यि बुँदाहरू कार्यन्वयन पक्ष राम्रो भयो भने बलियो भइदियो भन्देखि यसले विकास र समृद्धिमा पक्का पनि टेवा पुऱ्याउछ भन्ने मलाई लाग्छ । म आफू पनि उद्योगी व्यवसायी भएको हिसाबले पनि एउटा लगानी मैत्री वातावरण सिर्जना गर्ने र वानडोर सिस्टमका

कुराहरू राखिएका छन् । यी धेरै कुराहरू राम्रा पक्षहरू पनि छन् । यो कुराहरूलाई विचारहरू राख्दै विधेयक महत्वाकांक्षी अवश्य पनि छ तथापि यसको सफल कार्यन्वयनको लागि म मेरो पाटीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट शुभकामना राख्दै मेरो भनाई यही टुङ्ग्याउँछु धन्यवाद ! जयनेपाल !

**माननीय सदस्य श्री मीनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश आन्तरिक मामिला मन्त्रीद्वारा यस सदनमा छलफलको लागि प्रस्तुत यो गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना, सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न खोजिएको विधेयकको दफावार छलफलमा हामी उपस्थिति भएका छौं । सभामुख महोदय, यो ज्यादै महत्वको विधेयक पूर्ववक्ता माननीयज्यूहरूले भन्नु भए जस्तै यो बाहार अलि बोझिलो विधेयकको रूपमा पनि हामी चर्चा परिचर्चा गरिरहेका छौं । मानौं कि यसका कतिपय कुराहरू यसको अर्न्तवस्तुभित्रका कुराहरू हामीले बुझेर पक्कै पनि एउटा खालको धर्म निर्वाह गर्ने खालको बजारमा यही सदनले पनि मलाई लाग्छ यो ७६ बुँदा र एउटा अनुसूचि भित्र भएका यो विधेयकका दफा उपदफाहरूले धेरै कुराहरूलाई र पुरातन प्रणाली भन्दा पनि यो क्षेत्रमा प्राधिकरण जुन निर्माण सरकारले गर्छ त्यो विषय भन्दा पनि अहिले विश्वप्रचलनमा आएका नयाँ अभ्यासहरू नयाँ मोडलहरूलाई पनि समेटेर नित्यान्त एउटा वैयक्तिक किसिमबाट गण्डकी प्रदेशलाई केन्द्र भागमा राखेर यसलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने किसिमको धेरै लामो छलफल र होमक पछि यो विधेयक आएको देखिन्छ । त्यसको अवधरणाको कुरा गर्ने हो भने पनि यो उपनिवेस काल या द्वन्द्वपछिको देशहरूमा विशेषत मैले त मौजुद कानूनमा भएका विकास निर्माणका कामहरूलाई अगाडि बढाउने कुरा स्रोत साधनहरू परिचालन गर्ने कुरा निजी र अरु साझेदार पक्षहरूलाई कसरी व्यवस्थित किसिमबाट समेट्ने भन्ने कुराहरू कानूनले नबोली रहेको बेलामा कानूनका अप्ठ्याराहरू चिर्न चिर्नपर्ने कुरामा यी कुराहरूलाई समेट्नलाई विशेषत यस्ता प्राधिकरण विधेयकहरू आउने गरेको देखिन्छ । स्वभावतः यो अहिले पनि हामी पनि धेरै विषयमा छलफल गर्छौं हिजो एक जना दक्षिण कोरिया हामी भन्दा धेरै प्रकानिमेट कम्फुहरु थियो । अहिले हामीहरू त्यहाँ पुगेर सयौं गुना हामीभन्दा धेरै अगाडि पुगिसक्यो र अहिले हाम्रा नागरिकहरू त्यहाँ जान लालायीत भो त्यो स्थिति चिर्नको लागि हामीसँग समय छैन र यो द्रुत गतिमा विकास कसरी गर्ने भन्ने कुरालाई अगाडि बढाउनको लागि यो विधेयक आएको हो । जसका कारण म व्यक्तिगत रूपमा यो विधेयक प्रति मैले पूर्ण समर्थन गर्न चाहन्छु ।

सभामुख महोदय, यी कुरालाई दफा ३ कै कुरा गर्ने हो भने पनि यो प्राधिकरणको जुन स्थापनाको उद्देश्यको कुरा गरिरहेको छु । निजी साझेदारी निजी लगानी त्यस्तै गरेर प्रदेश

सरकार अरु सरकार जुन सरकार यी यस्ता सम्पूर्ण कुरालाई साझेदार रूपमा व्यवस्थित किसिमबाट द्रुत कार्यन्वयनका लागि छनोट स्वीकृति टिपोट व्यवस्थापन कार्यकारी नियमन यी यस्ता आधारहरूलाई मापदण्ड अगाडि बढाउँदै यो विधेयक गाको हुनाले पनि पक्का पनि यसमा धेरै शंका उठाइरहनु पर्ने मलाई लाग्दैन । विद्वान माननीयहरू उठाउन भएजस्तै कति पय कुराहरू मलाई लाग्छ यो विधेयकमा हामी अलिकति गैह्रियर हेरेनौं की शब्दहरूलाई अलि ध्यान दिएनौं या हाम्रो पूर्वाग्रहकै आचलनबाट यसमा छलफलमा अगाडि बढ्यौं । दफा ४ मा स्पष्ट भनेको छ जस्तो आयोजनाको कार्यन्वयन कै कुरामा जसरी भैरहेका मन्त्रालयहरूमा यो मन्त्रालयको आवश्यक यो विधेयकको आवश्यक यो प्राधिकरणको आवश्यक छैन ती मन्त्रमलयले गर्ने काम खोसेर यो पारिकाले गरिराछ भन्ने कुरा उठेका छन्, अर्को तर्फ योजना आयोगको कुरा पनि उठिराको छ । योजना आयोगको काम प्राथमिक चरणमा आइरहेर त्यो डिफन गराउने काम भो मलाई लाग्छ त्यो बुझाइमा कुनै सत्यता यो बुझाईमा पनि प्रष्ट गरेको छ कि यी स्पष्ट बनेका कुरा हुन् । ४ को १ मा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना मध्ये तोकिए बमोजिम प्रदेश सरकारले निर्णय गरेर मात्रै प्राधिकरण कार्यन्वयन गर्न र तोकेको आयोजनासँग मात्र प्राधिकरणले कार्यन्वयन गर्ने छ भनेर स्पष्ट भनेको छ । यहाँ नेर मन्त्रालयका कुरा कहाँ भो ? यहाँ नेर मन्त्रालयका कामहरू खोसिने कुरा कहाँ भो ? अरु बुँदाहरूले पनि कुराहरू बोकेका छन् त्यतिमात्र होइन योजना आयोग कै कुरा गर्ने बेलामा पनि योजना प्रदेश नीति तथा योजना आयोग गठनहरूले २०७४ अन्तर्गत गरेका छन् । त्यसको काम कर्तव्यका बारेमा यहाँहरूले कत्तिको हेर्नु भाछ ? त्यसले पनि सायद सरकारले सहजीकरण गर्ने, योजना कलेक्शन गर्ने, छनोट गर्ने प्राथमिकीकरण गर्ने कुरा कार्यन्वयनको कुरा कहाँ नेर आउँछ ? योजना आयोगका ऐलेसम्मन प्रदेश नीति तथा योजना आयोगले कार्यन्वयन गरेका कति कामहरू छन् अर्थात त्यो अथोरेटिभ छ कि छैन ? छ कि जस्तो के भन्दा इपिसि मोडल, गुड मोडलका, इपिसि एफ मोडलका बाट केही गर्ने कुरा ऐले सम्म आइसकेका छैनन् र त्यो तक्काहरू कार्यन्वयन गर्न पनि ठूला आयोजनाहरू जुन बजेटका किसिमबाट, प्राविधिक किसिमबाट त्यस्ता कुराहरू निश्चित रूपमा यो प्राधिकरण आवश्यक छ । सरकारका पनि सम्पूर्ण मन्त्रालयकै राजनैतिक गरेर अगाडि बढ्ने कुरामा त्यहाँ ठूला परियोजनाहरू जो हाम्रो बजेट र प्राधिकरणका कुराहरू यी कुराहरू अरु लागतहरू सम्योजन गर्न जाने स्थितिमा यो प्राधिकरणको आवश्यकता भएको हुनाले यो ऐनले स्पष्ट पार्छ भन्ने मलाई लाग्छ । त्यति मात्र होइन त्यही नेरको कुरामा थुप्रै कुराहरू देखियो । प्राधिकरण के भन्दा मुख्यमन्त्रीको अध्यक्षता बनेको प्राधिकरणले अब होमस्टे बनाउँदै जाने भयो अब बिजुलीका ब्याट्री सेटहरू बनाउँदै जाने भए यस्तायस्ता खालका कुराहरू पनि आए के । त्यहाँको जलस्रोत भन्नाले मलाई लाग्छ जलस्रोत भनीरहदा कुनै गाउँमा १० किलोवाटको यसले धान्न खोजेको होइन

यति त हामीले बुझ्छौं होला नि यसले भन्न खोजेको मेकानिकल बजेटहरू अर्थात् प्रदेश सरकारकै कार्ययोजनाहरूमा हामी २ सय ३ सयका प्रदेश आफैले लगानी गरेर किनभने हाम्रो स्रोत परिचालनका कुराहरू हामी लगायत ३ अर्ब पनि हाम्रो आन्तरिक स्रोत छैन र अब यहाँको आन्तरिक सञ्चालन कर्मचारीदेखि लिएर आन्तरिक सञ्चालनको खर्च धान्न यो प्रदेश आफै सक्षम हुनुपर्दछ र यसो भयो भने साँच्चै नै संघीयतालाई सस्टेन गर्ने कुरा बल्ल अगाडि जान्छ बल्ल अगाडि जान्छ नत्र खर्चको कुरा भयो भनेर भन्ने मान्छेहरूलाई तर्कहरूलाई त्यो विधेयकलाई प्रसय हुने कुरालाई हामी गर्ने कि नगर्ने त्यसो भएको हुनाले यी यस्ता कुराहरूले ती कुराहरू हो कि भन्ने लाग्छ त्यतिमात्र होइन बायोग्याँस भनेको हाम्लाई थाहा छ धेरै साथीहरूले धेरै टिप्पणीकर्ताहरू हुनुहुन्छ उहाँहरूले एउटा गाबिनो भैंसीले कहाँको घनमिटरको एउटा गोबर ग्याँस सञ्चालन गरेको त्यो कुरालाई मात्र हेरिराख्नु भाछ कि यहाँ त तपाईहरू धेरै टाढा जानै पर्दैन हामी गण्डकी प्रदेशको लेखनाथमै बायोग्याँस छ । जसले एन्टी ग्याँसको त्यसले रिफ्लेक्स गरेका कुराहरू हामी होटलहरूमा दिईरहेका छौं । त्यसो भएको हुनाले यसको दृष्टि भनेको युएनओले व्यवस्थापन खोलेको बायोग्याँस भनेको एलपि ग्याँसलाई प्रतिस्थापित गर्ने हो । अझै सौर्य उदाउँदाको बेलामा पनि यहाँ नेर भन्न खोजेको मलाई लाग्छ मेरो बुझाइमा मेरो अल्पज्ञानले के बुच्छ भन्दा यो सौर्य उर्जा भनेको कुनै घरको एउटा सिसुवाको प्लेट झुण्डाएर त्यहा बत्ति बाल्ने भनेको होइन । हामी मनाङ मुस्ताङका कुरा हामी धेरै अगाडि सुनेका छौं । ३ हजार देखि ५ हजार मेघाहर्ज त्यहाँ सौर्य उर्जा उत्पादन हुन्छ । जो नेश्नलग्रीडमा आउने हो भने गण्डकी प्रदेशको आय स्रोतमा कयौं गुणा यहाँ आम्दानी राख्न जरुरत छ । यी कुराहरूलाई ख्याल गर्ने कुरा पर्यटनको कुरा गर्ने हो पर्यटनको कुरा गर्ने हो भने त्यही कुराहरू हो । त्यसो भएको हुनाले यी यस्ता कुराहरू महत्वपूर्ण कुराहरू भइरहने बेलामा कृषिको कुरा होस् या फलफूलको खेतीको कुरा यस्ता कुराहरूलाई यस्ता थुप्रै कुराहरू त्यो कुरालाई ख्याल गर्दै अगाडि बढ्ने कुरा यो प्राधिकरणले सम्बोधन गर्ने कुरामा जुन आजको आवश्यकता त्यो अनुसार जाने गर्छ । त्यतिमात्र होइन यहाँ पछिल्लो उसमा बस्तीहरूको कुरा अरु कुरा राखेर काम गर्नेहरू त्यहीनेर भन्या छ । त्यो भन्न खोजेको हामी दिल्ली विकास प्राधिकरणकै कुरा गर्ने क्रममा पनि त्यसले भवन बनाएर बेच्छ ।

अहिले मलाई लाग्छ प्रदेश सरकारलाई मात्र होइन नेपाल सरकारलाई यो आवश्यकताहरू खड्किराछ । हिजोपनि यी कुरा थिए त्यसो भएको हुनाले कहिले बस्ती स्थानान्तरण गर्नु पर्ने सुकुम्बासी अव्यवस्थित बस्तीहरू व्यवस्थापन गर्न पर्ने थुप्रै कामहरू छ जुन यो प्राधिकरण अन्तर्गत सरकार, निजी र अरु साझेदारहरू त्यहाँ गएर एकीकृत बस्ती विकास गरेर त्यसलाई व्यवस्थापन गर्ने कुरामा पनि प्राधिकरणमार्फत अहिले हाम्रो कुनै मन्त्रालयले छुट्टै गर्ने किसिमको त्यो कानूनी आधार सम्म नभै हुने अवस्थामा एकीकृत किसिमबाट अगाडि

जान सक्ने हो भने त्यसलाई सम्बोधन गर्ने कुरा पनि मलाई लाग्छ सहजता प्रदान गर्दछ। त्यस्तै गरेर दफा ५ को कार्यकारीमा मलाई एउटा गुनासो यहाँ छ। जसरी यहाँ खर्चको कुरा यी विविध कुरा आए त्यहाँ ६ जना स्वभाविक रूपले सदस्य भएको त्यहाँ खर्चको कुरा आएनन् विन्दु मान्ने समय संयोजन कुरा हो त्यो समय संयोजनलाई पनि मलाई लाग्छ यो पूरै कार्यकारी प्रत्येक कार्यकारी ल्याउन खोजेको र त्यसलाई पूर्णता दिन त्यो समय अनुसार सञ्चालन गर्ने कुरा भाको हुनाले निर्वाचन या अनिवार्य रूपमा महिना २ महिनामै १ चोटी वैठक बस्ने भनेको यसको पूर्ण रूपमा कार्यकारी बनाउन खोजेको नकि अध्यक्षता होइन कि प्रशनल काम अगाडि बढाउनको लागि त्यो काम गरेको हुनाले र यसका नयाँ कामहरू पनि थुप्रै छन्। च्यालेन्ज विधिका कुराहरू मूल्य र कम्पनी त्यस्तै गरेर अर्को कम्पनी बनाउने कुरा यी सम्पूर्ण कुरा यति महत्वपूर्ण र नयाँ आयामिक किसिमबाट अगाडि जाने काम गरेको छ। यो सम्पूर्ण कामहरूलाई मलाई लाग्छ यदि यस किसिमबाट अगाडि जाने क्रममा यो प्रदेश यो प्राधिकरणले ठूलो महत्व हुनेछ र भोलिका दिनमा साच्चै नै तपाई हामी सामान्य एउटा जनता मार्ने र जसको भोटको प्रतिनिधित्व हामी गर्छौं हाम्रो चाहना सम्पूर्ण त्यो देब्रे या दाहिने पक्षमा बसेको माननीयहरूको एउटा चाहना सरकारको नेतृत्व त्यस्तै गरेर यो सम्पूर्णको चाहना भनेको प्रदेशलाई सम्वृद्धि बनाउ भन्ने हो र त्यो सम्वृद्धिको गोरेटो कोर्ने काममा यसले  एउटा निर्णायक कोशे ढुङ्गा सावित हुने छ। अपूर्ण रूपमा समर्थन गर्दै आफ्ना भनाई यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सदस्यहरू, अब म आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेको प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु।**

माननीय सभामुख महोदय, गण्डकी विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा हामी छलफल कै क्रममा छौं र छलफलमा उठेका जिज्ञासाहरू वा प्रश्नहरू साथै सुझावहरू का सम्बन्धमा स्पष्ट पार्न पनि म यहाँ उभिएको छु। सर्वप्रथम यो प्राधिकरण विधेयक किन ल्याइयो भन्ने बारेमा धेरै तर्फबाट प्रश्नहरू उठाउने काम, त्यसबारे छलफल गर्ने कामहरू भए। यसको यो किन ल्याइयो भन्ने बारेमा अब जवाफ पनि आइसकेको छ। मैले धेरै व्याख्या गर्नु पर्दैन तर अलि धेरै शुरुशुरुमा के लाग्थ्यो भने यो किन होला संरचना माथि संरचना किन आवश्यक पऱ्यो होला ? भन्ने कुरा शुरुशुरुमा अलि साँच्चै हो कि जस्तो देखिन्थ्यो तर त्यो विस्तारै मत्थारीदै अहिले त्यो धेरै स्पष्ट भइसक्यो भन्ने लाग्छ। व्यवहार मात्रै हामी केही देखिराखेका छौं। मलाई के लाग्छ भने नबुझेरै यसलाई गहिराइ पूर्वक यो विधेयकलाई अध्ययन गर्ने र यसलाई मनन गर्ने भएकै कारणले यसो हुन गएको हो भन्ने लाग्छ। यो विकास प्राधिकरण बन्ने वित्तिकै यि मन्त्रालयका काम सबै खोसिन्छन् सबै यसैले गर्छ भनेर बुझ्नु त्यो सही थिएन। अझ विधेयकले स्पष्ट भनिराको छ। अहिलेसम्म गण्डकी प्रदेश सरकारले नगरेका काम गर्नको

निम्ति यो प्राधिकरणको विकास प्राधिकरणको निर्माण गरिन खोजिँदै छ । गण्डकी प्रदेश सरकारले साझेदारीमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन । संयुक्त लगानीमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन । त्यो काम गर्नको निम्ति यो प्राधिकरणको स्थापना गरेको हो । नेपाल सरकारले पनि यस्ता कामहरू गर्नको निम्ति प्राधिकरण, कम्पनी आदि निर्माण गरेर सञ्चालन गरिराखेको हामी सबैलाई थाहा छ । त्यसकारण यो विषयमा यती भनेपछि अब धेरै जवाफ दिई राख्नु नपर्ला यो स्पष्ट छ । खास गरी साझेदारी, निजी लगानी, तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानी बाट आयोजनाहरूको निर्माण गर्न, छनोट गर्न, स्वीकृति गर्ने कुरा भो त्यसको कार्यन्वयन व्यवस्थापन र त्यसको अनुगमन नियमनको काम गर्नको निम्ति यो विधेयक ल्याइएको छ र अर्को कुरा अब यो लगानीले आकर्षण गर्नको निम्ति वैदेशिक लगानी लगायत निजी क्षेत्रलाई पनि आकर्षि गर्न जरुरी छ र अन्य विविध सम्भावनाहरूलाई समेटेर लगानी आपूर्ति गर्न जरुरी छ तब मात्रै यो गण्डकी प्रदेशले तीब्रतामा विकास गर्न सक्छ । तब मात्रै हामीले अपेक्षा गरेको विकास र समृद्धि सम्भव छ । यसकारण यो अविवेद प्राधिकरण निर्माण गर्न खोजिँदै छ । अझ यसमा अलि बढी के रह्यो भन्दा संरचना माथि संरचना भन्ने त अघि मैले जवाफ दिई सकें । खर्चै माथि खर्च भन्ने पनि जोहो गरियाछ संरचना धेरै भएपछि खर्च धेरै हुन्छ । अब यो यतापट्टि देखियो । यो प्राधिकरण आफै एउटा आयस्रोत हो । गण्डकी प्रदेश सरकारको एउटा स्रोत, आय प्राप्त गर्ने एउटा संरचना बन्न पुग्छ । यो मैले अब धेरै चर्चा गर्नु पर्दैन । प्राधिकरण कोषलाई पढ्ने वित्तिकै धारा ५८ मा प्राधिकरण कोष छ प्राधिकरण कोष कसरी बन्छ ? भन्ने कुरा अध्ययन गर्ने वित्तिकै थाहा हुन्छ । यसले दिने परामर्श सेवा प्राधिकरणले निजी क्षेत्र लगायत विदेशी क्षेत्रलाई दिने परामर्श सेवाबाट पनि आम्दानी हुन्छ । यसले गर्ने ड्रोइङ डिजाइन आदि इत्यादि लगायतका र अन्य सहजीकरण कामहरू गरेर पनि यसले आम्दानी गर्न सक्छ एक र अर्को कुरा प्रदेश सरकारको यो अध्ययन अनुसन्धान त्यसको डिजाइन आदि कुरामा जुन प्रदेश सरकारले खर्च गर्ने गरिराखेको छ त्यो खर्च पनि आफै भनेको मतलब बाहिर जो जानुपरेको छ त्यो पनि त्यो घट्न पुग्छ अर्थात् त्यो खर्च पनि कम हुन पुग्छ र यस्तो खालको एउटा संस्थाको निर्माण गर्न हामी गइराखेका छौं । यसकारण यसमा यसले खर्चको बारेमा यसले बढाउँदैन आधिकारिक परिषद्लाई हेरेर जुन चर्चा गरियो त्यो बारेमा माननीयज्यूहरूले नै यसको जवाफ दिइसक्नु भाछ । मैले यहाँ थप्न खोजेको कुरा आफू पनि एउटा आयोग हो है भनेर राख्न खोजेको हुँ र अर्को कुरा यो खासगरी मुख्यमन्त्रीलाई इंगित गरेर यी विषयहरू उठ्याछन् । यो यहाँ छलफलमा पनि उठ्ने गर्‍याथ्यो कतिपय माननीयज्यूहरूले राख्नु भाथ्यो यस क्रममा अर्को क्याभिनेट नेटवर्क भनेर । अर्को क्याभिनेट नै होइन तर दोस्रो क्याभिनेटको दोस्रो महत्वपूर्ण संस्था चाहि हो । यो समग्र निजी क्षेत्रसँग कति स्रोत छ निजी क्षेत्रसँग भएको पूँजी भनेको कति हो ? त्यो सरकारसित भएको भन्दा

निकै धेरै त्यहाँ माथि वैदेशिक पूँजी लगायतका पूँजीहरूलाई आकर्षित गर्ने भन्ने कुरा धेरै महत्वपूर्ण कुरा भाको हुनाले अब क्याभिनेट पछि मन्त्री परिषद् पछिको महत्वपूर्ण निकाय अथवा महत्वपूर्ण संस्था नै यो भएकाले नै पछि यसलाई त्यो अनुसार समय नै मुख्य मन्त्रीबाट उपलब्धी नहुने कुरै छैन । त्यसकारण यो विषयमा पनि ढुक्क रहन म आग्रह गर्न चाहन्छु र यसमा मैले अरु धेरै कुरा भन्न चाहिने यो प्राधिकरणको नित्य व्यवस्थापनको बारेमा केही कुरा भन्न कानूनमा हामी उल्लेख गर्न जरुरी छ, उल्लेख गर्ने कुरा यहाँ हामीले लेखेका छौं । प्राधिकरणले आन्तरिक नियन्त्रण निर्देशिका र जवाफदेहीता वा पादर्शीताको कार्यविधि जारी गरी कार्यन्वयनमा ल्याउने छ भनी यस बारेमा कतिपय माननीयले मलाई सुझावको रूपमा उठाउनु भएको कुरा मलाई मन्जुर हुनेछ भन्ने विश्वास लिएको छु । यस विषयमा म यति मात्र भन्न चाहन्छु र यो प्रश्नहरूको सन्दर्भमा अब धेरै विषय नऔल्याएर यसको संशोधन पक्षमा जान्न चाहें ।

मलाई के लागेको छ भने यो संशोधन प्रस्ताव माननीय मणिभद्रा शर्मा र माननीय विन्दुकुमार थापाजीले पेश गर्नु भाको थियो र यो संशोधन प्रस्तावको बारेमा मैले अरु बेला अन्य विधेयकमा पनि यस्ता स्थिति आउलान् भनेर यहाँ अलिकति छलफल गर्न चाहें । के यो संशोधन भनेको के हो ? संशोधन भनेको कुनै पनि विधेयकको मूल स्क्रिपप्रति समर्थन रहँदै त्यसका कतिपय अंशहरूमा संशोधन गर्न आवश्यक छ भन्ने लागेमा त्यो संशोधन प्रस्ताव हुन्छ भन्ने मेरो बुझाइ हो । तर यो संशोधन प्रस्ताव विधेयकको मूल स्क्रिपकै विरुद्ध छ । यसलाई खारेज गर्ने कुरा गर्छ । यसैलाई खारेज गर्ने र गर्छ कसरी संशोधन प्रस्ताव बन्यो यो ? भन्ने एउटा लागिरहेको छ र पनि एक जना सदस्य अब प्रस्ताव राख्नुहुने एक जना सदस्यको अनुसार सकरात्मक नै यहाँ बोल्नु भाछ । यति भनेर भन्न चाहेको कुरा के हो भने यो आवश्यक थिएन । यो संशोधन प्रस्तावकै रूपमा यो आउनु पर्थ्यो । त्यसो भए यस विषयमा कतिपय ठाउँमा हामीले सहजै छलफल गर्न सक्थ्यौं र विज्ञहरूको सुझावको सन्दर्भमा दुई थरी कुरा एक थरी यो संरचना आवश्यकै छैन मूल पक्षनै त्यो गरेर सुझावहरू आए त्यसलाई कसरी सुझाव भन्ने तनी ? सुझाव खारेज गर्ने कुरा आयो र जुन सुझाव आए र त्यो के ता भने हामीले गम्भीरतापूर्व त्यो विषयमा छलफल गरेथ्यौं कतै केही गर्न सकिने हो कि ? भन्ने विषयहरूमा छलफल गर्‍याथ्यौं । मलाई अर्को लागेको कुरा कसैले पनि प्रतिपक्ष दलले पनि सरकारले यो गुजारा चलाउँदै गरोस् भन्ने ठान्नु हुँदैन । सीमित होस् भन्ने लागेको चाहनेले गुजारा त चलेकै छ । यी विधेयकहरू नबन्दा पनि त गुजारा त चलेकै थियो । किन ल्याउनु पऱ्यो भन्ने ढङ्गले सोध्नु हुँदैन । अर्थात कोही पनि गुजारामा सीमित हुनुहुँदैन । यसकारण मैले सरकार गुजारामा सीमित हुन चाहदैन यदि गुजारा भनेको मतलब त्यो अपेक्षा आग्रह गर्नु पनि हुँदैन एउटा महत्वाकांक्षाका साथै सरकार अगाडि बढ्यो भने मात्रै हाम्रो लक्ष्य प्राप्त हुने हो । हाम्रो विकासका, हाम्रा समृद्धिका

लक्ष्यहरू प्राप्त हुने हुन् । यसकारण संशोधन प्रस्ताव राख्नुहुने माननीय सदस्यज्यूहरूले आफ्नो संशोधन प्रस्ताव जुन संशोधन प्रस्ताव हो त ? भनेर मैले प्रश्नै उठाएँ यसलाई फिर्ता लिएर सर्वसमत रूपले यो विधेयकले पारित गर्नको निम्ति सहयोग गर्नुहुने विश्सका साथ विदा हुन्छु हस् त धन्यवाद !

**माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ ।**

**माननीय संशोधन प्रस्ताव प्रस्तुतकर्ता श्री माननीय मणिभद्र शर्मालाई संशोधन फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।**

माननीय सभामुख महोदय, मैले यस विधेयकमा जुनजुन बुँदामा संशोधनका लागि संशोधन होस् भनेर संशोधन दर्ता गराएको थिएँ, हामी मेरो विचारमा नेपाली काँग्रेसको संसदीय दलको विचारमा यी सबै बुँदाहरू उचित छन् र त्यसको आफ्नै महत्व छ । त्यसो हुनाले समग्र माननीयज्यूहरूलाई संसदको पक्षमा आफ्ना अभिमत जाहेर गर्दिन अनुरोध गर्दै मेरा संशोधन फिर्ता नलिने अनुरोध गर्दछु । धन्यवाद ! जय नेपाल !

माननीय सदस्यहरू, माननीय मणिभद्रा शर्माले संवत् २०७७ साल श्रावण २५ गते दर्ता गर्नु भएको संशोधन प्रस्तावतर्फ छलफलको क्रममा फिर्ता नलिन स्वीकार गर्नु भएकोले उक्त संशोधन प्रस्ताव निणार्याथक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको हुन्न भन्ने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्

हुन्न भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले अस्वीकृति भएको घोषणा गर्दछु ।

अब म गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको संशोधनको सम्बन्धमा विधा ऐन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ३ सम्म उल्लेखित संशोधनलाई निणार्याथक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्

हुन्छ भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधा ऐन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ३ सम्म उल्लेखित संशोधन बहुमतले संशोधन बहुमतले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधा ऐन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ३ सम्म उल्लेखित संशोधन र प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निणार्यार्थक प्रस्तुत गर्दछु

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्

हुन्छ भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधा ऐन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ३ सम्म उल्लेखित संशोधन बहुमतले गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा १ देखि ७६ सम्म गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस भनी निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा १ देखि ७६ सम्म गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।**

**प्रस्तावना**

सार्वजनिक निजी, साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजनाको छनोट, स्वीकृति र द्रुत कार्यन्वयन कुशल व्यवस्थापन र प्रभावकारी नियमन र अनुगमन गरी प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउन गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ**

१) यस ऐनको नाम  गण्डकी प्रदेश विकास प्राधिकरण ऐन २०७७ रहेको छ,

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ,

अब म विधेयकको प्रस्तावना र नाम गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनि निणयार्थक प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल श्रावण २२ गते बसेको वैठकमा प्रस्तुत भई विधा ऐन समितिमा दफादार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन

आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

**माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निणयार्थक प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले गण्डकी प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बहुमतले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असोज १३ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।**